सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० फागुन २०८१, शनिबार (2F eb18 atn day) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३०७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सरकारविरुद्ध सडकमा आउँदै विपक्षी दल

समाजवादी मोर्चाको तर्फबाट संयुक्त आन्दोलन तयदेखि दलगत छुट्टाछुट्टै अभियानसम्म, २४ चैतमा काठमाडौंमा जनप्रदर्शन

(विस्तृत पृष्ठ २)

बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न नियमन आयोगको फेरि अवरोध



विद्युत् प्राधिकरणलाई आयोगको निर्देशन- **लाइन नकाटी बक्यौता उठाउन्**

(विस्तृत पृष्ठ ७)

झ्नयाँ

उदाउँदा सांगीतिक ब्यान्ड



● **पवन बराइली**

नयाँ-नयाँ कलाकारको आगमनसँगै ब्यान्ड कल्चर फर्किएको छ। यो सांगीतिक उद्योगका लागि राम्रो हो।

शैलुङमा सय थुम्का र मिनी ग्रेटवाल



● **शब्द : शिवहरि घिमिरे तस्बिर : ज्ञानेन्द्र कार्की**

शैलुङ जानेहरूको बसोबास र खानपान गर्ने ठाउँ हो कालापानी। यहाँ पुग्दा हामीलाई पारिबाट गणेश हिमाल, लाङटाङ, गौरीशंकर, धौलागिरि र नुम्बुर हिमालले हेरिरहेका थिए। हामीले पनि हिमालहरू मुस्कुराइरहेको हेर्‍यौं।

महाशिवरात्रिको महात्म्य



● **बुद्धिनारायण श्रेष्ठ**

'शिव' सबैका आत्मा हुन् र ब्रह्म, सद्गुरु पनि हुन्। शून्य नै शिव हुन्। हरेक अंक शून्यबाटै सुरु हुन्छ र शून्यमै समाहित हुन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल फेरि सम्पत्ति शुद्धीकरणको 'ग्रे' लिस्टमा

वैदेशिक ऋण, अनुदान र लगानी तथा व्यापार प्रभावित हुनुका साथै अन्तर्राष्ट्रिय जगत्मा देशको वित्तीय साख जोखिममा, कालोसूचीबाट जोगिन र 'ग्रे' लिस्टबाट उम्किन प्रणालीगत सुधारका लागि सरकारलाई दुई वर्षको समय

समयअगाडि नै 'ग्रे' लिस्टबाट बाहिर निस्कन्छौं

● **विष्णु पौडेल**, अर्थमन्त्री



विगतमा निर्धारित समयमा निर्धारित काम सम्पन्न गर्न नसक्दा यो परिस्थिति निर्माण भएको हो। पेरिस बैठकबाट नेपालको एक्सन प्लान स्वीकृत भएको छ। एक्सन प्लानअनुसार प्रभावकारी रूपमा काम गरेर निर्धारित समयअगावै ग्रे सूचीबाट बाहिर निस्कन्छौं।

समग्र शासन प्रणाली सुधार गर्ने अवसरको रूपमा लिनुपर्छ

● **महाप्रसाद अधिकारी**, गभर्नर



एफएटिएफ तथा अन्तर्राष्ट्रिय निकायहरूले दिएका सुझाव तथा मार्गनिर्देशनको अनुपालन स्तर र प्रभावकारिताका आधारमा 'ग्रे' सूचीमा पर्ने हो। यो सूचीकरणले नेपालको अर्थतन्त्रमा असर पार्नेछ। यद्यपि, हालैका वर्षमा हासिल गरिएका उपलब्धिले थप सुधार गर्ने बलियो आधार तयार पारेका छन्। 'ग्रे' सूचीलाई समग्र शासन प्रणाली सुधार गर्ने अवसरको रूपमा लिनुपर्छ।

पवन तिमिल्सिना / नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी मापदण्ड तय गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई 'ग्रे' सूचीमा राखेको छ। यससँगै वैदेशिक ऋण, अनुदान र लगानी तथा व्यापार प्रभावित हुनुका साथै अन्तर्राष्ट्रिय जगत्मा देशको वित्तीय साख जोखिममा परेको छ। सरकारले आगामी दुई वर्षभित्र प्रणालीगत सुधार नगरे नेपाल कालोसूचीमा नै पर्नेछ। यसअघि सन् २००८ देखि ०१४ सम्म पनि नेपाल ग्रे सूचीमा थियो।

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण तथा प्रणालीमा थप सुधार

» पृष्ठ २ मा क्रमशः



■ के असर पर्छ ?

वैदेशिक ऋण, अनुदान, लगानी, व्यापार र अन्तर्राष्ट्रिय वित्तीय सम्बन्धमा असर पर्नेछ। नेपाललाई उच्च जोखिमयुक्त देशका रूपमा हेरिने भएकाले विदेशी लगानीमा कमी आउन सक्छ। यसले वैदेशिक सहायता र व्यापारमा असर पर्ने हुँदा वित्तीय कारोबारमा थप निगरानी र कडाइ हुनेछ।

■ कसरी जोगिने ?

सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानीसम्बन्धी जोखिमबारे बुझाइमा, वाणिज्य बैंकहरूको जोखिममा आधारित सुपरिवेक्षणमा, सहकारी संस्थाहरू, क्यासिनो, सुनचाँदी तथा बहुमूल्य धातुको कारोबार र घरजग्गा क्षेत्रको सुपरिवेक्षणमा, हुन्डी कारोबारीको पहिचान र कारोबारमाथि निषेधमा, सम्पत्ति शुद्धीकरण अनुसन्धान गर्ने निकायको क्षमता र संयोजन विस्तारमा, सम्पत्ति शुद्धीकरण अनुसन्धान र अभियोजनमा, जोखिमका आधारमा अपराधको पहिचान र जफतसम्बन्धी मापक तयारमा र आतंकवादमा हुने लगानीको नियन्त्रणका लागि प्राविधिक कमजोरीमा नेपालले सुधार गर्नुपर्ने हुन्छ।

कालोसूचीबाट जोगिन र 'ग्रे' सूचीबाट मुक्ति पाउन प्रणालीगत सुधार गर्नुपर्छ



● **नरबहादुर थापा**
पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

'ग्रे' सूचीमा परेपछि कालोसूचीमा पर्ने जोखिम रहन्छ। अब दुई वर्षभित्र प्रणालीगत सुधार गरेनौं भने कालोसूचीमा पर्न सक्छौं। जहाँ, उत्तर कोरिया, म्यानमार र इरानजस्ता देश छन्। त्यस्तो अवस्था नेपालका लागि अत्यन्त गम्भीर हुन्छ। सुधारमा ढिलाइ भयो भने वैदेशिक लगानीमा कमी आउने, वैदेशिक सहयोगमा असर पर्ने र अन्तर्राष्ट्रिय व्यापारमा सहजता नहुने समस्या उत्पन्न हुन सक्छन्। यतिबेला नेपाललाई सहयोग गर्दै आएका राष्ट्रहरू आर्थिक संकुचनमा परेका छन्। थप सहयोग गर्ने स्थितिमा छैनन्। फ्रान्स, जर्मनी, बेलायत र जापान आफैं संकटमा छन्। बढी सहयोग गर्ने अमेरिकाले पनि महत्त्वपूर्ण सहयोग रोकेको छ। शिक्षा, स्वास्थ्य र सामाजिक कार्यक्रम रोकिने भए। स्तरोन्नतिका लागि नेपालले सुधार गर्नुपर्ने सामाजिक क्षेत्र पनि हो।

नेपाल सन् २००८ देखि २०१४ सम्म 'ग्रे' सूचीमा थियो र सन् २०१२ मा कालोसूचीमा नै पर्ने जोखिम थियो। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले हस्तक्षेप नगरेको भए त्यो खतरा थियो। त्यतिबेला आइएमएफको सक्रियतामा नेपाल 'ग्रे' सूचीबाट मुक्त भएको थियो।

नेपालले आइएमएफको विस्तारित कर्जा कार्यक्रममा सहभागिता जनाएको छ। आर्थिक र वित्तीय सुधारका लागि विभिन्न सर्त स्वीकार गरेको छ। त्यसैले नेपाललाई 'ग्रे' सूचीबाट बाहिर ल्याउन आइएमएफले दिएका सुझाव कार्यान्वयनमा तत्काल जानुपर्ने चुनौती छ। व्यवसायी कालोसूचीमा नपरून् भन्न व्यावसायिक वातावरण बनाउने हो, प्रणालीलाई नै निलम्बन गर्ने होइन। यस्ता कामले नै नेपालमा वित्तीय क्षेत्रको दुरुपयोग भएको भन्ने बुझाइ अन्तर्राष्ट्रिय निकायहरूको हो। अन्तर्राष्ट्रिय व्यापारमा राज्यले तस्करीका लागि वित्तीय क्षेत्र खुकुलो बनाउनुहुँदैन। अर्थतन्त्र चलायमान नहुँदा वित्तीय क्षेत्रको दुरुपयोग नरोक्ने हो भने अब कालोसूचीमा पर्ने जोखिम रहन्छ।

एफएटिएफले 'ग्रे' सूचीमा राख्नु भनेको वित्तीय क्षेत्रको दुरुपयोग रोक्नका लागि हो। वित्तीय क्षेत्रमा असल अभ्यासको पालन गर्न अहिलेको अवस्थामा विशेष ध्यान दिनुपर्ने समय आएको छ। रियल इस्टेट, सुनचाँदी, क्यासिनो, लेखा प्रणाली र कानुन व्यवसायको व्यवस्थितिकरण गर्नुपर्छ। कालोधन नियन्त्रण गर्नका लागि कडा कदम चाल्न आवश्यक छ।

सम्पत्ति शुद्धीकरण विभागको अधिकार कटौती

राजस्व अनुसन्धान विभाग खारेज गर्ने तयारीमा सरकार



सुवास भट्ट / नयाँ पत्रिका

आर्थिक अपराधसम्बन्धी अनुसन्धान तथा अभियोजन गर्ने महत्त्वपूर्ण दुई निकाय सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई सरकारले औचित्यहीन जस्तै बनाएको छ। ०७४ फागुनमा पहिलोपटक प्रधानमन्त्री नियुक्त भएलगतै केपी ओलीले अर्थ मन्त्रालयअन्तर्गतका यी दुवै निकायलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत ल्याएका थिए। त्यसअघि दुवै विभाग अर्थ मन्त्रालयमातहत थिए।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अधिकार यसअघि नै व्यापक रूपमा कटौती गरिसकेको छ भने राजस्व चुहावटका मामिलामा निगरानी गर्ने राजस्व अनुसन्धान विभाग खारेज गर्न उपयुक्त हुने निष्कर्षमा सरकार पुगेको छ। यी दुई विभागलाई आर्थिक अपराधसम्बन्धी सूचना संकलन गर्ने महत्त्वपूर्ण 'इन्टेलिजेन्स युनिट' मानिन्छ।

महत्त्वपूर्ण गुप्तचर संयन्त्र आफ्नो नियन्त्रणमा लिएर शक्तिशाली बन्न खोजेको भन्दै त्यतिबेलै प्रधानमन्त्री ओलीको आलोचना भएको थियो। त्यसपछि बनेका प्रधानमन्त्रीहरूले पनि यी दुई विभाग पुनः अर्थ मन्त्रालयमातहत फर्काउन रुचि राखेनन्।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रमा अनुबन्ध भएपछि त्यससम्बन्धी अपराध नियन्त्रणका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग स्थापना गरिएको थियो। राजस्व अनुसन्धान विभागले राजस्व चुहावट नियन्त्रणका लागि काम गर्दै आएको छ। 'अनुचित गतिविधिमा संलग्न' र अनेकौं विवादपछि कानुनमै संशोधन गरेर सम्पत्ति शुद्धीकरणका अधिकार खोसिएको छ। गत वर्ष सम्पत्ति शुद्धीकरण ऐन संशोधनमार्फत विभागका अधिकांश अधिकार विकेन्द्रित भइसकेका छन्। हालै सरकारले अध्यादेशबाट राजस्व अनुसन्धान विभागको भूमिकालाई साँघुरयाएको छ।

» पृष्ठ २ मा क्रमशः

रिंकु र प्रकृतिका लागि न्याय माग्दै सिराहामा प्रदर्शन



शब्द/तस्बिर : **मणिलाल विश्वकर्मा**

सामूहिक बलात्कारपछि शंकास्पद मृत्यु भएकी सिराहाकी रिंकुकुमारी सदाय र भारतको ओडिसास्थित केआइआइटी विश्वविद्यालयमा अध्ययनरत रूपन्देहीकी प्रकृति लम्सालको अस्वाभाविक मृत्यु घटनामा न्याय माग्दै विद्यार्थीले प्रदर्शन गरेका छन्। सिराहाको गोलबजारस्थित रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीले शुक्रबार 'रिंकु र प्रकृतिलाई न्याय दे', 'घटनामा संलग्न अपराधीलाई कारबाही गर'लगायतका नारासहित बजार क्षेत्र परिक्रमा गरेका छन्। प्रदर्शनमा सहभागी विद्यार्थीले दुवै घटनामा संलग्न दोषीलाई कानुनी कारबाहीका लागि दबाब दिन खोजिएको बताए। रिंकुले २७ माघको राति आफूलाई घरबाटै अपहरण गरेर सामूहिक बलात्कार गरिएको जानकारी गराउँदासमेत पञ्चायतीले आर्थिक लेनदेनमा घटना सामसुम पार्ने निर्णय गरेको थियो। ३० माघको साँझ उनी घरमै मृत भेटिइन्। त्यसैबिच, मधेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री राजकुमार लेखीले शुक्रबार पत्रकार सम्मेलन गर्दै रिंकु सदायको मृत्यु प्रकरणसँग जोडिएका आरोपी छिट्टै पक्राउ पर्ने दाबी गरेका छन्। यसैबिच, दलित समुदायमाथि भइरहेको हिंसा, बलात्कार र अन्तरजातीय विवाह गर्ने जोडीमाथि राज्यसंयन्त्रकै संलग्नतामा भइरहेको दमन गर्नेहरूमाथि कडा कारबाही गर्न सरोकारवालाले माग गरेका छन्।

प्रहरी विधेयकमा ५१ संशोधन

कमलराज भट्ट / नयाँ पत्रिका



गृह मन्त्रालयले १५ माघमा प्रतिनिधिसभामा दर्ता गराएको नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा ५१ वटा संशोधन प्रस्ताव दर्ता भएका छन्। विधेयक पारित भए प्रहरी संगठनभित्र नकारात्मक असर पर्ने भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरिरहेका वेला सांसदहरूले ठुलो संख्यामा संशोधन दर्ता गरेका हुन्।

५ माघमा सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव सभाले पारित गरेको थियो। ७२ घण्टाको संशोधन राख्ने समयमा सांसदबाट ५१ संशोधन प्रस्ताव दर्ता भएको प्रतिनिधिसभा विधेयक शाखा प्रमुख त्रिविक्रम पराजुलीले बताए। प्रहरीको सञ्चालन तथा व्यवस्थापन थप प्रभावकारी बनाउन खोजिएको भन्ने विधेयकको प्रस्तावमै थुप्रै संशोधन परेका छन्।

विधेयकमा उल्लेखित सिडिओले प्रहरी चलाउने व्यवस्थामा पनि संशोधन परेको छ। सांसदहरूले सिडिओले प्रहरी प्रमुखमार्फत निर्देशन दिनुपर्ने संशोधन राखेका छन्। निर्देशन दिँदा स्वतन्त्र अनुसन्धान, न्यायमा अवरोध र नियुक्ति, सरुवा-बढुवामा हस्तक्षेप गर्न नपाउने उल्लेख छ। यसैगरी, जिल्लाको कार्यसम्पादन मूल्यांकनमा सिडिओले प्रहरी प्रमुखलाई अंक दिने प्रावधान हटाउनुपर्ने संशोधन छ।

कार्यसम्पादन मूल्यांकनमा ज्येष्ठतालाई पहिलो आधार मान्नुपर्ने संशोधन पनि छ। अहिले सरकारले कार्यकुशलता, कार्यक्षमतालाई अगाडि राखेर ज्येष्ठतालाई पुछारमा राखेको छ। यसैगरी मन्त्रिपरिषद्ले नियुक्त गर्ने आइजिपीलाई गृहसचिवले होइन, प्रधानमन्त्रीले दर्ज्यानी चिह्न प्रदान

» पृष्ठ २ मा क्रमशः

निजामती विधेयक टुंग्याउन बडूको नेतृत्वमा उपसमिति

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टुंग्याउन संसद्को राज्य व्यवस्था समितिले दिलेन्द्रप्रसाद बडूको नेतृत्वमा ११ सदस्यीय उपसमिति गठन गरेको छ। विधेयकमा दफावार छलफलसहित एक महिनाभित्र टुंग्याउन उपसमितिलाई समय तोकिएको छ। संयोजक बडूले विधेयकमा १० वटा दफामा छलफल भइसकेको उल्लेख गर्दै बाँकी दफामा पनि निरन्तर छलफल गरेर समयसीमाभित्रै टुंग्याउने बताए।

२१ फागुन ०८० मा प्रतिनिधिसभामा दर्ता भएको विधेयक १५ जेठ ०८१ मा समितिमा आएको थियो। जसमा १२४ सांसदका एक हजार ५८३ वटा संशोधन परेका थिए। १० माघदेखि दफावार छलफल सुरु भएको थियो। सरकारले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रको रूपमा विकास गर्न' विधेयक ल्याएको हो।

सरकारविरुद्ध सडकमा आउँदै विपक्षी दल

समाजवादी मोर्चाको तर्फबाट संयुक्त आन्दोलन तयदेखि दलगत छुट्टाछुट्टै अभियानसम्म, २४ चैतमा काठमाडौंमा जनप्रदर्शन

प्रेम गौतम/नयाँ पत्रिका

सरकारका गलत काम र नीतिकाविरुद्ध सदनमा आवाज उठाईरहेका विपक्षी दलहरू सडकसंघर्षतिर जुटेका छन्। उनीहरूले राष्ट्रियता कमजोर भएको, भ्रष्टाचार बढेको, महँगी आकासिएकोजस्ता मुद्दा लिएर सरकारविरुद्ध सडकमा आउने घोषणा गरेका छन्।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सम्मिलित समाजवादी मोर्चाले मोर्चाले २४ चैतमा काठमाडौंमा जनप्रदर्शन तय गरिसकेको छ। दलहरूले पार्टीगतरुपमा पनि संघर्षका कार्यक्रम बनाएका वा बनाउँदै छन्।

मोर्चाले सरकार स्वेच्छाचारी रूपमा अघि बढेर जनविरोधी काम गरेको निष्कर्षसहित सडक आन्दोलनको घोषणा गरेको छ। चैत पहिलो साता मधेश प्रदेशमा खबरदारी-सभा गर्ने मोर्चाको तयारी छ। काठमाडौंमा जनप्रदर्शन गर्नुअघि अन्य ६ प्रदेशमा पनि विरोध कार्यक्रमहरू गर्ने जनाएको छ। तर, मिति तय भएको छैन।

'राष्ट्रियता कमजोर भयो। महँगी र भ्रष्टाचार बढ्यो। जनताले सरकार भएको महसुस नै गर्न पाएनन्। हामी त्यसको विरुद्धमा जनतामा जाँदै छौं,' समाजवादी मोर्चाको अध्यक्षमण्डलका सदस्य एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवले भने।

मोर्चामा आबद्ध दलहरूले संयुक्तबाहेक छुट्टाछुट्टै विरोध कार्यक्रम पनि अघि सारेका छन्। माओवादी केन्द्रले १२ फागुनबाट झापाको कचनकबलबाट हुलाकी राजमार्गकेन्द्रित तराई-मधेश जागरण अभियान सुरु गर्दै छ। अभियान ७ चैतमा कञ्चनपुर पुगेर समापन हुनेछ।

अध्यक्ष प्रचण्डले नेतृत्व गर्ने अभियानमा जनसभा, अन्तर्क्रिया, जनभेटघाटलगायत कार्यक्रम हुने माओवादी महासचिव देव गुरुङले बताए। अभियानमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव, उपमहासचिवहरूका साथै सम्बन्धित प्रदेश र जिल्लाका नेता, जनवर्गीय संगठनका नेता तथा सांस्कृतिक टोली खटिनेछन्।

माओवादीले वैशाखमा पुष्पलाल मध्यपहाडी राजमार्गकेन्द्रित पूर्व-पश्चिम जागरण अभियानको पनि तयारी गरेको छ। विगतमा माओवादी नेतृत्वको सरकारले अघि बढाएका गिरीबन्धु टी स्टेट, नक्कली भुटानी शरणार्थी प्रकरण, बालमन्दिर तथा स्काउटका जग्गालगायत भ्रष्टाचारका फाइल केपी ओली नेतृत्वको सरकारले बन्द गराएको, भ्रष्टाचारमा मुछिएका सत्तारूढ दलका नेता तथा कार्यकर्तालाई उन्मुक्ति दिने प्रपञ्च भएको दाबी माओवादीको छ।

'राष्ट्रियता कमजोर भएको छ। महँगी र भ्रष्टाचारले सीमा नाघिसक्यो। जनजीविकाको विषयमा सरकार बेखबर छ। अभियानको क्रममा यस्ता विषयमा जनतालाई सुसूचित गराउनेछौं,' गुरुङले भने।

एकीकृत समाजवादीले आन्दोलनको कार्ययोजना नै तयार पारेको छ। शुक्रबार जारी केन्द्रीय कमिटी बैठकले अनुमोदन गरेसँगै आन्दोलनको कार्यक्रम अघि बढ्ने महासचिव घनश्याम भुसालले बताए।

'आगामी दिनमा हामी खासगरी श्रमजीवी जनताका लागि जुन वर्ग र समूहसँग उभिनुपर्छ, तिनीहरूसँग मिलेर एउटा राष्ट्रिय आन्दोलन बनाउन जाँदै छौं। यो सत्ताको नालायकी र सडकको अराजकताविरुद्ध जिम्मेवार पार्टीको रूपमा उभिने गरी हामीले निर्णय लिएका छौं। केन्द्रीय कमिटी बैठकबाट अनुमोदन गरेसँगै हाम्रो आन्दोलन अघि बढ्छ,' भुसालले भने।

त्यस्तै, प्रतिपक्षी दल राप्रपाले पनि प्रदेशस्तरीय भण्डाफोर शुरु गरेको छ। गण्डकीको पोखरा, लुम्बिनीको बुटवल, सुदूरपश्चिमको धनगढी, मधेशको जनकपुर, बागमतीको काठमाडौं र कर्णालीको सुर्खेतमा भण्डाफोर कार्यक्रम तय महामन्त्री राजेन्द्र गुरुङले बताए। उनकाअनुसार शुक्रबार गण्डकी प्रदेशबाट शुरु भएको भण्डाफोर कार्यक्रम १७ फागुनमा लुम्बिनी, १८ फागुनमा सुदूरपश्चिम, २१ फागुनमा मधेश, २५ फागुनमा बागमती र २७ फागुनमा कर्णालीमा पुगेर टुंगिनेछ।

एकीकृत समाजवादीमा पार्टी निर्णयविरुद्ध बोल्न प्रतिबन्ध

काठमाडौं/ एकीकृत समाजवादीले पार्टीका नेता-कार्यकर्तालाई लगाम लगाउँदै पार्टी निर्णयबाहिर बोल्न नपाउने गरी प्रतिबन्ध लगाउने प्रस्ताव गरेको छ। केन्द्रीय कमिटीको शुक्रबारको बैठकमा नेता-कार्यकर्ताले पालना गर्नुपर्ने १३ बुँदे आचारसंहिता प्रस्ताव गर्दै अध्यक्ष माधवकुमार नेपालले जथाभावी बोल्न नपाउने प्रस्ताव गरेका हुन्।

'पार्टीका आन्तरिक छलफलमा हरेक सदस्यले स्वतन्त्रतापूर्वक पार्टीका हरेक विषयमा बोल्न र मत राख्न पाइन्छ। तर, पार्टीका निर्णयविरुद्ध आफ्नो पार्टी कमिटीभन्दा बाहिर गएर बोल्न र मत रख्न पाइँदैन,' प्रस्ताव गरिएको आचारसंहितामा छ।

उनले जनवाद र अनुशासनको सन्तुलन मिलाउनुपर्ने प्रस्ताव गर्दै पार्टी सदस्य भइसकेपछि जथाभावी बोल्न नपाइने तथ्य बुझ्न आग्रह पनि गरेका छन्। ३ पेजको संक्षिप्त आचारसंहितामा पार्टीका नेता-कार्यकर्ताले गर्न हुने र नहुने आचरण र व्यवहारसँग सम्बन्धित कामको सूची रहेको छ।

त्यस्तै, मार्क्सवाद-लेनिनवादलाई पार्टीले मार्गदर्शक सिद्धान्त मान्ने भएकाले सबै किसिमका विभेद र शोषणको विरुद्ध आवाज उठाउनु पार्टीका नेता-कार्यकर्ताको मूल्य-मान्यता हुने प्रस्ताव गरिएको छ। 'श्रमको सम्मान गर्ने, श्रमशोषण नगर्ने, आफैं पनि श्रम गर्ने, सबै किसिमका शोषण, दमन र अन्याय, अत्याचारको विरोध गर्ने, सबै किसिमको विभेद र असमानताको विरोध गर्दै समानताको पक्षपोषण गर्ने र समाजको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण अर्थात् आमूल परिवर्तनमा गर्न निरन्तर लागिपर्ने,' आचारसंहितामा उल्लेख गरिएको छ। त्यस्तै, खानपान, रहनसहन, बसउठ सरल र सामान्य हुनपर्ने प्रस्ताव छ।

त्यस्तै, नेता-कार्यकर्ताले वैवाहिक सम्बन्धबाहिर गएर सम्बन्ध राख्न नहुने विषय पनि आचारसंहितामा प्रस्तावित छ। 'हामीले व्यवहारमा यही कम्युनिस्ट नैतिकता प्रदर्शन गर्नुपर्दछ, गर्नेछौं। परपुरुष-परस्त्री शारीरिक सम्बन्ध राख्ने र विवाहपूर्व तथा वैवाहिक सम्बन्धबाहिर शारीरिक सम्बन्ध राख्ने कार्य अनैतिक मानिन्छ,' संहितामा भनिएको छ, 'कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताले यस्तो अनैतिक कार्य गर्नुहुँदैन।' त्यस्तै, सादा जीवन, उच्च विचारलाई सूत्र मान्नुपर्ने, बोल्दा अश्लील र अपशब्दको प्रयोग नगर्ने एवं विभेद हुने गरी अभिव्यक्ति दिन नहुने, आर्थिक जीवन र व्यवहार पारदर्शी हुनुपर्ने विषय पनि समेटिएको छ।

गृह मन्त्रालयले 'नो केबलकार समूह'लाई फेरि वार्तामा बोलायो

ताप्लेजुङ/ गृह मन्त्रालयले ताप्लेजुङको पाथीभरामा केबलकार निर्माणको विरोधमा आन्दोलनरत 'नो केबलकार समूह'लाई पुनः वार्तामा आउन आह्वान गरेको छ। गत १० माघमा गृह मन्त्रालयले गठन गरेको वार्ता टोलीका संयोजक सहसचिव प्रेमप्रसाद भट्टराईले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै आन्दोलनरत समूहलाई पुनः वार्तामा आउन आग्रह गरेका हुन्।

२२ माघमा 'नो केबलकार' समूहले सरकारसँग ६ बुँदे सहमति भएपछि समूहले आन्दोलन स्थगित गरेको थियो। तर, २७ माघमा मन्त्रालय र आन्दोलनरत पक्षको वार्ता विनानिष्कर्ष टुंगिएपछि समूहले आन्दोलनको थप कार्यक्रम घोषणा गरेको थियो।

विज्ञप्तिमा पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा देखिएको समस्याको शान्तिपूर्ण समाधानका लागि टोली सक्रिय रहेको उल्लेख गरिएको छ। तर, वार्ता समिति पदाधिकारीले भने कर्मचारीसँग वार्ता गर्न अस्वीकार गर्दै राजनीतिक नेतृत्वसँग मात्रै वार्ता गर्ने सर्त राख्दै आएका छन्।

ताप्लेजुङमा रहेको पाथीभारा मन्दिरसम्म पुग्ने केबलकार परियोजना निर्माणको विषयलाई लिएर पछिल्ला दिनमा तनाव चुलिँदै गएको छ। लिम्बूहरूको मुक्कुम्लुङ पाथीभारा तीर्थस्थल मासिने भन्दै स्थानीय लिम्बू समुदायमध्येका केहीले 'नो केबलकार' भन्दै आन्दोलन गर्दै आएका छन्। अर्कोतिर केही दिनअघि केबलकार निर्माणको पक्षमा पनि ठुलो जनप्रदर्शन भएको थियो।

बिहीबार प्रहरी र आन्दोलनकारीबिचको झडपमा १३ जना घाइते भएका छन्। प्रदर्शनमा जनपद प्रहरीतर्फ ६ जना घाइते भएको र सशस्त्र प्रहरीतर्फ पाँचजना सुरक्षाकर्मी घाइते भएका थिए।

नेपाल...

पृष्ठ १ बाट क्रमशः

गर्नुपर्ने देखिएपछि एफएटिएफको ग्रे सूचीमा परेको हो। एफएटिएफ ग्लोबल नेटवर्कका दुई सय सदस्य र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), संयुक्त राष्ट्रसंघ, विश्व बैंक, इन्टरपोल र एगमोन्ट ग्रुप अफ फाइनान्सियल इन्टेलिजेन्स युनिट्सलगायत पर्यवेक्षक संस्थाका प्रतिनिधि सम्मिलित पेरिसमा भएको तीनदिने प्लेनरी बैठकले नेपाललाई ग्रे सूचीमा राखेको हो।

विज्ञहरूका अनुसार ग्रे सूचीमा परेपछि यसको प्रत्यक्ष असर व्यापार, लगानी र अन्तर्राष्ट्रिय सम्बन्धमा पर्नेछ। नेपाललाई उच्च जोखिमयुक्त देशका रूपमा हेरिने भएकाले विदेशी लगानीमा कमी आउन सक्छ। यसले वैदेशिक सहायता र व्यापारमा असर पर्ने हुँदा वित्तीय कारोबारमा थप निगरानी र कडाइ हुनेछ। विज्ञहरूका अनुसार नेपाललाई आर्थिक सुधार गर्न नसक्ने र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्त पोषण रोक्न अक्षम देशका रूपमा हेर्दिँदा धमिलो आर्थिक छवि रहनेछ।

छिट्टै आवश्यक सुधार गर्न सकेन भने नेपाल कालोसूचीमा पर्ने जोखिम हुन्छ। ग्रे सूचीमा पर्ने देश एफएटिएफको बढ्दो निगरानीमा परेको मानिन्छ। अर्थात् यस्ता देशले सम्पत्ति शुद्धीकरण, आतंकवाद र सम्बन्धित विषयलाई नियन्त्रण गर्न र प्रणालीगत सुधार ल्याउन एफएटिएफसँग सहकार्य गर्नुपर्ने हुन्छ।

एफएटिएफका अनुसार कालोसूचीबाट जोगिन नेपालले सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानीसम्बन्धी जोखिमबारे बुझाइमा, वाणिज्य बैंकहरूको जोखिममा आधारित सुपेरिवेक्षणमा सुधार, सहकारी संस्थाहरू, क्यासिनो, सुनचाँदी तथा बहुमूल्य धातुको कारोबार र घरजग्गा क्षेत्रको सुपरिवेक्षणमा, हुन्डी कारोबारीको पहिचान र हुन्डी तथा अनौपचारिक कारोबारमाथि निषेधमा, सम्पत्ति शुद्धीकरण अनुसन्धान गर्ने निकायको क्षमता र संयोजन विस्तारमा, सम्पत्ति शुद्धीकरण अनुसन्धान र अभियोजनमा, जोखिमका आधारमा अपराधको पहिचान र जफतसम्बन्धी मापक तयारमा र आतंकवादमा हुने लगानीको नियन्त्रणका लागि प्राविधिक कमजोरीमा सुधार गर्नुपर्ने हुन्छ।

नेपालसँगै लाओस पनि ग्रे सूचीमा परेको छ। सुधार गरेको भन्दै फिलिपिन्सलाई भने एफएटिएफले सूचीबाट हटाएको छ। सम्बद्ध अधिकारी र विज्ञहरूका अनुसार कालोसूचीमा नपर्न नेपालले 'कार्ययोजनाबमोजिम काम गर्नुपर्ने, गत वर्ष हतारमा ऐन संशोधन गरियो, यसलाई पुनर्विचार गर्नुपर्ने, नियामक र अनुसन्धानात्मक निकाय तात्नुपर्ने, साथै नतिजा प्रमाणमा र जफतमा देखिनुपर्ने' हुन्छ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल निर्धारित समयअगावै ग्रे सूचीबाट बाहिर निस्कने बताएका छन्। एफएटिएफले नेपाललाई ग्रे सूचीमा राखेपछि प्रतिक्रिया दिँदै उनले भने, 'विगतमा निर्धारित समयमा निर्धारित काम सम्पन्न गर्न नसक्दा यो परिस्थिति निर्माण भएको हो। पेरिस बैठकबाट नेपालको एक्सन प्लान स्वीकृत भएको छ। एक्सन प्लानअनुसार प्रभावकारी रूपमा काम गरेर निर्धारित समयअगावै ग्रे सूचीबाट बाहिर निस्कन्छौं।'

गभर्नर महाप्रसाद अधिकारीले ग्रे सूचीलाई समग्र शासन प्रणाली सुधार गर्ने अवसरका रूपमा लिनुपर्ने बताए। 'एफएटिएफ तथा अन्तर्राष्ट्रिय निकायहरूले दिएका सुझाव तथा मार्गनिर्देशनको अनुपालन स्तर र प्रभावकारिताका आधारमा 'ग्रे' सूचीमा पर्ने हो। यो सूचीकरणले नेपालको अर्थतन्त्रमा असर पार्नेछ। यद्यपि, हालैका वर्षमा हासिल गरिएका उपलब्धिले थप सुधार गर्ने बलियो आधार तयार पारेका छन्। ग्रे सूचीलाई समग्र शासन प्रणाली सुधार गर्ने अवसरका रूपमा लिनुपर्छ,' उनले भने।

नेपाली अधिकारीहरूका अनुसार ग्रे सूचीमा परेको भनेको अब उसले दिएको कार्ययोजनामा काम गर्न बाध्य हुनु हो। 'सबै निकायले काम नगरी उम्कन गाह्रो छ। यसले समग्र अर्थतन्त्र तथा आर्थिक कूटनीतिमा असर गर्दछ,' सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक सुमन दाहाल भन्छन्, 'नागरिक तहमा पनि यसले असर गर्न सक्छ, जस्तै विप्रेषण आयमै सरचार्ज लाग्न सक्ने भएकाले अनौपचारिक माध्यम मौलाउन सक्छ। आर्थिक गतिविधिको लागत बढ्न सक्छ।'

सन् २०२२ को जुनमा सुरु भएको नेपालको पारस्परिक मूल्यांकन प्रक्रियाले देशको सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन र अपराधलाई बढावा दिने गैरकानुनी वित्तीय कारोबार नियन्त्रणसम्बन्धी कानुनी संरचनामा धेरै कमीकमजोरी पहिचान गरेको थियो। अस्ट्रेलिया, बंगलादेश, फिजी, मलेसिया, न्युजिल्यान्ड, फिलिपिन्स र श्रीलंकाका विज्ञहरू समावेश एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपिजी)को टोलीले सुधारका लागि ११ वटा सुझाव सिफारिस गरेको थियो।

पछिल्लो समय वित्तीय कारबाही कार्यदलले १०-१० वर्षमा देशहरूको पारस्परिक मूल्यांकन गर्ने भए पनि सन् २०१० पछि कोभिडका कारण नेपाल २०२२ मा मात्र एफएटिएफ मूल्यांकनमा पर्‍यो। र, उसले प्रतिवेदन २०२३ मा दियो।

अधिकारीहरूका अनुसार प्रतिवेदनमा नेपालको कार्यसम्पादन राम्रो देखिएन।

'त्यसमा उसले एक वर्षको म्याद दिएर अब्जर्भेसनमा राखेर प्रतिवेदन माग्यो। हामीले सकेको गर्‍यौं, तर त्यसमा पनि उसले चित्त नबुझाएपछि अहिले उसले गहन अनुगमनमा राखेको हो। २०१० देखि २०२४ अक्टोबरसम्मको अवधिमा गरिएका कामकारबाहीलाई हेर्नुपर्छ,' महानिर्देशक दाहालले भने, 'यो १४ वर्षमा हामीले मुलुकलाई अन्तरिम संविधानदेखि गणतन्त्रसहितको नयाँ संविधानबमोजिम रूपान्तरण गर्न खोज्यौं। यसमा हाम्रो ठुलो श्रम र शक्ति बजेट खर्च भयो।'

उनका अनुसार कतिपय क्षेत्रहरू, जस्तै सहकारी र जग्गाको कारोबारको निगरानीमा तीन तहको स्पष्ट कार्यविभाजन हुन सकेन। 'नियामकहरू विशेष गरेर राष्ट्र बैंक, धितोपत्र बोर्ड र बिमा प्राधिकरणबाट सूचक संस्थाहरूलाई खासै कारबाही भएन। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पनि ठुला र बढी जोखिम भएका मुद्दामा केन्द्रित हुनुपर्नेमा मोलमोलाइको अड्डाका रूपमा चिनियो,' उनले भने, '०६४ को ऐन संशोधन ०७६ मै पेस गरिएकोमा ०८० चैतमा मात्र पास भयो। त्यसमा पनि अनुसन्धानका जिम्मेवारीहरू छरपस्ट पारेर अनुसन्धानलाई कमजोर बनाइयो।'

उनका अनुसार खासमा सम्पत्ति शुद्धीकरण कस्तो अपराध हो र यसको रोकथाम नियन्त्रणमा के गर्नुपर्ने हो भन्ने विषयमा नेता र कर्मचारीले ध्यान दिएनन्। 'सम्पत्ति शुद्धीकरणमा अभियोजन पर्याप्त भएन। भएकै अभियोजनमा पनि पर्याप्त फैसला भएनन्। फैसला भएर ठहर भएकै कसुरजन्य सम्पत्ति पनि आरोपीले नै उपयोग गरिरहे। सरकारको ढुकुटीमा आएन,' उनले भने।

महानिर्देशक दाहालका अनुसार नेपाल ग्रे सूचीमा परेको भनेको अब एफएटिएफले दिएको सुधारका कार्ययोजना नेपालले पालना गर्नुपर्छ भन्ने अर्थ लाग्छ। यसका लागि उसले प्रस्ताव गरेका कार्ययोजनाको म्याद सन् २०२७ जनवरीसम्म छ। गत वर्ष नेपालले हतारमा विभिन्न ऐन संशोधन गरेको थियो। यसलाई पुनर्विचार गर्नुपर्ने उनको भनाइ छ। त्यस्तै, नियामक र अनुसन्धानात्मक निकायहरूले सक्रियता देखाउनुपर्ने र नतिजा निकाल्नुपर्ने उनको तर्क छ।

नेपाल यसअघि सन् २००८ देखि २०१४ सम्म ग्रे सूचीमा थियो। त्यस्तै, सन् २०१२ मा नेपाल कालोसूचीमा पर्नै लाग्दा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को पहलमा जोगिएको नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए। उनका अनुसार आइएमएफको पहलमा आवश्यक कानुनी र संस्थागत संरचनाको व्यवस्था गरेपछि देशलाई सूचीबाट हटाइएको थियो।

थापाले नेपाल ग्रे सूचीमा नपर्दासम्म बिस्तारै सुधार गर्ने छुटको लाभ लिइरहेकोमा अब दुई वर्षभित्र व्यापक सुधार गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा रहेको बताए। 'नेपाललाई ग्रे सूचीमा पर्नुअघि प्रणालीगत सुधार गर्न हतारो हुँदैन थियो भने अब ग्रे सूचीमा परेपछि दुई वर्षभित्र सुधार गर्नुपर्ने चुनौती छ। अब बिस्तारै सुधार गर्छु भन्ने नभई चाँडै गर्नुपर्छ भन्ने हो। अब ढिलाइ गर्ने सुविधा छैन,' थापाले भने।

नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने चरणमा रहेको वेलामा 'ग्रे' सूचीमा पर्दा थप चुनौती थपिएको उनको बुझाइ छ। उनले यसकारण वैदेशिक सहायतामा कटौती हुने जोखिम बढेको पनि बताए। अहिलेसम्म उत्तर कोरिया, म्यानमार र इरान कालोसूचीमा छन्। कालोसूचीमा पर्‍यो भने नेपालको अर्थतन्त्रले धान्न नसक्ने उनको बुझाइ छ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगर

आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना

प्रकाशन मिति २०८१/११/१०

यस कार्यालयबाट मिति २०८१/०९/२६ गते नयाँ पत्रिका दैनिक र bolpatra.gov.np/egp मार्फत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र प्राप्त तपशित बमोजिमका बोलपत्रदाताको प्राविधिक प्रस्ताव स्वीकृत भएको र उक्त बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८१/११/१८ गते दिनको १:०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकाले सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	बोलपत्र नम्बर	आयोजनाको नाम	प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताहरु	कैफियत
१	08/81-82/WQIP/FWSSMP_BRT	Construction and Installation of Mechanical Treatment Plant for Damak, Khanar and Sundarpur Water Quality Improvement Project, Jhapa, Sunsari and Morang	Dev Engineering Pvt. Ltd. Hattigauda, Kathmandu	

आयोजना प्रमुख

प्रहरी...

पृष्ठ १ बाट क्रमशः

गरी शपथग्रहण गराउने संशोधन पनि परेको छ। पक्राउ परेको व्यक्तिलाई हतकडी लगाउन स्पष्ट आधार दिनुपर्ने, सामान्य अवस्थामा हतकडी लगाउन नहुने संशोधन परेको छ। प्रहरी कर्मचारी स्वस्थ, तन्दुरुस्त, धेरै मोटो नभई फिट हुनुपर्ने संशोधन पनि परेको छ। इन्स्पेक्टरको छनोट सेक्सन अफिसरसँगै लोकसेवाको संयुक्त प्रक्रियाबाट हुने, अफिसरको तालिम लिएपछि प्रहरी निरीक्षकको तालिम लिनुपर्ने संशोधन पनि परेको छ। प्रहरी संगठनभित्र हुने समस्या उजुरी गर्न मानव अधिकार आयोगमा सुरक्षित, निष्पक्ष, पहुँचयोग्य र प्रत्यक्ष प्रणाली विकास गर्ने पनि सांसदहरूको संशोधन छ।

कांग्रेसका दिलेन्द्र बडू, सञ्जय गौतम, राजन केसी, राजेन्द्र बजगाईं र मैना कार्कीले संयुक्त रूपमा प्रस्तावनामै संशोधन राखेका छन्। जनपदतर्फ ६ र प्राविधिकतर्फ पाँचवटा उपसमूह राख्नुपर्ने प्रस्ताव छ।

संशोधनमा प्रहरीको सुपरिवेक्षण र निर्देशन सरकारले गर्ने, जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्थासम्बन्धी प्रशासनका सन्दर्भमा सिडिओले प्रहरीलाई आवश्यक निर्देशन गर्न सक्ने, प्रहरी कर्मचारीलाई निर्देशन दिने वा समन्वय गर्दा प्रहरी प्रमुखमार्फत सिडिओकहाँ जानुपर्ने भनिएको छ।

असइ पूर्ण रूपमा आन्तरिकबाट, सइ खुला ६० र ४० प्रतिशत आन्तरिक र इन्स्पेक्टर खुला ४० र आन्तरिकबाट ६० प्रतिशत पदपूर्ति गर्नुपर्ने प्रस्ताव छ। वरिष्ठ सइ पद सिर्जना भएर पदोन्नति हुँदा एकातिर माथिल्लो अधिकृत पदमा बढुवा अवरुद्ध भएको र अर्कोतिर स्थानीय तहमा अधिकृत (इन्स्पेक्टर)को पद ठुलो संख्यामा (३०७) रिक्त रहेकाले एकपटकका लागि आवश्यक संख्यामा अधिकृत (इन्स्पेक्टर) पदपूर्ति गरी दरबन्दी ओएनएम गर्नुपर्ने संशोधन छ।

कांग्रेस सांसदहरूको संशोधनमा पदपूर्ति समिति लोकसेवा आयोगको अध्यक्षको नेतृत्वमा गठन हुनुपर्ने प्रस्ताव छ। गृहसचिव, आइजिपी, एआइजी र विषयविज्ञ सदस्य हुने भनिएको छ। इन्स्पेक्टरभन्दा तल पदपूर्ति गर्न लोकसेवा आयोगको प्रतिनिधिसमेत पाँच सदस्यीय उपसमिति गठन गर्ने प्रस्ताव छ।

संशोधनमा आइजिपी, एआइजी, डिआइजी र एसएसपी सरकारले नियुक्त गर्ने, एसपी र डिएसपी गृहसचिवले नियुक्त गर्ने, इन्स्पेक्टर, वरिष्ठ सइ र सइ आइजिपीले नियुक्त गर्ने, असइ एआइजी तथा डिआइजीले नियुक्त गर्ने, वरिष्ठ हवल्दार र हवल्दार एसएसपीले नियुक्त गर्ने, सहायक हवल्दार र जवान एसपीले नियुक्त गर्ने, कार्यालय सहयोगी डिएसपीले नियुक्त गर्ने उल्लेख छ।

प्रदेशमा बाहेक एसएसपी, एसपी, डिएसपी र इन्स्पेक्टरको सरुवा आइजिपीले गर्ने र प्रदेशमा गर्दा आइजिपीको सिफारिसमा सरकारले गर्ने प्रस्ताव संशोधनमा छ।

एआइजी, डिआइजी र एसएसपीको बढुवाका लागि लोकसेवा आयोगको अध्यक्षको नेतृत्वमा आइजिपी र कुनै एआइजी सदस्य रहेको बढुवा समिति हुनुपर्ने भनिएको छ। एसपी, डिएसपी र इन्स्पेक्टरको बढुवाका लागि आइजिपीको अध्यक्षतामा एआइजी र डिआइजी रहने गरी तीन सदस्यीय समिति हुने भनिएको छ।

संशोधनमा पेन्सन पाउने अवधि पुगेको र एउटै पदमा पाँच वर्ष काम गरेर अनिवार्य अवकाशको महिना दिन बाँकी रहँदा एक तह विशेष बढुवा दिने प्रस्ताव गरिएको छ।

संशोधनमा प्रहरी अस्पतालमा विशेषज्ञता हासिल गरेका प्राविधिक डिआइजी, एसएसपी र एसपीको हकमा तथा प्रहरी फरेन्सिक ल्याबमा कार्यरत विशेषज्ञ एसपीको हकमा पदावधि लागू नहुने प्रस्ताव छ। प्रहरी अस्पतालको एआइजीको पदावधि भने दुई वर्ष हुनुपर्ने भनिएको छ।

संशोधनमा ऐनबमोजिम मन्त्रालयले नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउँदा आइजिपीको सिफारिस लिनुपर्ने भनिएको छ।

संशोधनमा तीव्र जनसंख्या वृद्धि र सहरीकरण भएका सहरहरूमा आवश्यकताअनुसार अर्धन्यायिक अधिकारसहितको प्रहरी आयुक्तीय प्रणाली लागू गर्न सकिने प्रस्ताव पनि छ।

एमालेका सचिव योगेश भट्टराईले पनि प्रस्तावनामै संशोधन राखेका छन्। प्रहरी सेवाका आधारभूत सिद्धान्तहरू, प्रहरी र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार, प्रहरी सेवा प्राप्त गर्ने नागरिकको अधिकारमा पनि उनको संशोधन छ। प्रहरी उपसमूह थप्नुपर्ने, शैक्षिक योग्यता र प्रशिक्षण क्षमताका आधारमा खटाउनुपर्ने, मापदण्ड पूरा गरेमा सेवा समूह परिवर्तन हुन सक्ने, विशिष्टीकृत ब्युरो हुनुपर्ने प्रस्ताव छ। प्रहरीको निर्देशन, नियन्त्रण र सुपरिवेक्षण नेपाल सरकार/गृह मन्त्रालयले गर्ने, सिडिओको निर्देशन र सुपरिवेक्षण हुने, प्रहरी प्रमुखमार्फत सिडिओले आदेश वा निर्देश गर्ने भट्टराईको संशोधन छ। प्रहरीको सञ्चालन प्रशासन, परिचालन र नियन्त्रण सरकारको निर्देशनमा आइजिपीबाट हुने भनिएको छ।

आइजिपीको नियुक्ति एआइजीहरू वा एआइजीहरू नभएको अवस्थामा डिआइजीहरूबाट ज्येष्ठता, कार्यक्षमता, कार्यकुशलता, उत्तरदायित्व बहस गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिका कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा सरकारले छनोट गरी नियुक्ति गर्ने भट्टराईको संशोधन छ।

पदपूर्ति समिति लोकसेवा आयोगको अध्यक्षको नेतृत्वमा हुने, संघीय प्रहरी समन्वय समिति रहने, प्रहरी सहचारीको व्यवस्था, नीति निर्माण समिति गठन, गृहमा प्रहरी समन्वय डेस्क, अवकाश कर्मचारीलाई विशेष परिस्थितिमा काममा लगाउन सक्ने, समायोजन भएकाको अन्तरप्रदेश सरुवा, प्रहरी विशेष अदालतको अध्यक्षमा उच्च अदालतको न्यायाधीश हुने प्रस्ताव भट्टराईको संशोधनमा छ।

माओवादीका पूर्णबहादुर घर्तीले प्रहरी सेवालाई जनमैत्री बनाउन आधारभूत सिद्धान्तहरू, प्रहरी सेवा पाउने नागरिकको अधिकारहरू, प्रहरीको काम, कर्तव्य, अधिकार स्पष्ट पार्न संशोधनको प्रस्ताव गरेका छन्। शैक्षिक योग्यता र तालिमको प्रदर्शन क्षमताका आधारमा विभिन्न उपसमूहमा खटाउने प्रस्ताव गरेका छन्। सीमापार र अन्तरदेशीय अपराध, हिंसात्मक अतिवादी क्रियाकलापलगायत संगठित वा जटिल प्रकृतिका अपराधहरूको सूचना संकलन, अनुसन्धान तथा नियन्त्रणका निमित्त विशिष्टीकृत ब्युरोको स्थापना गर्न सकिने प्रस्ताव घर्तीले गरेका छन्।

प्रचलित कानुन र सरकारले दिएको निर्देशनबमोजिम प्रहरी प्रधान कार्यालय र मातहतका सबै कार्यालयको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण, रेखदेख आइजिपी वा उनले तोकेको प्रहरी अधिकारीबाट हुने लेख्नुपर्ने घर्तीको संशोधन छ।

घर्तीले पनि प्रहरी कर्मचारीको परिचालनमा सिडिओले निर्देशन प्रहरी प्रमुखमार्फत दिनुपर्ने संशोधन राखेका छन्। निर्देशन दिँदा स्वतन्त्र अनुसन्धानमा हस्तक्षेप वा न्यायमा अवरोध र नियुक्ति, सरुवा, बढुवा, तालिम ऐनविपरीत हुने गरी दिन नपाउने भनिएको छ।

घर्तीले आयुक्तीय र ग्रामीण प्रहरीलगायत अन्य प्रणाली अवलम्बन गर्नुपर्ने प्रस्ताव गरेका छन्।

घर्तीको संशोधनमा शारीरिक र मानसिक रूपले स्वस्थ र तन्दुरुस्त प्रहरीको सुनिश्चितता गर्नुपर्ने भनिएको छ। स्वास्थ्य समस्या भएको चिकित्सकबाट प्रमाणित भएबाहेक अरू प्रहरी धेरै मोटो हुन नदिने, फिट हुनुपर्ने उनको संशोधन छ।

भर्ना गर्दा जवानको कक्षा १०, सइको १२ र इन्स्पेक्टरको स्नातक (ब्याचलर) उत्तीर्ण हुनुपर्ने पनि संशोधन छ। इन्स्पेक्टर पदपूर्ति गर्दा निजामती शाखा अधिकृतसँगै एउटै छनोट प्रक्रियाबाट छनोट गर्ने र शाखा अधिकृतसँगै तालिम गराएर अनि इन्स्पेक्टरको छुट्टै तालिम दिनुपर्ने घर्तीको प्रस्ताव छ।

घर्तीले जिल्लाको कार्यसम्पादन मूल्यांकनमा सिडिओले प्रहरी प्रमुखलाई अंक दिने प्रावधान हटाउनुपर्ने संशोधन राखेका छन्। अनुसन्धानलाई वैज्ञानिक, प्रमाणमुखी र प्रभावकारी बनाउन स्वायत्त फरेन्सिक ल्याबको प्रस्ताव संशोधनमा छ।

रास्वपाकी चन्दा कार्की भण्डारीले प्रस्तावनामा जनउत्तरदायी र नागरिकमैत्री शब्द थप्न संशोधन राखेकी छिन्। प्रहरीका आधारभूत सिद्धान्त, उपसमूहहरू पनि परिमार्जन गर्न भनिएको छ। शैक्षिक योग्यता र तालिम प्रदर्शन क्षमताका आधारमा उपसमूहमा खटाउने र मापदण्डअनुसार उपसमूहमा सरुवा हुने भनिएको छ।

आइजिपीको नियुक्ति गर्दा एआइजी र एआइजी नभएको अवस्थामा डिआइजीबाट ज्येष्ठता, कार्यक्षमता, कार्यकुशलता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा गर्नुपर्ने संशोधनमा भनिएको छ।

रास्वपाले पनि मन्त्रिपरिषद्बाट नियुक्त आइजिपीलाई प्रधानमन्त्रीले र प्रधानमन्त्री अनुपस्थित रहेमा गृहमन्त्रीले दर्ज्यानी चिह्न प्रदान गरी शपथग्रहण गराउने व्यवस्था प्रस्ताव गरेको छ।

रास्वपाले असइ बढुवा सय प्रतिशत, सइ ६० खुला र ४० प्रतिशत बढुवा तथा इन्स्पेक्टर ५०/५० प्रतिशत भनेको छ। जवानको शैक्षिक योग्यता एसइई उत्तीर्ण, इन्स्पेक्टरको भर्ना निजामती शाखा अधिकृतसँगै संयुक्त गर्नुपर्ने पनि भनिएको छ। बढुवा समिति लोकसेवा आयोगको अध्यक्षको नेतृत्वमा हुने भनिएको छ।

रास्वपाकी सुमना श्रेष्ठले प्रहरी सेवामा सामेल भएका तत्कालीन माओवादी लडाकुहरूको उचित व्यवस्थापन, आन्तरिक रूपमा उत्प्रेरित तथा वृति विकासका लागि छुट्टै समिति गठन गर्ने, प्रहरी कर्मचारी पोस्टिङ भएको ठाउँमा सन्तानलाई गुणस्तरीय अध्ययनको अवसरको प्रस्ताव गरेकी छिन्। एकीकृत समाजवादीका भानुभक्त जोशी र अम्मरबहादुर थापाले शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्न सिडिओले सीधै प्रहरीलाई निर्देशन दिनेभन्दा जिल्ला प्रहरी प्रमुखमार्फत प्रहरी कर्मचारीलाई आदेश दिनुपर्ने संशोधन राखेका छन्।

राजस्व...

पृष्ठ १ बाट क्रमशः

हालै सरकारले अध्यादेशबाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का विभिन्न व्यवस्थामा संशोधन गरेको छ। यसमार्फत ५० लाख रुपैयाँभन्दा बढीको राजस्व चुहावट भएकामा मुद्दा दायर गर्ने साबिकको व्यवस्था संशोधन गरेर अब तीन करोड रुपैयाँसम्मको चुहावटमा मात्र मुद्दा चल्ने व्यवस्था गरिएको छ। त्यस्तै, मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिवाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा मुद्दा नचलाउने निर्णय गर्न सक्ने, मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्ने, जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकामा बाहेक प्रतिवादीउपर दायर भएको मुद्दा फिर्ता लिन सकिनेलगायतका संशोधन छन्। यसबाहेक राजस्व छलीमा सकेसम्म मुद्दै नचलाउने, टुंगिएका र विचाराधीन मुद्दा पनि फिर्ता लिन सक्नेलगायतका प्रावधान राखिएका छन्।

गत ३० चैत ०८० मा जारी सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० ले सम्बद्ध कसुरको अनुसन्धान गरिरहेका संस्थाबाटै सम्पत्ति शुद्धीकरणमा पनि अनुसन्धान गर्ने गरी बाटो खोलिदिएपछि विभागको अधिकार विकेन्द्रित भइसकेको छ। यसअघि विभागले मात्रै एकद्वार रूपमा सम्पत्ति शुद्धीकरणको अनुसन्धान र अभियोजन गर्दै आएको थियो।

संशोधित ऐनले प्रहरी, अख्तियार, वन कार्यालय, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय निकुञ्जलगायत १३ निकायले सम्बद्ध कसुरसँगै सम्पत्ति शुद्धीकरणसम्बन्धीसमेत अनुसन्धान गर्न पाउने व्यवस्था गरिदिएको छ। अधिकार विकेन्द्रित भएपछि विभागको क्षेत्र साँघुरिएको छ। संशोधित ऐनले अब विभागलाई सम्बद्ध कसुर स्थापित नहुने प्रकृतिका मुद्दा, सम्पत्ति देखिए पनि स्रोत नखुलेका उजुरीको अनुसन्धान र बाँकी रहेका उजुरी फर्स्योटको काम गर्ने गरी भूमिकामा सीमित गरिदिएको छ।

सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार आयोगले राजस्व अनुसन्धान विभाग खारेज नै गर्नसरकारलाई सुझाव दिएको छ। अर्थतन्त्रबारे सुझाव दिन सरकारले गत असोजको तेस्रो साता विज्ञ र निजी क्षेत्रको प्रतिनिधित्व रहने गरी गठन गरेको उच्चस्तरीय आर्थिक क्षेत्र सुधार-सुझाव आयोगले विभाग खारेज गर्ने प्रारम्भिक प्रतिवेदन दिएको हो।

पूर्वअर्थसचिव रामेश्वर खनाल अध्यक्ष रहेको आयोगले गत पुस २४ गते आफ्नो अन्तरिम प्रतिवेदन उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेललाई बुझाएको थियो। प्रतिवेदनमा लाभका लागि विभागको दुरुपयोग गरिएको भन्दै खारेजै गर्न सुझाइएको छ। आयोगकै प्रतिवेदनका आधारमा पछि सरकारले ल्याएको अध्यादेशले ऐन संशोधन गरिएको थियो। तर, आयोग खारेज गर्नेतिर भने गएन। तर, सरकार राजस्व अनुसन्धान विभाग खारेज गर्ने निष्कर्षमा पुगेको अधिकारीहरू बताउँछन्।

पूर्वअर्थसचिव खनालले राजस्व विभाग दोहनकारी निकायका रूपमा रहेको बताए। आन्तरिक राजस्व, भन्सार र सम्पत्ति शुद्धीकरणले प्रयोग गर्ने अधिकार नै विभागले चलाइरहेको उनको भनाइ छ। 'एउटै प्रयोजनका लागि बहुल निकाय रहेको र दोहनकारी भूमिका रहेकाले यो विभाग खारेज गर्न उपयुक्त हुन्छ,' उनले भने।

पूर्वसचिव केवलप्रसाद भण्डारीले राजस्व अनुसन्धान विभाग किन स्थापना गरियो र किन खारेजीको तयारी भइरहेको छ त्यसबारे समिक्षा हुनुपर्ने बताए। '०५१ सालमा अतिरिक्त कानुनका आधारमा अर्थ मन्त्रालयले यो विभाग बनाएको हो। पछि प्रभावकारी बनाउन भन्दै प्रधानमन्त्री कार्यालयमातहत लगियो। यो किन स्थापना गरियो र किन खारेज गर्न लागिदै छ, यसमा समीक्षा हुनुपर्छ,' उनले भने। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको भने अधिकार कटौतीभन्दा पनि विस्तार भएको उनको बुझाइ छ। 'सम्बद्ध कसुरमा अब जिल्ला-जिल्लाबाटै मुद्दा दायर गर्न सकिने गरी कानुन संशोधन भएको छ। त्यस्ता मुद्दामा समन्वय गर्ने र रेकर्ड राख्ने जिम्मेवारी विभागलाई थप भएको छ। अन्य निकायले पनि सम्बद्ध कसुरमा अनुसन्धान गर्दा विभागको अधिकार कटौती भएको भन्न मिल्दैन,' उनले भने, 'उसले समन्वय कसरी गर्छ भन्ने हो, रिपोर्टिङको संयन्त्र कसरी बनाउने भन्ने हो।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १० फागुन ०८१
nayapatrikaofficial @nayapa trika

उदाउँदा सांगीतिक ब्यान्ड

नयाँ-नयाँ कलाकारको आगमनसँगै ब्यान्ड कल्चर फर्किएको छ। केहीले मौलिक सिर्जनामार्फत दर्शक-श्रोताको मन पनि जितिरहेका छन्।

संगीत



● पवन बराइली





रक हेड्स नेपाल



द सर्माउन्ट नेपाल



सोनागी ब्लुज

नेपालमा सन् १९९० देखि यता थुप्रै सांगीतिक ब्यान्ड स्थापना भए। नब्बेको दशकपछि नै नेपथ्य, १९७४ एडी, मुक्ति एन्ड रिभाइभल, कबवेब, कन्दराजस्ता ब्यान्ड जन्मिए। स्थापना मात्र होइन, यी ब्यान्डको निरन्तरताले नेपाली संगीत आकाशलाई फराकिलो बनायो।

संगीतले आकर्षित नगर्ने कसलाई होला र ? यही आकर्षणलाई कतिपयले बाल्यकालदेखि नै पछ्याउँदै गायक-गायिका बन्छन्। सांगीतिक क्षेत्रमा लाग्ने उस्तै सपना भएकाहरू कतिपय मिलेर 'ब्यान्ड' स्थापनासमेत गर्छन्। समयसँगै आर्थिक अभाव, व्यक्तिगत मतभेद र मौलिक सिर्जना गर्न नसक्दा बिचमै हराएका उदाहरण पनि धेरै छन्।

१२ वर्षपछि ठमेलबाट बाहिरिँदा...

नेपालका केही ब्यान्डले भने स्थापनाको छोटो समयमै सांगीतिक क्षेत्रमा आफूलाई स्थापित गरेका छन्। यस्तैमध्येको एक हो 'रक हेड्स नेपाल' ब्यान्ड। यो ब्यान्डको प्रस्तुतिले संगीतप्रेमीलाई भिन्नै स्वाद दिइरहेको छ।

रक हेड्स नेपाल ब्यान्डको सदस्य हुन्, बुढानिलकण्ठका सम्यक लामा। उनी ब्यान्डका ड्रमर हुन्। स्कुल पढ्दैदेखि उनी गितार र ड्रम बजाउँथे। उनी संगीतलाई नै जीवनको लक्ष्य सोच्ने गर्थे। सानै उमेरदेखि संगीतमा अधि बढ्न निकै सजिलो होला भन्ने ठानेका उनी संगीतमा जति डुब्यो उति गहिराइमा पुगेको बताउँछन्। 'संगीतमै भविष्य बनाउँछु भन्दा घरमा मान्नुभएको थिएन, संगीत नै पढ्छु, मलाई अनुमति दिनुस् भनेपछि परिवार सकारात्मक भयो,' उनी सम्झन्छन्, 'इन्जिनियरङ र संगीतलाई सँगै अघि बढाएँ।'

सम्यक ठमेलका पप, बार र क्लबमा ड्रम बजाउँथे। बजाउने क्रममा उनको सञ्जय आर्यालसँग भेट भयो। सञ्जय पनि क्लबमा कभर गीत गाउँथे। त्यसपछि उनीहरूसँगै मिलेर क्लबमा लाइभ म्युजिक बजाउन थाले। त्यसपछि टिममा दावा शेर्पा पनि थपिए। उनीहरू घनिष्ठ भए र ब्यान्ड स्थापना गर्ने सोच बनाए। यसैको परिणामस्वरूप सन् २०११ मा 'रक हेड्स नेपाल' ब्यान्ड स्थापना गरे।

'हामी हरेक रात ठमेलको बारमा लाइभ म्युजिक गरिरहेका थियौं। रातको रमाइलोमा मात्रै भुलिरहेका थियौं। एक दिन राति ठमेल चोकमा चारजना साथी बसेर ब्यान्डको नाम जुरायौं। ब्यान्ड स्थापना गरे पनि आफ्नो ओरिजनल गीत सिर्जना र गाउन कन्फिडेन्ट नै आउँदैनथ्यो। हाम्रो प्रस्तुति देखेर आफ्नै गीत निकाल्न सल्लाह दिनेहरू भने थिए।'

ब्यान्डका अर्का सदस्य दावा शेर्पा भन्छन्, 'सुरु-सुरुमा ठमेलको पप र बारका लागि ब्यान्ड खोलेका थियौं। यसरी कभर गीत गाएर मात्रै नहुनेरहेछ भन्ने बुझ्न थाल्यौं र कन्सर्टमा आफ्नै गीत गाउन थाल्यौं।'

ब्यान्ड स्थापना गरेर पनि उनीहरूले १२ वर्षसम्म अरूकै गीत (कभर) गाएर रमाए। सम्यकले भने, 'ठमेलका क्लबमा १२ वर्ष लाइभ म्युजिक गर्‍यौं। यसरी हामी ब्यान्ड सदस्य मौलिक संगीत सिर्जनामा केन्द्रित भयौं।'

कोभिड महामारी सुरु भएपछि सांगीतिक गतिविधि ठप्प भयो। त्यसपछि उनीहरू आफ्नै गीत सिर्जनामा केन्द्रित भए। ब्यान्डले 'रड' बोलको गीत सार्वजनिक गर्‍यो र यसलाई निकै रुचाइयो। त्यसपछि ब्यान्डको उचाइ ह्वात्तै बढ्यो। सम्यक भन्छन्, 'यो गीत स्वप्निल शर्माले लेखेका थिए। धेरैले मन पराइदिनुभयो। सामाजिक सञ्जालमा फ्यान फलोअर्स बढ्दै गए। यसपछि बल्ल अर्को गीत ल्याउने आँट आयो।'

ब्यान्डले त्यसपछि 'भावना' बोलको गीत बजारमा ल्यायो। यो गीतलाई पनि दर्शकले निकै मन पराए। ब्यान्ड सदस्य दावा भन्छन्, 'ठमेलमा दर्जनौं कभर ब्यान्ड रमाइरहेका छन्। हामी पनि १२ वर्ष यसरी नै रमायौं। मूलधारको ब्यान्डमा आउन समय लाग्यो।'

उनीहरूले आफ्नै गीत सिर्जना गरेपछि कन्सर्ट गर्ने योजना बनाए। अक्टोबर २०२३ मा सांगीतिक टुरमा निस्किए। विराटनगर, बिर्तामोड, काँकडभिट्टा, पोखरा, बुटवल, चितवनसहित आठ सहरमा कन्सर्ट गरे। त्यसै वर्ष उनीहरू नेपालको १४ ठाउँ पुगे। ब्यान्डको सशक्त प्रस्तुतिले दर्शक-श्रोता आकर्षित भएको सम्यक सम्झन्छन्। त्यसवेला कन्सर्टमा पाँच हजार दर्शक आएको उनी सुनाउँछन्। उनी भन्छन्, 'ठमेलबाट पहिलोपटक निस्किएर बाहिर कन्सर्ट गर्दा डर लागेको थियो। तर, दर्शकले हाम्रो गीत र प्रस्तुति मन पराइदिनुभयो। त्यसले अर्को कन्सर्ट गर्न ऊर्जा मिल्यो।'

सन् २०२४ मा ब्यान्डले काठमाडौंसहित नेपालका ५१ ठाउँमा कन्सर्ट गर्‍यो। ब्यान्डले सन् २०२५ मा देश-विदेशमा गरी सय ठाउँमा कन्सर्ट गर्ने योजना बनाएको उनी बताउँछन्। 'पाँच वर्षयता ब्यान्डले सातवटा गीत निकालिसकेको छ। प्रत्येक नयाँ गीत अघिल्लोभन्दा चर्चित बनेका छन्। 'हजार जन्म...', 'फर माई लभ..., धुन र भावनाजस्ता गीतलाई दर्शकले निकै रुचाए,' उनी भन्छन्, 'बजारमा सुनिरहने गीतभन्दा नयाँ स्वादको गीत ल्याउन खोजिरहेका छौं।'

'द सर्माउन्ट नेपाल' आफ्नै संगीतमा

बजारियाभन्दा फरक स्थानीय स्वाद पस्कने अर्को सांगीतिक ब्यान्ड हो भक्तपुरको 'द सर्माउन्ट नेपाल' ब्यान्ड। यस ब्यान्डले आफ्नै सिर्जनामा गीत-संगीत प्रस्तुत गर्दै आइरहेको छ। ब्यान्डमा वीरेन्द्र थिङ (भोकलिस्ट), सहिल मिश्र (गिटारिस्ट), सर्जु सैँजू (ड्रमर), सिजल सैँजू (साउन्ड इन्जिनियर) र जयन्त कर्मचार्य (बेसिस्ट) छन्।

भक्तपुरका सहिल मिश्र स्कुल पढ्दादेखि नै मेटल म्युजिक सुन्थे। पछि उनले यसैमा भविष्य देखे। उनले साथीहरूसँग मिलेर ब्यान्ड स्थापना गर्ने सोच बनाए। भक्तपुरकै वीरेन्द्र थिङ र सर्जु सैजूसँग मिलेर सन् २०१४ मा ब्यान्ड स्थापना गरे। ब्यान्डले पहिलो कन्सर्ट सन् २०१५ मा भक्तपुरमै आयोजना गर्‍यो। त्यसयता हरेक वर्ष भक्तपुरमा संगीत प्रस्तुत गर्दै आएको छ।

सहिल भन्छन्, 'मेटल संगीतलाई प्रायः नेपाली सांगीतिक क्षेत्रमा सामान्य रूपमा लिइन्थ्यो। यद्यपि, हामी यही संगीतको माध्यमबाट सपना पूरा गर्ने लक्ष्यमा थियौं र ब्यान्ड स्थापनासमेत गर्‍यौं।'

सन् २०१९ मा ब्यान्डले दार्जिलिङबाट पहिलो सांगीतिक टुर गर्‍यो। 'सर्माउन्ट नेपाललले अन्तर्राष्ट्रियस्तरमा पहिचान पायो। नयाँ दर्शक जोडिए। सबैको ध्यान हामीप्रति आकर्षित भयो। यसले ब्यान्डलाई आगामी योजनाका लागि प्रोत्साहन गर्‍यो,' उनले भने।

त्यसपछि ब्यान्डले बुटवलस्थित 'द कन्सेप्ट क्लब एन्ड बार'मा प्रस्तुति दियो। उनी भन्छन्, 'अहिले धेरै नयाँ कलाकारमा कभर सङ गाएर चर्चा बटुल्ने सोच देखिन्छ। हामी भने आफ्नै सिर्जनालाई पस्किरहेका छौं।'

ब्यान्डले 'सयौं जन्म' एल्बम बजारमा ल्याइसकेको छ। यो एल्बममा कसरी सुनाऊँ..., भावना..., चञ्चल..., मेरो निराशा..., यसैगरी... र झुटो आशा...' गरी सातवटा टाइटल गीत बजारमा ल्याइसकेको छ।

उनीहरूले सामाजिक अभियानका लागि पनि सांगीतिक प्रस्तुति दिँदै आइरहेका छन्। एक वर्षअघि ब्यान्डले भक्तपुर क्यान्सर अस्पतालमा 'ब्रेस्ट क्यान्सर'का बिरामीका लागि च्यारिटी गर्‍यो। भोकलिस्ट वीरेन्द्र थिङ भन्छन्, 'अब अटिजम, अपांगता भएका मान्छे र सडक जनावरको कल्याणका लागि सांगीतिक कार्यक्रम गर्ने योजना छ। संगीतमार्फत थोरै भए पनि सेवा गर्न सकियोस् भन्ने योजना छ।'

'द सर्माउन्ट नेपाल' केवल मनोरञ्जन प्रदान गर्ने मात्रै नभएर संगीतको माध्यमबाट समाजमा परिवर्तन ल्याउने ब्यान्ड भएको उनी बताउँछन्। 'संगीत एउटा सशक्त साधना हो, जसले मानिसको भावना र विचारलाई समेटेर गीत सिर्जना गरेको अपिल सुनाउँछन्। उनी भन्छन्, 'गाउँबाट सहर आएका मान्छेको भोगाइ गीतमा ल्याउन खोजेको हुँ। धेरैजसो मान्छे सुन्दर भविष्यको खोजीमा सहर पस्छन्। तर, उनीहरूले देखेको सपना सहरमा पूरा हुँदैन र दिक्क बन्छन्। सहर बस्न बाध्य भएको भडासलाई गीतमा पोखेको हुँ।' चार वर्षअघि स्थापना भएको यो सांगीतिक ब्यान्ड फरक र स्थानीय स्वाद पस्कन अग्रणी छ। भिन्न शैलीको संगीत सिर्जना गरेर यो ब्यान्ड नयाँ बाटो पहिल्याउन उद्यत छ।

काठमाडौं विश्वविद्यालयबाट इथ्नो म्युजिकोलोजी विभागबाट संगीतमा स्नातक गरेका अपिल पौडेल ब्यान्डका सरोदवादक तथा गायक हुन्। उनी ब्यान्डका गीतकार पनि हुन्। स्नातक तह पहिलो वर्ष पढ्दै गर्दा सरोद बजाउँथे। उनीसँगै काठमाडौं विश्वविद्यालयबाट इथ्नो म्युजिकोलोजी विभागको एउटै कक्षामा अध्ययनरत थिए आयुष थापा र सिजल सैँजू। त्यसपछि उनीहरूले 'सोनागी' नाम दिएर ब्यान्ड स्थापना गरे। ब्यान्डको नाम 'सोनागी ब्लुज' भयो। उनीहरूले संगीत सिर्जनासँगै कन्सर्ट गर्न थाले।

काठमाडौं विश्वविद्यालयबाटै इथ्नो म्युजिकोलोजीमा स्नातक आयुष गितार बजाउँछन्, निश्चल राई नगरा बजाउँछन् भने प्रशान्त शाक्य (बेस) र सिजल सैँजू साउन्डमा साथ दिइरहेका छन्।

इथ्नो म्युजिकोलोजी अध्ययन गर्ने क्रममा नेपाली लोकसंगीतबारे बुझ्न पाएको अनुप बताउँछन्। उनी संगीतमा केही नयाँ र नेपाली मौलिक संगीत खोजिरहेको बताउँछन्। ब्यान्डमार्फत सामान्य मानिसलाई पनि नेपाली संगीतबारे बुझाउने, संगीत संरक्षण र प्रवर्द्धन लागेको उनको भनाइ छ। 'हामीले विश्वविद्यालयमा संगीत पढ्ने क्रममा फरक-फरक समुदाय फरक कला संस्कृतिबारे बुझ्ने अवसर पायौं। त्यसपछि संगीत अध्ययन र अनुसन्धान गर्न पायौं,' उनी भन्छन्, 'रक, शास्त्रीय संगीत र नेपाली लोकसंगीतबाट प्रभावित भएर ब्यान्ड खोलिएको हो। रक, शास्त्रीय र लोकशैलीको मिश्रित संगीत गर्छौं। तर, धेरैले लोक संगीतको ब्यान्ड भन्छन्। तर, रक, शास्त्रीय र लोक संगीतको फ्युजन ब्यान्ड हो। जसले फरक जनराको म्युजिक सिर्जना गर्छ।'

नेपाली लोकसंगीत र शास्त्रीय संगीतमा काम गर्न पाउँदा उनीहरूलाई सन्तुष्टि मिल्ने बताउँछन्। ब्यान्डले काठमाडौं, ललितपुर, पोखरालगायत २० भन्दा बढी ठाउँमा प्रस्तुति दिइसकेको छ। विदेशबाट समेत निम्तो आएको उनीहरूको भनाइ छ। एल्बम रिलिज गरेपछि नेपालका सबै सहरमा कन्सर्ट गर्ने योजना रहेको अपिल बताउँछन्। उनी भन्छन्, 'अहिले ब्यान्डले आफ्नै पहिचान बनाएको छ। संगीतको नयाँ-नयाँ जनरालाई प्रयोग गर्ने कोसिसमा छौं। आगामी दिनमा हामीले सिर्जना गरेको संगीत समान्य मान्छेलाई पनि बुझाउन सकियोस् भन्ने छ। नेपाली संगीतलाई विदेशसम्म पुऱ्याउने हाम्रो कोसिस रहनेछ।'

आफ्नै सिर्जनाले टिकेका ब्यान्ड

संगीत अन्वेषक बुलु मुकारुङले लेखेको 'नेपाली संगीतको अभिलेख' पुस्तकअनुसार सन् १९७७ मा काठमाडौंमा 'ब्रदरहुड ब्यान्ड' स्थापना भएको थियो। किशोर गुरुङ (गितार) राजु गुरुङ (गायन र ड्रम) सुवर्ण लिम्बू (बेस) श्याम परियार (सेक्सोफोन)लगायत ब्यान्ड सदस्य थिए। सन् १९७० मा नेपालमा सांगीतिक ब्यान्ड खोलिएको मुकारुङको दाबी छ। यद्यपि, त्यसवेला खोलिएका ब्यान्ड अहिले सक्रिय छैनन्।

नेपालमा सन् १९९० देखियता थुप्रै सांगीतिक ब्यान्ड स्थापना भए। नब्बेको दशकमा ओमविक्रम विष्ट, सञ्जय श्रेष्ठ, हरिश माथेमा, भीम तुलाधर, बबिन प्रधानजस्ताले नेपाली पप संगीतको जग बसाए।

नब्बेकै दशकका उदीयमान नेपथ्य, १९७४ एडी, मुक्ति एन्ड रिभाइभल, कबवेब, कन्दराजस्ता ब्यान्ड जन्मिए। स्थापना मात्र होइन, यी ब्यान्डको निरन्तरताले नेपाली संगीत आकाशलाई फराकिलो बनाए। बिस्तारै ब्यान्डको फरक शैलीको प्रस्तुतिले प्रशंसा र लोकप्रियता भने बढ्यो। टेलिभिजन र रेडियोको प्रयोग बढेसँगै नयाँ विचार र प्रयोगका सांगीतिक गतिविधि बढ्न थाले। त्यसपछि नेपालमा अडियो क्यासेट र सिडीको व्यापार बढ्न थाल्यो। त्यसपछि काठमाडौंसहित पोखरा, धरानजस्ता प्रमुख सहरमा ब्यान्डको संख्या बढ्यो, जसले नेपालमा ब्यान्ड संस्कृति र संगीतमा विविधता थपियो।

'१९७४ एडी'का संस्थापक सदस्यमध्येका एक निराकार याक्थुम्बाका अनुसार सन् १९९० पछि नेपालमा पप, रक, लोक पप, लोक रक, ब्लुज, मेटल रकलगायत विधाका थुप्रै ब्यान्ड स्थापना भए। उनी भन्छन्, 'नेपालमा व्यवस्थित भएर ब्यान्ड कल्चर सुरु भएको नब्बेको दशकपछि नै हो। यसअघि एक-दुईवटा ब्यान्ड थिए। तर, व्यवस्थित ब्यान्ड भएका थिएनन्। त्यसवेला रक ब्यान्डको कल्चर थियो। त्यसपछि क्रमिक रूपमा नेपाली संगीतका नयाँ शैली र ट्रेन्डको विकास हुँदै गयो, विभिन्न विधाका ब्यान्ड खोलिन थाले।'

नब्बेकै दशकमा सांगीतिक क्षेत्रमा नव प्रतिभाहरूको प्रादुर्भाव हुने क्रममा जेम्स प्रधान, सञ्जीव प्रधान, निमा रुम्बा, नवीन के. भट्टराई, धीरज राईलगायतले नेपाली संगीतलाई उजागर गर्ने कार्य गरे।

पछिल्लो समयमा गीतकै विभिन्न विधालाई आधार बनाएर सांगीतिक समूहको उदय भइरहेको छ। यसमा कुमा सागर एन्ड द ख्वपः 'जन चाम्लिङको ब्यान्ड', 'पूर्ण राई एन्ड दाजुभाइ', 'झिल्के एन्ड द कम्पनी' 'एक्सिस'जस्ता केही नयाँ ब्यान्ड उदाएका छन्।

नेपालमा दुई सिजन 'ब्यान्ड च्याम्पियन' नामक रियालिटी शो पनि आयोजना भएको थियो। द ब्यान्ड च्याम्पियन रियालिटी शोका निर्देशक फुर्वा शेर्पाका अनुसार रियालिटी शोले नेपालमा ब्यान्डहरूको स्थापना बढाएको पनि थियो। 'ब्यान्ड च्याम्पियन रियालिटी शोमार्फत देशभरका ब्यान्डलाई मञ्च प्रदान गर्ने उद्देश्य थियो। ०७८ सालमा भएको ब्यान्ड च्याम्पिएनको दोस्रो सिजनमा दुई सय ब्यान्डले आवेदन दिएको थिए। त्यसमध्येबाट २५ वटा छनोट गरेका थियौं। पहिलो सिजनमा पनि झन्डै ७० वटा ब्यान्ड छनोट गरेको थियौं। यस्तो रियालिटी शोले ब्यान्ड कल्चर विकासमा समेत सहयोग गरेको थियो।


नेपालमा पछिल्लो समय ब्यान्ड कल्चर फेरि ब्युँतिएको पुराना संगीतकर्मीहरूको बुझाइ छ। कन्दरा ब्यान्डका भोकलिस्ट विवेक श्रेष्ठ नयाँ ब्यान्डको आगमनले निकै उत्साहित बनाएको बताउँछन्। सही सोच राखेर आउने हो भने नयाँ ब्यान्डका लागि पर्याप्त सम्भावना देख्छन्, उनी। 'अहिले आफ्नै सिर्जनासहित नयाँ ब्यान्ड आइरहेका छन्, यो आफैंमा स्वागतयोग्य छ। नयाँ ब्यान्डको व्यवस्थापन पनि राम्रो देखिएको छ। जसले गर्दा कन्सर्टहरू व्यवस्थित देखिन्छन्।'

'१९७४ एडीका ड्रमर सञ्जय श्रेष्ठ पनि नेपालमा ब्यान्ड कल्चर मौलाउँदै गएको बताउँछन्। उनी भन्छन्, '८-१० वर्षअघि ब्यान्ड कल्चर हराइसकेको थियो। अहिले फेरि ब्युँतिएको छ। नयाँ-नयाँ कलाकारको आगमनसँगै ब्यान्ड कल्चर फर्किएको छ। यो सांगीतिक उद्योगका लागि राम्रो हो। ब्यान्डलाई उजागर गर्न सक्छ। गीतमा समाजका समस्यालाई उजागर गर्न, असमानता र अन्यायका विरोधमा बोल्न पनि सहयोग गर्छ,' उनी भन्छन्, 'मौलिक संगीतप्रेमीमाझ जोडिने योजना छ। ब्यान्डले संगीतमा विविधता र नवीनता दिएर भिन्न पहिचान बनाउने सोच छ।'

ब्यान्डको आफ्नै सिर्जना हुनुपर्छ

● **निराकार याक्थुम्बा**, संस्थापक सदस्य, '१९७४ एडी' ब्यान्ड

ब्यान्ड खोल्नु ठुलो कुरा होइन। गीत गाउन र ड्रम-गितार बजाउन जानेर मात्रै ब्यान्ड टिक्दैन। यो संगीतको सामूहिक काम हो। यसका लागि सिर्जनात्मक टिम हुनुपर्छ। ब्यान्डका सबै सदस्यमा संगीतको 'प्यासन' हुनुपर्छ। कतिपयले क्षणिक चर्चाको लोभमा पनि ब्यान्ड खोलेका हुन्छन्। दुई-चारवटा गीत गाएपछि ब्यान्ड खोल्ने हुटहुटी चल्न थाल्छ। जसले छोटो समयका लागि भाइरल पनि बनाउँला। तर, केही समयमै ब्यान्ड हराइहाल्छ।



नाम र पैसा कमाउने उद्देश्यले ब्यान्ड खोल्नु हुँदैन। यो मानसिकताले संगीतमा टिक्न सकिँदैन। दुई-चारजना साथी मिलेपछि ब्यान्ड खोल्न सजिलो छ। तर, ब्यान्ड टिकाउन सजिलो छैन। यतिले मात्रै ब्यान्डलाई अगाडि बढाउन सकिँदैन। संगीतको सतही अध्ययनले मात्रै पुगदैन। ब्यान्ड स्थापना गर्नुअघि संगीतको अध्ययन गर्नैपर्छ। मिहिनेत गर्नैपर्छ। ब्यान्डको आफ्नो सिर्जना हुनैपर्छ। अर्को ब्यान्डका सदस्यबिच सम्मान हुनुपर्छ। जसले टिमवर्कलाई सजिलो बनाउँछ। एकजनाले मात्रै गर्छु भनेर हुँदैन। टिमवर्कमा 'इगो' हुनुहुँदैन। इगोले ब्यान्डमा दरार ल्याइदिन्छ। सामूहिक सोच र भावना हुनुपर्छ। टिममा एकअर्कामा उत्तिकै इज्जत गर्नुपर्छ। त्यसले ऊर्जा प्रदान गर्छ।

हामीले ब्यान्ड सुरु गर्ने वेलामा रक ब्यान्डको कल्चर थियो। त्यसपछि सोलो लाइभ कन्सर्ट गर्ने चलन पनि आयो। कतिपयले ट्र्याकमा पनि गीत गाए। कतिपयले कन्सर्टमा गीत गाएजस्तो मात्रै गाउँथे। ट्र्याकमा गाएर कन्सर्ट गरेजस्तो देखाउँथे। यसरी गाउनेबित्तिकै ब्यान्ड लामो समय टिक्दैन। त्यसैले ब्यान्डको आफ्नै सिर्जना हुनुपर्छ। त्यसले दीर्घकालीन हुनलाई मौलिक सिर्जना हुनुपर्छ। अहिले नेपालमा कन्सर्ट कल्चर बढ्दै गएको छ। विदेशमा समेत नेपाली कलाकारको माग बढ्दै गएको छ। २५ वर्षअघि १९७४ एडी अमेरिका कन्सर्ट गर्न जाँदा कसरी गए होला भनेर धेरैले सोच्थे। तर, अहिले हरेक साताजस्तो विदेशमा कन्सर्ट गर्न नेपाली ब्यान्ड पुगेका हुन्छन्। संगीत उद्योगमा मिहिनेत र इमानदार भएर आउनेका लागि राम्रो छ। जसले अल्झी गर्छ, उसका लागि संगीतिक उद्योगमा टिक्न गाह्रो हुन्छ।

इथ्नो म्युजिक पछ्याउँदै सोनागी ब्लुज

पहाडको घर छोडी आएँ है काठमान्डू सहर
धुवाँधुलो छँदै छ नि खुत्रुकेमा आशा बोकेर ...

'सोनागी ब्लुज' ब्यान्डको यो गीतको शब्द, संगीत र स्वरले धेरैको ध्यान खिचेको थियो। ब्यान्ड सदस्य अपिल पौडेलले लेखेको गीतमा मानिसको भोगाइ देखिन्छ। गाउँबाट सहर आउने मान्छेको भोगाइलाई

लेखक विरहीबाबु ढुंगेललाई
मन परेका पाँच पुस्तक



१. धुवाँ, आगो र मानिस

यो उपन्यास मसीले लेखेको नभएर एउटा भुक्तभोगी मजदुरको रगत, पसिना र आँसुले लेखिएकजस्तो लाग्छ। कक्षा ४ सम्म स्कुलको औपचारिक शिक्षा हासिल गरेका लेखक शिवनारायण श्रीवास्तव आफैंमा एक मजदुर थिए। सात दशकपहिले भारतीय ग्रामीण समाजमा गरिब किसान मजदुरमाथि भएको उत्पीडन र त्यसबाट मुक्त हुन मजदुरले गरेको संघर्षको जीवन्त दस्ताबेज हो- धुवाँ, आगो र मानिस।

गर्मीले धपक्क बलेका वेला सुखरामपुर गाउँको वरको रुखमुनिबाट सुरु भएको छ कथा। सेन्ट्रल जेलको अगाडि मजदुरको भिडमा पुगेर कथा टुंगिन्छ। भाषा, कला, सौन्दर्यको ढक-तराजुमा जोखेर हेर्ने विद्वान्हरूको नजरमा यो उपन्यास एक पाउबराबरको पनि नदेखिन सक्ला। तर, मेरो नजरमा यो उपन्यास ठन्डी महिनाको मन्डीजसरी गम्लङ्ग छातीमा न्यानो गरी बसेको छ। यो उपन्यासको नायक सफरी वरिपरि थुप्रै पात्र र थुप्रै घतलाग्दा कुरा छन्। उसकी श्रीमतीले हजार ठक्कर खाँदै आफ्नो बच्चा हुर्काउँछे भने उता उसको श्रीमान् पनि हजार ठक्करसँग जुध्दै मजदुर संगठनमा क्रियाशील रहन्छ। यो उपन्यास पढ्दा त्यतिखेर हर्षका आँसु बर्सन खोज्छन्, जतिखेर सफरी जेलबाट मुक्त हुन्छ। अनि हजारौंको भिड्ले उसलाई स्वागत गर्छ। भिडले एकफेर चर्को स्वरले सफरीको नाम लिन्छ, अर्को फेर मुक्तकण्ठले चर्को स्वर निस्कन्छ, 'जिन्दावाद' धन्यवाद अनुवादक आहुती र प्रकाशक सहस्राब्दी प्रकाशनलाई।



२. मेरा विश्वविद्यालयहरू

सर्वहारा वर्गको साहित्य सिर्जनामा उच्च स्थान ओगट्न सफल व्यक्ति म्याक्सिम गोर्कीको जीवनीमा आधारित यो कृति मेरो हृदयमा बसिरहेको छ। विश्वविद्यालय पढ्न नपाएको लेखक र म पाठकबिच गज्जबको वर्गीय हैसियत मिलेको छ। विश्वविद्यालय पढ्ने सपना बोकेर घर छाड्न लागेका गोर्कीलाई हजुरआमाले अर्ती दिन्छिन्- तँ एक कुरा सम्झी राख्, मान्छेको परीक्षा भगवान्ले गर्दैनन्।

हो, हजुरआमाले भनेजस्तै उनको परीक्षा मान्छेकै माझमा भयो, विश्वविद्यालय पढ्ने कुरा त कता हो कता त्यसको सट्टामा उनले आफूलाई धप्प बलिरहेको कोइलाको भुंग्रोमा घुसारिएको फलामको टुक्राझैं ठान्दै जीवन जिएको समय र परिस्थितिलाई नै एउटा विश्वविद्यालयको रूपमा लिएको कुरालाई पुस्तकमा पढ्न पाइन्छ। यो पुस्तकलाई म एउटा पुस्तकको रूपमा मात्र हेर्दिनँ, यो त मेरो घनिष्ठ मित्र हो। अभाव र तनावको आँधीहुरीले कोही वेला मलाई उडाउन खोज्छ, त्यसवेला म यही साथीलाई च्याप्प समातेर पाना पल्टाउन थाल्छु अनि साथीले मलाई 'हेर् केटा, मानिस भनेको आफ्नो अगाडि तयार भएको खराब परिस्थितिविरुद्ध खडा हुन सक्ने संघर्षको उपज हो।' भनेर ढाडस दिएझैं लाग्छ। त्यसैले यो पुस्तक मेरो प्यारो पुस्तक हो, म यसलाई धेरै माया गर्छु।

३. ओझेलमा परेकाहरू

शरदचन्द्र शर्मा भट्टराईले यो पुस्तकलाई निकै मिहिनेत गरेर तयार पारेका छन्। हुन त नेपाली साहित्य लेखनमा ओझेलमा परेकाहरू यस पुस्तकमा उल्लेख गरेभन्दा अझै अरू व्यक्ति पनि इतिहासको पानामा लुकेर बसेका होलान्। उनको कसरतले यस पुस्तकमा जतिलाई खोजेर देखाए, यो निकै कल्याणकारी काम हो।


यस पुस्तकमा ओझेलमा परेका थुप्रै सष्टा छन्। त्यसमध्ये एक गंगाप्रसाद प्रधान र अर्को छविलाल सुरीको योगदान ठुलो भएर पनि ओझेलमा परेको विषयले मन छोयो। गंगाप्रसाद प्रधान, जसले १९५८ देखि ३१ वर्षसम्म गोर्खे खबर कागज नामको समाचारपत्र प्रकाशित गरेर नेपाली भाषाको ज्योति जगाएको बिर्सिहाल्नु हुँदैन भन्ने लेखकको सन्देश छ। अर्का छविलाल सुरी पनि चानचुने मान्छे होइन रहेछन् भन्ने पढ्न पाएँ। राणा शासनको समयमा उनले निकै लामो समय जागिरे जीवन बिताएछन्, साथै साहित्य सिर्जनामा उनको निकै ठुलो योगदान रहेछ। कतिसम्म भने त्यसवेला राणा प्रभुबाहेक प्रसिद्ध मानिसको जीवनी बिरलै छाप्ने गोरखापत्रले चैत १९६३ मा उनको मृत्युपछि 'महाशोक' शीर्षक दिएर उनको जीवनीलाई प्रकाश पारेको रहेछ। उनले लेखेका पुस्तकमध्ये विरक्ति तरङ्गिणीलाई खोजेर पुनः प्रकाशित गरिदिने कोही निस्किदिए मजस्ता थुप्रै पुस्तकप्रेमी आभारी हुने थियौं। ओझेलमा परेकाहरूलाई सम्झनका लागि यो पुस्तक निकै राम्रो छ।





४. खट्टरकाकाका तरंग

यो पुस्तकको जति चर्चा हुनुपर्ने हो, त्यति भएर पनि मैले चाल नपाएको रहेछु भने म नै गोबर ग्वाँच हो। मैले थुप्रै पुस्तक पढ्ने मानिसलाई यो पुस्तकबारे सोधें, कसैले पनि पढें भनेनन्। अब चर्चा कति भयो वा भएन त्यो छुट्टै कुरा भयो। यो पुस्तकमा अचम्म त यो छ कि हरिमोहन झाले के सारो शास्त्र घोटेर टाउकोमा राख्न सकेका ? यो पुस्तकमा हाम्रो यस लोकका कतिपय गण्यमान्य पढन्तेहरूले शास्त्रका बात, सब सही बात भन्दै आएका शास्त्रलाई व्यंग्यको घुँएत्रो घुमाएर गाला फुट्ने गरी चड्कन हानेजस्तै छन्। उनको चड्कनमा बेप्रमाणको चड्कन छैन, सप्रमाण छ। ३० ओटा शीर्षकमा अनेक प्रसंग समातेर ल्याएका छन् अनि दनक दिएका छन्। पुस्तकमा प्रश्नकर्ता भतिज छन्, उत्तरकर्ता खट्टर काका छन्। खट्टर काका बडो गज्जबका रसिक छन्। यिनले मेरो मनलाई साह्रै मिठो आनन्द दिएका छन्।




काँडेघारीको यात्रा

मैले पहिलोचोटि मोदनाथ प्रश्रितको नाम सुन्दा ५० रुपैयाँको तमसुक लेख्ने मान्छे भनेर सुनेको थिएँ। यो पुस्तक उहाँकै जीवनसाथी कविता पौडेलले लेखेकी हुन्। मोदनाथ प्रश्रित कम्युनिस्ट क्रान्तिकारी भएर बाँचेको समयमा कविता पौडेल भने एउटा दर्दनाक पुस्तक भएर बाँचेकी रहिछन् भन्ने कुरा मैले यो पुस्तकमा पढ्न पाएँ। मानिसहरू सोध्छन् जीवन के हो ? भन्नेहरूले गीत गाएजसरी भन्छन् 'जीवन संघर्ष' हो। हो, 'जीवन संघर्ष' हो भने संघर्ष के हो ? यो पुस्तकमा छ, जीवन संघर्षको कुरा। एउटा क्रान्तिकारी योद्धाकी श्रीमतीले रुढीवादीग्रस्त समाजमा एक्लै भएर जीवन जिउनुपरेको घटनाक्रमलाई उनले १०८ शीर्षकमा लेखेकी छिन्। यो पुस्तक उनको जीवनको व्यक्तिगत दुःख मात्र नभएर सम्पूर्ण क्रान्तिकारीका परिवारको साझा दुःख हो। साथै, त्यतिखेरको समाज, संस्कृति, राजनीतिक चेतना, वर्गीय दृष्टिकोण सारा कुराको एकमुष्ट ऐनाझैं लाग्छ यो पुस्तक।

शैलुङका सय थुम्का र मिनी ग्रेटवाल

शैलुङ जानेहरूको बसोवास र खानपान गर्ने ठाउँ हो कालापानी। यहाँ पुग्दा हामीलाई पारिबाट गणेश हिमाल, लाङटाङ, गौरीशंकर, धौलागिरि र नुम्बुर हिमालले हेरिरहेका थिए। हामीले पनि हिमालहरू मुस्कुराइरहेको हेर्‍यौं।



यात्रा

- शब्द : शिवहरि घिमिरे
- तस्बिर : ज्ञानेन्द्र कार्की



शैलुङ जाने धेरै अघिदेखिको रहर। त्यही रहरबिच २४ माघको बिहान १० बजे काठमाडौंबाट शैलुङसम्मको हाम्रो यात्रा तय भयो। साढे दुई घण्टामा हामी सिन्धुपाल्चोकको मुडे बजार आइपुग्यौं। मुडेबाट हामी चढेको बस जब हर्न बजाउँदै अघि बढ्दै थियो, तब अग्ला-अग्ला हिमाल र डाडाँपाखा देखिन थाले। यस्तो लाग्थ्यो, ती सेताम्मे हिमालले हामीलाई नै स्वागत गरिरहेका छन्। शैलुङसँग दूरी जति घटाउँदै गयौं, सौन्दर्य उति नै थपिँदै थियो। पाँच घण्टाको बसयात्रापछि ३५ जनाको हाम्रो समूह करिब ४ बजे शैलुङको फेदीमा रहेको कालापानी बजार पुग्यो।

शैलुङ जानेहरूको बसोवास र खानपान गर्ने ठाउँ हो कालापानी। यहाँ पुग्दा हामीलाई पारिबाट गणेश हिमाल, लाङटाङ, गौरीशंकर, धौलागिरि र नुम्बुर हिमालले हेरिरहेका थिए। हामीले पनि हिमाल मुस्कुराइरहेको हेर्‍यौं। भिडभाड र अस्तव्यस्त सहरबाट त्यहाँ पुग्दा मन फुरुंग थियो। हिमालका दृश्यले यात्राका दुःख क्षणभरमै हराए। मन शान्त र हल्का भयो।

साँझ पर्न केही समय बाँकी रहेकाले हामी त्यस दिन उज्यालैमा बजारको केहीमाथि रहेको ग्रेटवाल गयौं। कालापानी बजारबाट करिब पाँच सय मिटरको उचाइमा निर्माण भएको रहेछ मिनी ग्रेटवाल। झट्ट हेर्दा चीनकै ग्रेटवालको झल्को आउने गरी निर्माण गरिएको रहेछ। त्यो पेटीसहितको पर्खालले हामीलाई मोहित पार्‍यो। पर्खाल र त्यहाँ नजिक रहेको डाँडाबाट हिमाल प्रस्ट देखिने रहेछ। हिमालले पठाइरहेको शीतल हावा खाँदै हामीले फोटो र भिडियो खिच्यौं। त्यहाँ थुप्रै मानिसको भिड थियो। चिसो हावा चलेकाले कोही जाडो मान्दै थिए भने कोही जाडोको पर्वाह नगरी हिमाललाई पृष्ठभूमिमा राखेर फोटो खिच्न मस्त देखिन्थे। त्यस दिन हिमाल हेर्दाहेर्दै अँध्यारो भइहाल्यो। घामका किरणले शैलुङका डाँडालाई बिदाइ गरे। त्यस दिन हिमाललाई हेरेर नथाकेका आँखालाई भोलिपल्ट पुनः हिमाल देखाउने वाचा गर्दै कालापानी बजार ओर्लियौं।

भोलिपल्ट २५ माघ बिहान ५:५६ बजे हामी बसेको स्थान कालापानीबाटै सूर्योदय देखियो। गौरीशंकर हिमाललाई चुम्दै गरेको घामको पहिलो झुल्को देखियो। अझ हिमालमा ठोक्किएर आउने घामको किरणले त्यहाँ बिछट्टै सौन्दर्य थपिरहेको थियो। खुला आँखाले हिमाल र घामलाई नियाल्दाको आनन्द शब्दमा वर्णन गर्न कहाँ सकिएला र ?

बिहानको कलिलो घाम तापेर हामीले अब त्यही ग्रेटवाल हुँदै शैलुङतर्फको यात्रा तय गर्‍यौं। क्यामेरा, झोला, खानेकुरा र पानी बोकेर हाम्रा पाइला सुन्दर शैलुङ डाँडातर्फ लागे। कालापानीबाट शैलुङ पुग्ने बाटो पूरै उकालो छ, तर त्यहाँको सौन्दर्यले उकालो चढ्दाको थकान त्यहीं बिर्साइदिन्छ। बाटैभरि देखिने वरिपरिका सय थुम्का र प्रकृतिको अनुपम सौन्दर्य हेर्दै एक घण्टाको यात्रापछि शैलुङको सबैभन्दा अग्लो स्थानमा पुग्यौं। त्यहाँ पुग्दा बिहानको ९:३० बजेको थियो।

जब हामी शैलुङका डाँडामध्ये सबैभन्दा अग्लो डाँडा पुग्यौं, त्यहाँबाट वरिपरि सबै छर्लङ्ग देखिन्थ्यो। अझ डाँडामा भएको भ्युटावरबाट पारिपट्टि रहेका हिमाल नै होचा देखिन्थे।

शैलुङको माथिल्लो भागमा पुग्दा तीनवटा ठुला ढुंगाा देखिन्छन्। ती ढुंगाको आकृति बाघ, गाई र गँगटोसँग मिल्दो छ। यहाँ पुग्ने पर्यटकले ढुंगालाई पुजेर फर्किन्छन्। कालापानीदेखि शैलुङको शिरमा पुग्दासम्म ठाउँठाउँमा बौद्ध मन्त्र लेखिएका धर्ज्यू र लुङदार टाँगिएका छन्। जसले शैलुङलाई सुन्दर बनाएका छन्। त्यस्तै शैलुङमा हिन्दुहरूका आस्थाका देवता शैलुङेश्वर महादेव र बौद्ध धर्मावलम्बीका लागि बुद्धका पाइला र चैत्य पनि छन्। त्यहाँ बत्ती बाल्दा काठमाडौंको बौद्धनाथ र स्वयम्भूनाथमा जत्तिकै पुण्य मिल्ने विश्वास छ। त्यस्तै शैलुङ डाँडामा उक्लिने बाटोमै एउटा मूर्तिसहितको महादेव मन्दिर र गुफा पनि छ। बाटोमा भएका यस्ता ऐतिहासिक र धार्मिक ठाउँले शैलुङ यात्रामा थकान महसुस हुँदैन।

यात्राका क्रममा भेटिएका स्थानीय पाका तथा जानकारहरूसँग शैलुङबारे सोधेका थियौं। कालापानीका ७६ वर्षीय दोर्जे शेर्पाका अनुसार अहिले यहाँको मुख्य आकर्षण नवनिर्मित 'मिनी ग्रेटवाल' बनेको छ। 'यकिन तथ्यांक नभए पनि शैलुङ घुम्न आउने धेरै हुन्छन्, प्राकृतिक रूपमै यो ठाउँ सजिएका कारण अब कृत्रिम संरचना बन्नुहुँदैन। पहिले-पहिले त शैलुङ क्षेत्रमा मान्छेसमेत बस्न हुँदैन भन्ने मान्यता थियो। अहिले डाँडामा लामा बस्छन् र राम्रो पनि भएको छ।' यहाँ शेर्पा र लामाको बढी बसोवास छ। उनका अनुसार २०-३० वर्षअघिसम्म शैलुङ आउने बाटो थिएन। सबैतिर जंगलैजंगल र चौंरीगोठ थिए। अहिले सडक सञ्जालले छोएको छ भने चौंरीगोठ त देख्नसमेत मुस्किल छ।

पर्यटक तान्दै मिनी ग्रेटवाल

शैलुङ पुग्नेहरू 'मिनी ग्रेटवाल'मा नपुग्ने कमै हुन्छन्। शैलुङ गाउँपालिकाका अनुसार ग्रेटवालमा दैनिक पाँच सयभन्दा बढी पर्यटक पुग्छन्। यहाँ पुगेको कुनै शुल्क तिर्नुपर्दैन। मिनी ग्रेटवालको निर्माण तीन वर्षअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र शैलुङ गाउँपालिकाको लगानीमा सुरु भएको थियो। यो पर्खाल कालापानीदेखि डाँफेढुंगासम्म निर्माण गर्ने योजना भए पनि केही स्थानमा अझै काम बाँकी रहेको गाउँपालिकाले जनाएको छ। ग्रेटवाल निर्माणमा केन्द्र सरकारले ७० प्रतिशत र शैलुङ गाउँपालिकाको ३० प्रतिशत बजेट विनियोजन गरेका थिए। हालसम्म चार करोड ९४ लाख १५ रुपैयाँ खर्च भइसकेको छ। 'ग्रेटवाल हेर्न अब चाइना जानुपर्दैन, अब शैलुङ आए पुग्छ, अहिले यही पर्खाल तथा ग्रेटवाल हेर्न आउने पर्यटकको भिडभाड छ,' गाउँपालिका-८ का वडाध्यक्ष घनबहादुर तामाङ बताउँछन्। उनका अनुसार शैलुङ क्षेत्रमा परापूर्व कालदेखि नै तामाङ समुदाय बसोवास गर्दै आइरहेका छन्। त्यसकारण यो ठाउँको नाम पनि तामाङ भाषाको 'शै' बाट सय र 'लुङ'को अर्थ थुम्का हुन्छ। यसबाट नै शैलुङ बनेको वडाध्यक्ष तामाङ बताउँछन्। उनका अनुसार यहाँ छोर्तेन स्तूपा, महादेवस्थान, गाईढुंगा, १२ वर्षमा गोदावरी फुल्ने

साप्ताहिक राशिफल

१० फागुन (शनिबार)
१६ फागुन (शुक्रबार)



- सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

व्यापारमा केही कठिनाइ आउने योग परेको छ। धार्मिक तथा सामाजिक कामबाट प्रयत्न गर्दा लाभ मिल्नेछ साथीहरूले सोचेअनुसार सहयोग गर्नेछन्। प्रेममा सफलता मिल्नेछ। वित्तीय संस्थाबाट सहयोग पाइनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग भए पनि संयमता पाहिला पाहिलामा अपनाउनुपर्ला। गोपनीयता अपनाउनु वेश।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

पुराना साथीसँग भेट हुने सम्भावना छ। उसको व्यवहारले तपाईं प्रभावित बन्नुहुनेछ। जग्गा-जमिनको कारोबारबाट फाइदा हुनेछ। पारिवारिक माहोलमा रमाउन पाउने योग रहेको छ। साताको अन्त्यमा सेयर कारोबारबाट सोचेअनुसार नाफा मिल्नेछ। नयाँ मित्रता र प्रेमको बन्धन कसिने वेला छ। लेनदेनमा अघि नसर्दा नै राम्रो हुनेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

उपहार तथा पुरस्कार आदिबाट आकस्मिक धन प्राप्तिको सम्भावना छ। वैदेशिक यात्राको योग रहेकाले कार्य सफलताको योग रहेको छ। परिवारसँग भेटघाटको अवसर मिल्नेछ। प्रतियोगितात्मक क्रियाकलापमा सफलता मिल्नेछ। मनोरञ्जनमा सहभागी भइएला। साताको अन्त्यमा पढाइमा राम्रै सफलता मिल्नेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सामाजिक कार्यमा संलग्न हुँदा ठुला व्यक्तिसँग मित्रता बढ्दा कुनै नयाँ योजना कार्यान्वयन गर्न कठिनाइ हुनेछ। बुधबारदेखि पारिवारिक सहयोग सोचेअनुसार नै प्राप्तिको योग रहेको छ। सेयर मार्केटमा गरिएको लगानीले फाइदा दिनेछ। साताको अन्त्यमा पराक्रम बढ्नुको साथै अधुरा काम बन्ने र नयाँ काममा सोचेजस्तै सफलता मिल्ने योग रहेको छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

अरूको विश्वास आफूतिर बढाउन पनि सकिनेछ । महत्त्वपूर्ण जिम्मेवारी आफूमाथि आउनेछ। प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।मनोरञ्जनमा सहभागिता हुने अवसर मिल्नेछ। साताको अन्त्यमा बौद्धिकता र धर्ममा रुचि बढ्नेछ। बोलीको प्रभावमा अरूको मन जित्न सकिए पनि परिवारबाट सहयोग मिल्नेछैन।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

व्यापारमा पनि सफलता पाउने योग छ। गोपनीयता अपनाउँदा सोचेका कुरा धेरै पूरा हुनेछन्। सभा-सम्मेलनमा जाने अवसर मिलनेछ। बुधबारदेखि लगानीको तुलनामा कम देखिए पनि प्रयत्नबाट दिगो फाइदा उठाउन सकिनेछ। साताको अन्त्यमा कार्यसम्पादनमा समस्या आउने र काममा ढिलासुस्ती हुने योग रहेको छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

प्रशंसनीय कार्य गर्ने अवसर पनि मिल्नेछ। भेटघाटमा अरूबाट हुने प्रशंसाले खुसी हुने योग छ। धर्मकर्म र सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। साताको अन्त्यमा वैदेशिक यात्राको कार्यमा सफलता मिल्नेछ। विवाद बढ्ने काममा अवरोध आउने र मनमा चिन्ता बढ्ने योग छ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो या, यि, यु)

धन मनग्ये कमाउने अवसर मिल्नेछ। कुरा काट्नेले प्रशंसा गर्न थाल्नेछन्। ऊर्जा क्षेत्रमा गरिएको लगानी सुरक्षित हुनेछ। कार्यमा थप जिम्मेवारी मिल्नेछ। साताको अन्त्यमा विशिष्ट व्यक्तिसँगको भेटघाटले महत्त्वपूर्ण कार्य बन्ने योग रहेको छ। नयाँ कामको थालनी हुनेछ। राज्यले तपाईंको इमानदारिताको मूल्यांकन गर्नेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

विशेष भेटघाट र विभिन्न उपहार प्राप्तिको योग रहेको छ। आत्मविश्वास बढ्नेछ। प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ । पारिवारिक जमघटमा मन रमाउनेछ। स्वादिष्ट भोजनको समेत आनन्द मिल्नेछ। साताको अन्त्यमा सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा व्यवसायबाट मनग्ये आम्दानी हुने योगछ। यात्रामा हुने भेटघाटले अरूबाट मानसम्मान पाउने अवसर मिल्नेछ। मनले आँटेका कार्य पूरा हुनेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। साताको अन्त्यमा सामान हराउने तथा चोरी हुने योग रहेको छ। विश्वासमा धोका हुने भएकाले विश्वासमा भन्दा प्रयासमा अघि बढ्नुहोला।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा सहयोगीहरूले राम्रो साथ दिनुका साथै रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ। शिक्षामा पनि सोचेअनुसार सफलता मिल्नेछ। साताको अन्त्यमा प्रतिद्वन्द्वीले कार्यमा अवरोध ल्याउन सक्छन्। पुँजीबजारले पनि सोचेअनुसार साथ दिनेछ। ठुला व्यक्तिसँग अन्तर्संवादले मनोबल बढाउनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावना रहेको छ। व्यावहारिक र सामाजिक जिम्मेवारी थपिनेछ। कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ। साथीभाइको सहयोग पनि पाइनेछ। पारिवारिक तथा धार्मिक यात्राको योग रहेको छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले साथ दिने हुँदा मनोबल पनि बढ्नेछ।

रङको आफ्नै अर्थ र भाव हुन्छ। त्यसले मनलाई ऊर्जाशील र रचनात्मक बनाउँछ। चित्र बनाउँदा मलाई स्वतन्त्रताको प्रत्याभूति दिलाउँछ।

रङ र कुचीसँग क्यानभासमा खेल्दै दुई दशक बितेको पत्तै भएन्। कुनै पनि वातावरण र परिवेशबाट प्रभावित हुनासाथ चित्र बनाउँछु। मेरा चित्र झट्ट हेर्दा बुझिँदैनन्। यी चित्रले सिम्बोलिक सन्देश बोकेका हुन्छन्। हरेक चित्र (पेन्टिङ)को विषयवस्तु फरक हुन्छन्। विशेष गरी, मानवीय भावनालाई बाहिर ल्याउने कोसिस हुन्छ। कलामार्फत मानव जीवनको अस्तित्वको प्रश्न गर्छु। मेरा सबैजसो कलाले मानवीय भावना र संवेदनालाई बाहिर ल्याउँछ।

मलाई सामाजिक र राजनीतिक घटनाक्रमले पनि चित्र बनाउन प्रेरित गर्छ। त्यसैले राजनीतिक परिवेश र समाजमा व्याप्त असमानतामाथि थुप्रै चित्र बनाएको छु। मेरा लागि चित्र केवल सौन्दर्य होइन, सन्देश बोकेका हुन्छन्। यहीकारण, मनमा लागेका विषयलाई चित्रमा 'मेटाफोरिकल्ली' देखाउँछु। प्रकृतिका विभिन्न पाटालाई समेट्न खोज्छु। चित्रले प्राकृतिक संसार र मानव अस्तित्वको संघर्षलाई उजागर गरेको हुन्छु। मानिसले जीवनमा तमाम समस्या झेल्दै अघि बढ्नुपर्छ। वनविनाश, वन्यजन्तु विनाशजस्ता घटना दिनानुदिन बढ्दै गइरहेका



शैलुङलाई कृत्रिम लगानी गर्नै पर्दैन । बस् ! फोहोर नगरिदिए पुग्छ । यहाँका पाखापखेरा नउधिनिदिए पुग्छ । हिमाल हाँसेको हेर्दै माथिमाथिसम्म पुगेर हेरिदिए पुग्छ । मनै लोभ्याउने डाँडाहरूलाई पृष्ठभूमिमा राखेर फोटो खिचिदिए पुग्छ । चौंरी चरन र थरीथरीका लालीगुराँस हेरिदिए पुग्छ । पारिपट्टि देखिएका सेता अन्नपूर्ण, मनास्लु, लमजुङदेखि गणेश हिमाल, लाङटाङ, गौरीशंकर, धौलागिरि र नुम्बुर हिमाल हेरिदिए पुग्छ ।



ठाउँ, विभिन्न महत्त्वका शिला र ग्रन्थ भेटिन्छन् । शैलुङको अर्को सौन्दर्य भनेको गुराँस हो । यहाँका पाखामा हिउँदयाममा सेता र राता गुराँस फुल्ने गर्छन् ।

पर्यटकबाट के चाहन्छ शैलुङ ?

शैलुङलाई मानिसले कुनै लगानी गर्नुपर्दैन । बस् ! फोहोर नगरिदिए पुग्छ । शैलुङका पाखापखेरा नउधिनिदिए पुग्छ । अनेकौं हिमाल हाँसेको हेर्दै माथि-माथिसम्म डाँडामा पुगेर हेरिदिए पुग्छ । मनै लोभ्याउने अनेकन् डाँडा घुमेर फोटो खिचिदिए पुग्छ । चौरी चरन र थरीथरीका लालीगुराँस हेरिदिए पुग्छ । पारिपट्टि देखिएका सेता अन्नपूर्ण, मनास्लु, लमजुङदेखि गणेश हिमाल, लाङटाङ, गौरीशंकर, धौलागिरि र नुम्बुर हिमाल हेरिदिए पुग्छ । हामीले यति गर्‍यौं भने शैलुङले सधैंभरि सौन्दर्य दिनेछ । सहरीकरणले जर्जर भएको हाम्रो मनलाई भुलाउनेछ । साँच्चै शैलुङले हामीलाई जीवनभर नभुल्ने शीतलता, स्नेह दिइरहनेछ ।

डाँडामै किन चाहियो भ्युटावर ?

शैलुङको प्राकृतिक बनावट र सौन्दर्यलाई कुनै पनि कृत्रिमताले जित्न सक्दैन । शैलुङ आफैं अग्लो स्थानमा छ । यो प्राकृतिक रूपमै सिर्जित भ्यु-टावर हो । कृत्रिम रूपमा यहाँ जति अग्ला र अनेकौं शैलीले सिँगारपटार गरे पनि फिक्का हुनेछ । तर, पछिल्लो समय व्यापार व्यवसाय र संरक्षणको नाममा केही कंक्रिटका संरचना बनेका छन् । शैलुङ शिर उधिनेर चार वर्षअघि यहाँ भ्युटावर बनाइएको थियो, जसले शैलुङलाई कुरूप बनाएको पर्यटक र स्थानीयवासी बताउँछन् । शैलुङको माथिल्लो भागमै अन्य कंक्रिटका संरचनासमेत बनेका छन् । शिव मन्दिर, गुम्बासमेत बन्दै छन् । प्राकृतिक सौन्दर्य र सम्भावनाले भरिएको यो ठाउँमा यसैगरी संरचना थप्दै जाने हो भने भोलिका दिनमा शैलुङको अस्तित्व नै हराउने हो कि भनेर स्थानीयवासी चिन्तित बनेका छन् । 'यो आफैंमा प्राकृतिक भ्युटावर हो, यहाँ अन्य संरचना बनाउनु भनेको यसको महत्त्व कम गर्नु हो,' शैलुङ कालापानीका रमेश तामाङले सुनाए ।

स्थानीय परिकार नपाउँदा पर्यटक खिन्न

शैलुङ पुग्ने अधिकांश पर्यटकले खानपान र बसोवास गर्ने ठाउँ हो कालापानी । यहाँबाट शैलुङ डाँडा करिब तीन किमि माथि पर्छ । कालापानीभन्दा माथिपट्टि होटेल र वासको व्यवस्था छैन । त्यसैले धेरै मानिस नजिक र सहज हुने भएपछि कालापानीमै बस्न रुचाउँछन् । तर, यहाँ पनि बसोवास र खानपान सहज छैन । पर्याप्त होटेल रेस्टुरेन्ट छैनन् भने भएका होटेल रेस्टुरेन्टमा पनि आतिथ्य र सम्मानपूर्वक वास पाउन मुस्किल पर्छ ।

स्थानीयले नै होटेल खोलेकाले पर्यटकलाई कस्तो व्यवहार गर्ने भनेर थाहा नभएको हुन सक्छ । तर, राजधानी तथा अन्य स्थानबाट शैलुङको सौन्दर्य नियाल्न पुगेका पर्यटकलाई होटेलले आतिथ्य दिन नसक्नु उनीहरूको कमजोरी हो । अर्को कुरा यसले उनीहरूको व्यवसायमा समेत धक्का पर्न सक्छ । त्यहाँ पुग्नेमध्ये अधिकांशले प्राकृतिक विषयमाथि प्रश्न उठाउँदैनन् । तर, बसोवास र खानपानमा भने प्रश्न उठाउने गर्छन् । होटेलहरूले राम्रो व्यवहार नगर्ने भएपछि कतिपय पर्यटक बिहान गएर बेलुकी नै फर्किने गरेका छन् । कतिपय पर्यटक बाध्य भएर यहाँ बस्छन् पनि ।

बाटोभरि जंकफुड : खोइ स्थानीय परिकार ?

कालापानीदेखि शैलुङ उक्लिँदै गर्दा अलि चिसो हुन्छ । तर, छिटो-छिटो पाइला सार्ने हो भने खलखल पसिना आउँछ । यो मौसममा शैलुङ घुम्न जाँदा पानी र आवश्यक केही खानेकुरा बोकेर जाँदा उचित हुन्छ । कालापानीदेखि माथि स्थानीय परिकार भेट्न मुस्किल हुन्छ । भोक मेटाउने विकल्प जंकफुड मात्रै बन्छ । शैलुङ चढ्ने क्रममा ठाउँ-ठाउँमा जंकफुड पाइने दोकान भेटिए पनि पर्यटकले स्थानीय परिकार खोजिरहेको महसुस स्थानीयवासीलाई छैन । यो दृश्य देख्दा शैलुङ एक हिसाबले नरमाइलो पनि लाग्छ । स्थानीय परिकार चाख्दै उकाली चढ्न पाए कति मज्जा हुन्थ्यो होला भन्ने खुलदुली पर्यटकको मनमा खड्किरहन्छ ।

भीमसेनको तरबार प्रतिस्थापन

शैलुङ क्षेत्रमै कुनै समय भीमसेन महाराजले तरबार छाडेर गएको किंवदन्ती छ । दोलखा भीमसेन मन्दिरका भीमसेन महाराजले प्राचीन समयमा तरबार छाडेर गएको किंवदन्तीलाई ध्यानमा राख्दै शैलुङमा भीमसेनको तरबार प्रतिस्थापन गरिएको छ । प्राचीन समयमा देवीदेवताको लडाइँ हुँदा उक्त तरबार भीमसेनले प्रयोग गरेको किंवदन्ती छ । अब शैलुङ पुगेका पर्यटकले भीमसेनको तरबारसमेत हेर्न पाउनेछन् ।

१५ वर्षको अन्तरमा उस्तै प्रकृतिका दुई समाचार लेख्दा...

रिपोर्टरको डायरी





● लोकेश साउद

१५ वर्षअघिको र अहिलेको समाचारको प्रकृति उस्तै थियो । उतिवेला सूचना प्रविधिको वर्चस्व कम थियो । त्यो समाचारको धेरै चर्चा पाएन ।

माघ ०६७ सालको कुरा हो । बैतडीको उत्तरवर्ती रुद्रेश्वर पड्सेरा (हाल : डिलासैनी गाउँपालिका-३)का नरेश दमाईं र भागरथी ओडले प्रेम विवाह गर्दा गाउँबाट लखेटिनुपर्‍यो । तल्लो जातको केटासँग विवाह गरेको भन्दै केटी पक्षको दबाबका कारण उनीहरू गाउँ छोड्न बाध्य भएका थिए । राष्ट्रिय दलित आयोगको 'दलित जातीय अनुसूची विवरण'अनुसार ओड र दमाईं थर पहाडी मूलका दलितको एकै श्रेणीका थर हुन् । जसअनुसार गन्धर्व (गाइने), परियार (दमाईं, दर्जी, सुचीकार, नगर्ची, ढोली, हुड्के), बादी विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनारा, पार्की, टमटा), मिजार (सार्की, चर्मकार, भूल), पोडे (देउला, पूजारी, जलारी) च्यामे (कुचीकार, च्याम्खल) एकै श्रेणीमा पर्छन् । तर, दमाईं (परियार)को छोराले ओड (विश्वकर्मा) की छोरीसँग विवाह गर्दा गाउँनिकाला हुनुपर्‍यो ।

दलित समुदायभित्रकै ओड थरका (केटी पक्ष)ले आफूहरू ठुलो भन्दै दमाईं थरका (केटा पक्ष)लाई कुटपिट गरेपछि पूरै परिवार गाउँ छोड्न बाध्य भएको थियो । यो घटनापछि दलित समुदायबिच पनि विभेद हुँदो रहेछ भन्ने पहिलोपटक थाहा पाएको थिएँ । न्यायका लागि त्यसवेला नरेश दमाईं, भागरथी र उनकी आमा महिनौंसम्म जिल्ला सदरमुकाम बस्नुपरेको थियो ।

सुरुमा प्रहरीले उजुरी दर्ता गर्न मानेको थिएन । दलित अधिकारकर्मी र सञ्चार माध्यमको दबाबपछि तत्कालीन प्रहरी प्रमुख शुकदेव न्यौपानेले उजुरी दर्ता गर्दै छानबिन अघि बढाएका थिए । प्रमुख जिल्ला अधिकारी मुरारीप्रसाद शर्माले विस्थापितका लागि आर्थिक संकलन गरेर सदरमुकाममै खाने-बस्ने व्यवस्था मिलाएका थिए । विस्थापित दम्पतीले त्यहीबिचमा शिशुलाई जन्म दिए । न्यायका लागि उनीहरूको सदरमुकाम बसाइ महिनौं लम्बियो ।

लामो समयपछि उनीहरूको झगडा मिलापत्रमा टुंगियो । अंग्रेजी विषयबाट स्नातक नरेश अहिले गाउँमै कपडा सिलाउने काम गर्छन् । नरेशकी श्रीमती भागरथी घरको व्यवस्थापन मिलाउँछिन् । उनले १५ वर्षअघि सत्यप्रकाश माविमा पढ्दै गर्दा प्रेम विवाह गरेकी थिइन् । विस्थापित भएकै वेला जन्मिएकी छोरी अस्मिता अहिले कक्षा ९ मा अध्ययनरत छिन् ।

यसबिचमा चमेलिया नदी उस्तै गरी सलल बगिरहेको छ । तर, यो परिवार भने चमेलियाजस्तो बग्न सकको छैन । दुःखका अनेक पहाडले थिचिरहेकै छ । यस अवधिमा जातीय विभेदसम्बन्धी कैयौं कार्यक्रम आयोजना भए । दलित अधिकारवादी संघसंस्था, दलित आयोग, राजनीतिक दलहरूले निरन्तर आवाज उठाइरहे । नयाँ संविधान बन्ने क्रममा संसदीय समितिले जिल्लामै आएर सुझाव संकलनसमेत गर्‍यो । कहिले जातीय विभेद अन्त्यका लागि सहभोज गरिए, कहिले आन्दोलन उर्लिए, गोष्ठी, अन्तर्क्रिया, छलफल, ज्ञापनपत्र आदि, इत्यादि गतिविधि त कति भए कति । यस्ता सबै गतिविधिका खबर सञ्चार माध्यमा आउन छाडेका पनि छैनन् ।

यसै क्रममा बैतडीमा दलित आन्दोलनको अगुवाइ गर्ने पुरनसिंह दयालले भारतको प्रतिष्ठित 'डा. भीमराव अम्बेडकर सेवाश्री अवार्ड'समेत पाए । भारतका संविधान निर्माता डा. अम्बेडकरको नामबाट स्थापित सेवाश्री अवार्ड दयालले ११ डिसेम्बर २०१० मा प्राप्त गरेका हुन् । जातीय विभेदको क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तिलाई भारत सरकारले यो अवार्डबाट सम्मान गर्ने गर्छ । अर्की अभियन्ता सरस्वती नेपालीले पाँच लाख राशीको पुरस्कार 'दर्नाल अवार्ड' र अमेरिकी डिपार्टमेन्ट अफ स्टेटको 'ग्लोबल एन्टी रेसिजम च्याम्पियन्स अवार्ड, २०२३' समेत प्राप्त गरेकी छिन् ।

बितेको १५ वर्षमा जातीय विभेदको क्षेत्रमा थुप्रै परिवर्तन भए । देशले नयाँ संविधान पायो । संविधानमै दलित समुदायका थुप्रै अधिकारको ग्यारेन्टी गरियो । नेपालको संविधान ०७२ को धारा २४ ले जातकै आधारमा भेदभाव गर्नु दण्डनीय हुने व्यवस्था गरेको छ । यस्तै धारा ४४ ले दलित समुदायलाई विशेष अधिकार प्रदान गर्ने ग्यारेन्टी गरेको छ । दलित समुदायका लागि नयाँ कानुन बनेका छन् । तीन तहका सरकारमा दलित समुदायका व्यक्तिहरूको प्रतिनिधित्व भएको छ । जातीय विभेद र दलित अधिकारको क्षेत्रमा अगुवाइ गर्नेहरूका जीवन परिवर्तन भए । यो क्षेत्रमा काम गर्ने संघसंस्थाले विभेदको 'स्केल डाउन' भएको दाबी गर्दै खुसियाली मनाए ।

जातीय विभेदसम्बन्धी पहिलो समाचार लेखेको १५ वर्षपछि त्यस्तै प्रकृतिको अर्को खबर सुन्नमा आयो । बझाङ र डोटीसँग सिमाना जोडिएको जिल्लाको पूर्वी क्षेत्रमा पर्ने सिगास गाउँपालिका-१ अड्डेगाडाका शिक्षक प्रकाश दमाईंले आमाको शव बोक्ने मलामी पाएनन् । गत शनिबार साँझ अबेर प्राप्त उक्त खबर प्राविधिक कारणवश आफैंले सम्प्रेषण गर्न सकिनँ । सहकर्मी मिलन विश्वकर्मालेराति अबेरसम्म मिहिनेत गरेर समाचार तयार पारे, 'मलामी नपाउँदा दिनभर आमाको शव कुरेर बसे बैतडी सिगासका प्रकाश दमाईं ।' गाउँका गैरदलित मात्र होइन, दलित समुदायकै अरू जातका मानिसले पनि शव उठाउन सहयोग गरेनन् ।

१५ वर्षअघिको समाचार र यो समाचारको प्रकृति उस्तै थियो । उतिवेला सूचना प्रविधिको वर्चस्व कम थियो । त्यो समाचारको धेरै चर्चा पाएन । अहिले समाजिक सञ्जालको बलियो उपस्थिति छ । सिगासको यो पीडायुक्त समाचारले सामाजिक सञ्जालमा सनसनी मच्चायो । अहिलेको सूचना प्रविधि र एआईको युगमा पनि जातीय अन्धविश्वासमा जकडिएको समाजले मानवीय संवेदना भुलिरहेको कुरूप दृश्य छताछुल्ल भएको छ । देश-विदेशमा रहेका नेपाली समुदायमध्ये कतिपयले प्रकाशको परिवारप्रति सहानुभूति दर्साए, कतिले स्थानीय समुदायमाथि गाली बर्साए । यो खबरले जातीय विभेदको मुद्दामा हलचल मात्रै ल्याएन, नयाँ बहससमेत सुरु गरेको छ ।

नयाँ पत्रिकाको समाचार पढेर सामाजिक सञ्जालमा विभिन्न खालका प्रतिक्रिया आएका छन् । त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्ने बैतडीका भुवन बोहराले 'सभ्य समाजलाई विचलित पार्ने समाचार' भन्दै टिप्पणी गरेका छन् । अढाइ दशकदेखि जातीय विभेदको क्षेत्रमा कार्यरत सरस्वती नेपालीले दलित समुदायले मृत्युपछि पनि विभेद भोग्नुपरेको र समाजमा मानवीय संवेदना हराएको बताएकी छिन् । दलित-दलित समुदायभित्र पनि विभेद रहेको कुरामा धेरैले आश्चर्य व्यक्त गर्दै खेदजनक घटना भनेका छन् । स्थानीयमा मानवीयता नभएको भन्दै कटाक्ष र अमार्यादित टिप्पणी गर्ने पनि अत्यधिक छन् ।

जुन बस्तीमा प्रकाशले आमाको शव बोक्ने मलामी पाएनन्, त्यहीं दुई वर्षअघिको एउटा दृश्य यतिखेर उल्लेख गर्न मन लाग्यो । दमाईं थरका स्थानीय एक व्यक्तिले घर निर्माण गरिरहेका थिए । विश्वकर्मा थरका व्यक्ति दक्ष कामदारका रूपमा घर निर्माणमा लागेका थिए । तर, उनी जसको घरमा 'कामदार'को रूपमा खटिएका थिए, आफूलाई 'उच्च' जात भन्दै उनकै घरमा पकाएको खान खान तयार हुँदैनथे । उनी सधैं खाना पकाउन थोरै चामल, अलिकति दाल, दुई ढिँडी खुर्सानी र केही मरमसाला ल्याएर गैरदलितको घरमा दिएर पकाइमाग्थे । पाकेको खाना टाढैबाट थाप्थे र रुखको छायामा बसेर खान्थे । आफूले खाएको थाल आफैं धोएर घाममा सुकाउँथे । उनी त्यहाँ आफैं 'विभेद' गरिरहेका थिए भने 'विभेद' सहर्ष स्वीकार गरिरहेका पनि थिए । कुनै दन्त्य कथाजस्तो लाग्ने यो दृश्य उनै प्रकाशको छिमेकमा भएको थियो । त्यसको ठ्याक्कै दुई वर्षमा प्रकाशकी आमा परलोक भइन् । उनले करिब ७० परिवारको बसोवास भएको यस वस्तीमा कोही मलामी पाइनन् ।

प्रकाश पेसाले शिक्षक हुन् । उनले सबै जातजातिका बालबालिकालाई समान तरिकाले ज्ञान बाँड्छन् । त्यही समाजका बालबालिकाको भविष्य सुनौलो बनाउन लागिपरेका प्रकाशकी आमाले संसार त्यग्दा भने घाटसम्म गइदिने मान्छे भेट्न मुस्किल पर्‍यो । उनका सबैजसो आफन्त कन्चनपुर बस्थे । कोही पाटन नगरपालिका-४ मा बस्छन् । दोस्रो दिन दुवै ठाउँबाट आफन्त आएपछि प्रकाशकी आमाको शव उठ्यो । ट्र्याक्टरमा राखेर पाटन-६, सुर्नयागाडमा रहेको तिपडा घाट पुऱ्याउँदा केबल दुईजना मात्र गैरदलित समुदायका युवा थिए । बाँकी १६ जना उनकै आफन्त थिए । घरमा आएर सहानुभूति दिने, आर्थिक सहायता गर्ने, रातभरि शव कुरेर बस्नेमा गैरदलित समुदायबाट पनि थिए । तर, समस्या कहाँ देखियो भने शवलाई छुनचाहिँ कोही तयार भएनन् । दलित समुदायमाथि गैरदलितबाट हुने विभेद एकातिर छ । तर, दलित-दलितभित्रैको विभेद आधुनिक समाजलाई झन् लज्जित बनाउने खालको छ । १५ वर्षको फरकमा राष्ट्रिय सञ्चार माध्यममा सम्प्रेषण भएका दुई समाचारले दलित-दलितभित्रै विभेदको गहिरो खाडल रहेको प्रस्ट देखाउँछ । एउटै समुदायमा एकले अर्कालाई 'सानो' वा 'ठुलो' देख्ने परिपाटी जबसम्म अन्त्य हुँदैन, तबसम्म जतिसुकै विभेदमुक्त समाज परिकल्पना गरे पनि साकार हुन सम्भव छैन । रुढीवादी चिन्तनलाई राजनीतिक परिवर्तन र ऐनकानुनले मात्र नछेक्दो रहेछ, यसका लागि मानिसको मनभित्रैबाट 'ठुलो-सानो' जात देख्ने दृष्टिभ्रम हट्नु जरुरी छ ।

आत्मसन्तुष्टिका लागि चित्र बनाउँछु



रङ र कुची

● **ईशान परियार**, चित्रकार

छन् । मानिसकै कारण मानिस जिउने एउटा भरपर्दो आधार भत्किने खतरा बढ्दै गएको छ । विकासले विनाश निम्त्याउँछ भनेझैं प्रकृतिको अस्तित्व पनि नरहने संकेत देखिँदै छ । त्यसकारण म प्रकृति र मानव अस्तित्व चित्रमार्फत खोज्छु ।

मेरा चित्रमा मानव जीवनका विभिन्न आयामसमेत हुने गरेका छन् । यिनै चित्रले भावना र विचार अभिव्यक्त गर्न सहयोग गरेका छन् । रङको आफ्नै अर्थ र भाव हुन्छ । त्यसले मनलाई ऊर्जाशील र रचनात्मक बनाउँछ । चित्र बनाउँदा मलाई स्वतन्त्रताको प्रत्याभूति दिलाउँछ । चित्र व्यावसायिकताका लागि भन्दा पनि आत्मसन्तुष्टिका लागि बनाउँछु ।

भक्याप्पै !



रवि मिश्र
@rabimishra



महाशिवरात्रिको महात्म्य

'शिव' सबैका आत्मा हुन् र ब्रह्म, सद्गुरु पनि हुन्। शून्य नै शिव हुन्। हरेक अंक शून्यबाटै सुरु हुन्छ र शून्यमै समाहित हुन्छ।

संस्कृति



● बुद्धिनारायण श्रेष्ठ



फाइल तस्बिर

महाशिवरात्रि अक्सर हिन्दुजनले प्रत्येक वर्ष मनाउने उल्लासमय पर्व हो। नेपालमा बौद्ध समुदायले पनि शिवरात्रि मनाउने चलन छ। महाशिवरात्रि भगवान् शिव सबैभन्दा खुसी हुने दिन हो भन्ने विश्वास गरिन्छ।

यो वर्ष फाल्गुण कृष्ण चतुर्दशी तिथिमा परेको महाशिवरात्रि पर्व हिन्दु धर्मावलम्बीले अवलम्बन गर्ने एक प्रमुख पर्व हो। आराध्यदेव भगवान् शिवको उत्पत्ति भएको रातका नामबाट नामकरण भएको भनिएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा पुराणमा वर्णित छ। धार्मिक मान्यताअनुसार महाशिवरात्रिलाई महान् पर्वका रूपमा लिइन्छ। त्यसैले शिवरात्रिको अघिल्तिर 'महा' भन्ने शब्द थपेर सबभन्दा महत्त्वपूर्ण पर्व भन्ने गरिएको हो। यस वर्ष महाशिवरात्रि पर्व यही फागुन १४ गते परेको छ।

महाशिवरात्रि अक्सर हिन्दुजनले प्रत्येक वर्ष मनाउने उल्लासमय पर्व हो। नेपालमा बौद्ध समुदायले पनि शिवरात्रि मनाउने चलन छ। महाशिवरात्रि भगवान् शिव सबैभन्दा खुसी हुने दिन हो भन्ने विश्वास गरिन्छ। महाशिवरात्रिलाई पर्वको राजा पनि भनिन्छ। महाशिवरात्रिमा गरिने व्रतपूजाको पालनाले भोग र मोक्ष दुवैको प्राप्ति हुन्छ भनिन्छ। महाशिवरात्रिमा ठुला-साना शिव मन्दिरमा भिडभाड लाग्छ। त्यहाँ धुमधामसँग शिवप्रति श्रद्धा व्यक्त गर्ने परम्परा छ। महाशिवरात्रि पर्वका दिन भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको नाममा मुख्यतया बेलको पात, धतुरो, दुध र पानी चढाएर, दिनभरि उपवास बसेर धुनी बाल्दै रातभरि जागरण गरी मनाइन्छ। यस दिन उपवास गरी ॐ नमः शिवाय मन्त्र जपेमा सर्वसिद्धि लाभ भई नर्कलोक जानु नपर्ने धार्मिक विश्वाससमेत रहेको छ। शिवजीको यसै दिन उत्पत्ति भएको र शिव-पार्वतीको विवाह पनि त्यसै दिन भएको विश्वास छ।

महाशिवरात्रि भगवान् शिवको प्यारो दिन भएकाले यस दिनलाई (शिवको महान् रात) का रूपमा पनि लिइन्छ। यस दिनलाई भगवान् शिवद्वारा ताण्डव नृत्य गरिएको दिनका रूपमा पनि लिने गरिन्छ। पौराणिक कथाअनुसार समुद्र मन्थन गर्दा निस्केको कालकुट विषलाई भगवान् शिवले आफ्नो कण्ठमा राखी संसारलाई विनाश हुनबाट बचाएको कथा पनि जोडिएको छ। विष निलेर घाँटीमा राखेको हुनाले भगवान् शिवलाई निलकण्ठ पनि भनिन्छ।

निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिंगमा दुग्धाभिषेक र शिव महिमा कीर्तन महाशिवरात्रि पूजाअर्चनाका मुख्य अंग मानिन्छन्।

देश तथा विदेशका हिन्दूले यस वर्षको १४ फागुनमा महाशिवरात्रि पर्वलाई ठुलो उत्साह, धार्मिक जोस र भक्तिसाथ मनाउँदै छन्। महाशिवरात्रिको अवसरमा केही भक्तजनले नदी र पोखरीमा पवित्र डुबल्की लगाएर (पानी सफा नभए पनि) उपवास बसेर, आगो/धुनी जगाएर, प्रसाद लिँदै शिव भजन गाउने गर्छन्। तपस्वी र तीर्थयात्रीले शिव मन्दिरको भ्रमण गर्दा, लाखौंले, विशेषगरी काठमाडौंको पशुपतिनाथ मन्दिरमा श्रद्धा अर्पण गर्छन्। यस दिन वा चाडपर्वका दौरान आत्म-अपमान गर्ने मानिसले आत्माको शुद्धिका लागि योग र ध्यानको अभ्यास गरेर वरदान प्राप्त गर्छन् भन्ने विश्वास छ। यसले उनीहरूलाई माया (पुनर्जन्मको चक्र) बाट मुक्तिको एक कदम नजिक ल्याउँछ भन्ने विश्वास पनि गरिन्छ।

शिवलाई हिन्दू धर्ममा पहिलो गुरु मानिन्छ, जसबाट योग परम्पराको उत्पत्ति भएको ठानिन्छ। परम्पराअनुसार महाशिवरात्रिको रातमा ग्रहहरूको विशेष स्थितिले मानवलगायत प्राणीमा ऊर्जा वृद्धि हुन्छ। भौतिक दृष्टिकोणले वर्षको कुनै रातभरि जागिरहनु अर्थात् सचेत रहनु फाइदाजनक पनि मानिन्छ। यसअनुसार शिवका उपासकहरू (शैव-मार्गी) दिनभर व्रत बस्छन् र रातभरि जाग्राम रही भगवान् शिवका विभिन्न रूपको पूजा गर्छन्।

महाशिवरात्रिको अवसरमा काठमाडौंको पशुपतिनाथ, झापाको अर्जुनधारा, सुनसरीको रामधुनी र पिण्डेश्वर, खोटाङको हलेसी, मोरङको किराँतेश्वर, गुल्मीको गलेश्वर आदि विविध शिवालयमा भक्तजनको भिड लाग्छ। यस अवसरमा भारतलगायत विश्वका विभिन्न स्थानबाट जोगी, योगी एवं भक्तजन पशुपतिनाथ मन्दिरमा आउँछन्।

पशुरूपी मानवका पति र सबै जीवका मालिक भएकाले शिवलाई 'पशुपतिनाथ' भनिएको हो भन्ने मान्यता छ। शिव भगवान् 'पशुपतिनाथ' को नामले पनि चिनिन्छन्। 'शिव' सबैका आत्मा हुन् र ब्रह्म, सद्गुरु पनि हुन्। शून्य नै शिव हुन्। हरेक अंक शून्यबाट सुरु हुन्छ र शून्यमै समाहित हुन्छ। शून्यमा अर्को शून्य थपिँदा दश दोब्बरको संख्यामा परिणत हुन्छ। शिवको अर्थ मंगल, कल्याण र आनन्द हो। शिवको शक्तिलाई रूपविहीन अमूर्त शक्ति मानिन्छ, जसको कुनै आकार नभए पनि सबथोक त्यही शक्तिमा केन्द्रित रहेको मानिन्छ। दीनदुःखीमाथि करुणाको वर्षा गराउने भगवान् शिव हुन्। शिव शक्तिको पूजाअर्चनाबाट शक्ति, शौर्य र सामर्थ्य जगाउँछ भन्ने जनमान्यता छ। शिवलाई 'शम्भु' पनि भनिन्छ। ॐ (अ उ म) कार अर्थात् ॐ नमः शिवाय पञ्चाक्षरी शक्ति मन्त्र हो। यो सबैको रक्षा गर्ने र सबैको कल्याण गर्ने मन्त्र हो। यो मन्त्रलाई उच्चारण गरे कार्यसिद्धि हुन्छ भन्ने विश्वास गरिन्छ।

पशुपतिनाथलाई शिव, रुद्र, निलकण्ठ पनि भनिन्छ। पशुपतिनाथका तीन आँखा छन्। तेस्रो आँखालाई 'ज्ञानचक्षु' भनिन्छ। पशुपतिनाथका पाँच मुहार छन्, चार दिशामा चार मुहार र चारैको बिचमा माथितिर पाँचौं मुहार छ। यी मुहारले के बुझाउँछ भन्ने तलको तालिकाबाट जान्न सकिन्छ :

ब्रह्माण्डको दिशा	पञ्चमुखी महादेवको शिवलिंग मुहार	कार	स्वरूप	पूजा गर्ने	रूप	कर्ता
उत्तरी मुहार	वामदेव (आधा शिव, आधा पार्वती)	आकार	उमा	घिउद्वारा	ब्रह्मा	सृष्टिकर्ता
पश्चिमी मुहार	सद्योजात (सद्गुण)	ॐ कार (रौद्र)	नन्दी	मह चिनीद्वारा	विष्णु	पालनकर्ता
दक्षिणी मुहार	अघोर (शान्त रौद्र)	म कार	भैरव	दहीद्वारा	महेश्वर	संहारकर्ता
पूर्वी मुहार	तत्पुरुष (शव महेश्वर)	ॐ कार	शिव	दुधद्वारा	-	-
पञ्चम मुहार (माथितिर)	आकाश (उर्ध्व)	नाद (स्वर)	महादेव इशान	चारै पदार्थद्वारा	-	-

देवताहरूमध्ये सबैभन्दा ठुला अर्थात् 'देवादिदेव महादेव पशुपतिनाथ' लाई भनिन्छ। यसै कारणले काठमाडौंमा महाशिवरात्रिका दिन बिहान सबैरैदेखि रातिसम्ममा लाखौं भक्तजनले पशुपतिनाथको दर्शन गर्छन्। पशुपति विकास कोषका अनुसार गत वर्षको महाशिवरात्रिका दिन पाँच लाखभन्दा बढी भक्तजनले पशुपतिनाथको दर्शन गरेका थिए। यस वर्ष त्योभन्दा बढीले दर्शन गर्ने सम्भावना रहेको छ।

पशुपतिनाथको मन्दिर दुईतले प्यागोडा शैलीको छ। छानामा सुनको लेप लगाइएको छ। मन्दिरको माथिल्लो छानाको बिच भागमा चारतिर चार होचा गजुर छन्। यी गजुरको बिचमा अर्को ठुलो अग्लो गजुर छ। यसको पूर्व-पश्चिमतिरबाट तामाको पट्टाको सहाराले मुख्य गजुरलाई नछुने गरी माथितिर, भित्र खाली भएको अर्को गजुर राखिएको छ। यो नै सबैभन्दा अग्लो गजुर हो। मुख्य गजुरको उत्तरतर्फ पित्तलको डन्डामा डमरु-बन्चरोसहितको त्रिशूल ठड्याइएको छ।

मन्दिरभित्र करिब तीन फिट अग्लो पशुपतिनाथ शिवलिंग विराजमान छन्। शिवलिंगलाई सुनको जलहरीमाथि राखिएको छ। मन्दिरका चार दिशातिर चाँदीले मोडिएका चार ढोका छन्। शिवलिंगको चार मुहार यी चार ढोकातिर फर्किएका छन्। पशुपतिनाथ शिवलिंगलाई नित्यपूजा तथा साँझपखसमेत आरती गरिन्छ। प्रत्येक पूर्णिमामा विशेष पूजा गरी भोग चढाइन्छ। मन्दिरको मूलढोकाअगाडि करिब १५ फिट लामो र आठ फिट अग्लो शिवको वाहन नन्दी (साँढेको प्रतिरूप) राखिएको छ।

महाशिवरात्रि पर्वका दिन विभिन्न ठाउँका भक्तजनले आफूलाई पायक पर्ने स्थानको शिव मन्दिर तथा काठमाडौंवासीले पशुपतिनाथको दर्शन गरी पूजा आराधना गरेमा आध्यात्मिक रूपले आफूलाई मनमा शान्ति तथा सन्तोष मिल्छ भन्ने विश्वास गरिन्छ। पशुपतिनाथको दर्शन गर्न भौतिक रूपले पनि घण्टौं लामबद्ध भई अन्तिममा दर्शन पाउन शारीरिक परिश्रम गर्नुपर्दा स्वास्थ्यका लागि फाइदाजनक नै हुनेछ।

फिल्मको तृष्णाले स्वास्थ्य बिगारेँ

नेपाली फिल्ममा काम गरेर पूरै जीवन बिताएँ। बदलामा सम्पत्ति र आँखाको ज्योति गुमाएँ।



नेपथ्यबाट

कमलप्रसाद मिश्र, कस्ट्युम डिजाइनर

फिल्ममा काम गरेर पाउनुभन्दा धेरै गुमाएपछि कमल अहिले आफूलाई बत्तीमा झुम्मिएको पुतलीसँग तुलना गर्छन्। भन्छन्, 'उज्यालो देखेर पुतलीहरू बत्तीमा झुमिन्छन् र पखेटा चुँडिएर भुइँमा खस्छन्। मेरो जिन्दगी पनि त्यस्तै भयो।'

उमेरले ६५ काटे पनि कस्ट्युम डिजाइनर कमलप्रसाद मिश्रको फिल्मप्रतिको भोक जागै छ। ३६ वर्षदेखि फिल्मको कस्ट्युम डिजाइनमा उनको सक्रियता उस्तै छ। नेपालका अधिकांश पुराना फिल्ममा उनैले डिजाइन गरेको पहिरन कलाकारले लगाए। उनले काम गरेका प्रायः फिल्म दर्शकले रुचाएका छन् पनि। उनी द्वन्द्व निर्देशक गोपाल भुटानीका प्रिय डिजाइनर थिए। उनले अहिलेसम्म दुई सय ३४ वटा फिल्ममा कस्ट्युम डिजाइनरका रूपमा काम गरिसकेका छन्।

कमलको फिल्मसँगको संगत निकै रोचक छ। विसं २०१८ मा ताप्लेजुङको डाँडागाउँमा जन्मिएका कमलका बुबा भारतीय लाहुरे थिए। बुबाले परिवारलाई भारतको मणिपुर लगे। उनको बाल्यकाल मणिपुरमै बित्यो। भारतमा बुबा-आमाको निधन भएपछि उनी दाइसँग नेपाल फर्किए।

२०४० सालतिरको कुरा हो। कमलले स्वयम्भूनजिकै टहरामा पान र चिया पसल खोलेका थिए। पान पसलबाट उनले राम्रो कमाउँथे। पान पसलबाट कमाएको पैसाले कोठाभाडा र खर्च मनग्ये पुग्थ्यो।

त्यसवेलाका द्वन्द्व निर्देशक गोपाल भुटानी पान पसलमा आइरहन्थे। गोपालले कमलले बनाएको पान खुब मन पराउँथे। फुर्सद मिल्नासाथ गोपाल थापाथलीबाट हिँडेरै स्वयम्भू घुम्न पुग्थे र घुमिसकेपछि उनको पान पसलमा पस्थे। गोपालसँग उनी हिन्दी भाषामा बात मार्थे। गोपाल भुटानी त्यसवेलासम्म नेपाली भाषा त्यति बोल्दैनथे। दुईजना हिन्दीमै घन्टौं गफिन्थे। ती दिन सम्झिँदै कमल भन्छन्,'गुरु(गोपाल भुटानी)सँग खुब राम्रो दोस्ती जम्न थाल्यो।'

२०४४ सालतिरको कुरा हो। एक दिन कमल आफ्नो पसलमा बसिरहेका थिए। गोपालले उनलाई एक दिन सोधेछन्, 'फिल्ममा काम गर्छौं ?' फिल्मको काम भन्नासाथ कमल हौसिए। 'मैले एकैपटकमा हुन्छ भनेर जवाफ फर्काएँ। म पनि भारतीय फिल्म हेर्दै आएको मान्छे। फिल्ममा काम गर्न पाउँदा हुँदैन भन्ने कुरा भएन,' कमल भन्छन्, 'पान पसलमा बस्नुभन्दा फिल्मतिर काम गर्छु भन्ने सोच आयो। त्यसपछि गुरुको पछि लागेँ।'

गोपालले कमललाई सुरुमा 'अन्याय' फिल्ममा काम दिए। फिल्ममा गोपाल भुटानी द्वन्द्व निर्देशक थिए। फिल्मका निर्देशक तुलसी घिमिरे थिए। कलाकारहरू विश्व बस्नेत र मीरा माधुरी थिए। गोपालले कमललाई सेट डिजाइन गर्न अह्राउँथे। गोपालकै निर्देशनमा कमलले सेट डिजाइन गर्थे।

'मलाई फिल्ममा सेट डिजाइन के हो थाहा थिएन। तर, गुरुले जहाँ-जहाँ किला ठोक भन्नुहुन्थ्यो, त्यहाँ किला ठोक्थेँ। कहिलेकाहीँ सेटमा रड लगाएर पोत्नुपर्थ्यो।' उनले विगत सम्झिए।

'अन्याय' फिल्ममा काम गरेबापत कमलले दिनको ३० रुपैयाँ पारिश्रमिक पाए। त्यसपछि उनलाई फिल्मतिर नै मोह बढ्न थाल्यो। दैनिक कलाकारसँग भेट्न पाउने, पैसा पनि आउने, कमललाई फिल्म क्षेत्र रमाइलो लाग्न थाल्यो। कमल उता फिल्म लाइनमा लागेपछि पान पसल बन्द भयो।

'त्यो वेला साह्रै रमाइलो थियो। खानका लागि पैसा पनि नलाग्ने, घुम्न पनि पाइने। संसार त फिल्ममा पो रहेछ भन्ने लाग्यो। सुटिङ सकेपछि गुरुसँग बसिन्थ्यो। दारु तानिन्थ्यो पनि। नपिएको रातै हुँदैनथ्यो,' कमल सम्झिन्छन्, 'त्यसपछि म गुरुसँगै थापाथलीमा बस्न थालेँ।'

> मैले आफ्नो कामलाई बढी प्राथमिकता दिएँ। स्वास्थ्यलाई ख्यालै गरिनँ। फिल्मको काम गर्ने दौरानमा टाइफाइड भयो। टाइफाइड बिग्रिएपछि मेरो आँखामा असर गऱ्यो। समयमै आफ्नो स्वास्थ्यको ख्याल गरेको भए एउटा आँखा गुमाउनुपर्ने थिएन। फिल्म-फिल्म भनेर लागियो।

सुरुवातको समयमा कमल आर्ट डिजाइनको रूपमा फिल्ममा प्रवेश गरे। तर, पछि उनलाई यसमा भन्दा वेशभूषामा काम गर्न मन लाग्यो। 'मुक्तिदाता' फिल्मबाट उनले वेशभूषा डिजाइनरको रूपमा काम थाले। एउटा घटनाका कारण उनको बढुवा भयो। गोपालको खास वेशभूषा डिजाइनर जुँगे भट्टराई थिए। भट्टराई पिउन माहिर। पिएपछि सम्हालिन नसक्ने बानीका कारण उनको काम खोसियो। त्यो काम पाए कमलले। 'मुक्तिदाता' फिल्ममा राजेश हमाल प्रमुख पात्रका रूपमा थिए।

राजेशको पहिरन कमलले नै डिजाइन गरे। त्यसपछि एकपछि अर्को फिल्ममा वेशभूषा डिजाइनरको रूपमा उनले अवसर पाइरहे।

कमलले राजेश हमालसहित अधिल्लो पुस्ताका प्रायः सबै कलाकारका पहिरन डिजाइन गरेका छन्। पहिरन डिजाइनका लागि उनले औपचारिक शिक्षा र तालिम भने लिएका छैनन्। तर, उनी कुनै औपचारिक शिक्षाविना नै काम गर्न पोख्त भए। कमल भन्छन्, 'फेसन डिजाइनर पढेकाहरू पनि मसँग सिक्न आउँछन्।

कमलले 'अविरल बग्छ इन्द्रवाती', 'देवी', 'करुणा', 'कसलाई आफ्नो भनुँ'जस्ता टेलिसिरियलमा पहिरन डिजाइन गरेँ। 'कामभै रमाउन थालेँ। फिल्म नै जीवनको सबथोक हो भन्ने लाग्न लाग्यो,' उनी भन्छन्।

२०५८ सालतिरकै कुरा हो। त्यतिवेला 'मुक्तिदाता' फिल्मको सुटिङ बालाजुको कर्मतारा गर्लैंचा फ्याक्ट्रीमा भइरहेको थियो। फिल्ममा गोपाल भुटानीको निर्देशनमा कमलले सेट डिजाइन गरे। त्यही दौरान उनको दुवै आँखा पाकेर सुन्निए। तर, उनलाई फिल्मको सुटिङ सक्ने ध्याउन्न मात्रै भयो। चिसोपानीले छ्याप्दै दिउँसो सुटिङमा काम गरिरहे। धेरै दिनको सुटिङ सकिएपछि मात्रै कमल आँखा उपचार गर्न गए। एउटा अस्पतालले मात्रै उनको आँखाको विमार पत्ता लगाउन सकेन। काठमाडौंका धेरै आँखा हस्पिटलमा उपचारका लागि दौडिए। तर, उनको आँखा ठिक भएन। अन्तिममा बिपी कोइराला नेत्र अस्पतालले उनको एउटा आँखाको ज्योति गुमेको भनिदियो।

'मलाई त्यसवेला ज्वरो पनि आइरहेको रहेछ। सुटिङमा आँखा सुन्निरहेको थियो। तर, आँखाको सामान्य रोग होला भन्ने सोचेँ। पछि त्यसले ठुलो रूपमा लियो। मेरो दाहिने आँखै गुम्यो,' उनी विगत स्मरण गर्दै भन्छन्, 'मैले आफ्नो कामलाई बढी प्राथमिकता दिएँ। स्वास्थ्यलाई ख्याले गरिनँ। फिल्मको काम गर्ने दौरानमा टाइफाइड भयो। टाइफाइड बिग्रिएपछि मेरो आँखामा असर गऱ्यो। समयमै आफ्नो स्वास्थ्यको ख्याल गरेको भए एउटा आँखा गुमाउनुपर्ने थिएन। फिल्म फिल्म भनेर लागियो।'

कमलले जीवनमा आँखा मात्रै गुमाएनन्, क्यान्सरजस्तो भयानक रोगको पनि सामना गर्नुपऱ्यो। २०७५ सालमा उनलाई घाँटीको क्यान्सर भयो। बल्लबल्ल क्यान्सरलाई जिते। अहिले उनी कस्सिएर बोल्न सक्दैनन्। कस्सिएर बोल्दा आवाज आउँदैन। उनी लामो समय बोलिरहन पनि सक्दैनन्। 'क्यान्सर जितेर बाँच्न सफल भएँ। तर, वेलावेलामा स्वर रोकिन्छ। धेरै बोलिरहनु पनि हुँदैन। ब्याट्री सकिएको रेडियोजस्तो भएको छु। ब्याट्री सकिएपछि रेडियो बज्दैन, फेरि चार्ज गरेपछि बज्छ, हो त्यस्तै हुन्छ मेरो बोली पनि। पहिलेभन्दा अहिले अलिक सुधार भएको छ, उनी भन्छन्, 'उपचार गर्दागर्दै सम्पत्ति सकियो।'

अहिले कमलसँग अस्पतालमा स्वास्थ्य जाँच गर्ने पैसासमेत हुँदैन। भन्छन्, 'मेरा लागि फिल्ममा काम गर्नु फलामको चिउरा चपाएसरह भयो। फिल्ममा काम गर्दै पूरै जीवन बिताएँ। बदलामा सम्पत्ति र स्वास्थ्य गुमाएँ। अहिले त फिल्ममा काम पनि पाउन छाडेँ। अस्पताल जान पनि साथीभाइसँग सहयोग माग्नुपर्छ।'

कमल अहिले पुतलीसडकस्थित डेरामा बस्छन्। फिल्ममा काम गरेर पाउनुभन्दा धेरै गुमाएपछि कमल अहिले आफूलाई बत्तीमा झुम्मिएको पुतलीसँग तुलना गर्छन्। भन्छन्, 'उज्यालो देखेर पुतलीहरू बत्तीमा झुमिन्छन् र पखेटा चुँडिएर भुइँमा खस्छन्। मेरो जिन्दगी पनि त्यस्तै भयो।'

प्रस्तुति : **पवन बराइली**

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १० फागुन ०८१

बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न नियमन आयोगको फेरि अवरोध

विद्युत् प्राधिकरणलाई आयोगको निर्देशन- लाइन नकाटी बक्यौता उठाउनू

मिलन विश्वकर्मा/नयाँ पत्रिका

वर्षौंदेखिको बिजुलीको बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न विद्युत् प्राधिकरणलाई नियमन आयोगले फेरि अवरोध गरेको छ। आयोगले शुक्रबार प्राधिकरणलाई पत्राचार गर्दै 'लाइन नकाटी बक्यौता उठाउनू' भनेको छ। वर्तमान सरकार आएयता बक्यौता उठाउन प्राधिकरणलाई पटक-पटक असहयोग भइरहेको छ।

चरम लोडसेडिङ भएका वेला डेडिकेटेड तथा ट्रंक लाइन सुविधामार्फत २४सै घण्टा बिजुली प्रयोग गरेका ३५ उद्योगले तोकिएको दररेटअनुसार बिजुली उपयोग गरेबापत सात अर्ब रुपैयाँभन्दा बढी तिर्न अटेर गर्दै आएका छन्। बक्यौता असुल्न विद्युत् प्राधिकरण ऐनअनुसार लाइन काट्न २७ माघमा प्राधिकरणले आयोगसँग सहमति मागेको थियो। तर, शुक्रबार आयोगले त्यसको जवाफ पठाउँदै उद्योगमा लाइन नकाट्न निर्देशन दिएको हो।

२ मंसिरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बनाएको जाँचबुझ समितिलाई नै देखाएर आयोगले प्राधिकरणलाई लाइन नकाट्न भनेको हो। उद्योगीलाई गर्ने कारबाही यथास्थितिमा राखेर बक्यौता असुलीको कार्यलाई भने निरन्तरता दिनुपर्ने आयोगको निर्देशन छ। उद्योगमा लाइन नकाटी बक्यौता असुल गर्नुपर्ने आयोगको भनाइ मन्त्रिपरिषद्ले यसअघि गरेको पत्राचारसँग मिल्दोजुल्दो छ।

'सरकार (मन्त्रीस्तर)बाट २ मंसिरमा गठित बक्यौता रकमको जाँच गर्ने प्राविधिक समितिले आफ्नो कार्य सम्पन्न गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाएपछि त्यसउपर सरकारबाट निर्णय भई तथ्य स्थापित हुन बाँकी नै भएको अवस्था भएकाले यस आयोगबाट अर्को निर्देशन प्राप्त नभएसम्म विवादित डेडिकेटेड फिडर र ट्रंक लाइन उपभोक्ताउपरको कारबाही यथास्थितिमा राख्ने र बक्यौता असुलीको कार्यलाई भने निरन्तरता दिने,' आयोगले शुक्रबार प्राधिकरणलाई पठाएको पत्रमा उल्लेख छ।

उद्योगको बक्यौता असुलीमा प्राधिकरणलाई अवरोध गर्ने उद्देश्यले ऊर्जामन्त्री दीपक खड्क ले २ मंसिरमा प्राविधिक कमिटी बनाएका थिए। त्यसलाई नै कारण देखाएर ११ मंसिरमा विद्युत् नियमन आयोगले प्राधिकरणलाई उद्योगमा लाइन नकाटी अन्य दबाबमूलक कारबाही गरी बक्यौता असुल प्रक्रिया अघि बढाउन भनेको थियो। तर, दबाबमूलक कारबाही गर्दा पनि बक्यौता नउठेपछि प्राधिकरणले उद्योगमा लाइन काट्न पाउनुपर्ने भन्दै आयोगसँग सहमति मागेको हो।

विद्युत् नियमन आयोगको जिकिर

■ बक्यौता उठाउनकै लागि उद्योगमा लाइन काट्दा अर्थतन्त्रमा नकारात्मक असर पर्छ

विद्युत् नियमन आयोगले बिजुली प्रयोग गरेबापतको पैसा नतिर्ने उद्योगमा लाइन काट्दा प्राधिकरणको आम्दानीदेखि मुलुकको अर्थतन्त्रलाई पनि नकारात्मक असर पुग्ने जिकिर गरेको छ। मासिक विद्युत् महसुल भुक्तानी गरिरहेका उपभोक्ताको विद्युत् लाइन काट्नेबाहेक अन्य उपयुक्त र कानुनसम्मत कारबाही गर्न सकिने आयोगको भनाइ छ।



'ठुला ग्राहकबाट बक्यौता असुल गर्ने क्रममा विद्युत् लाइन बिच्छेदको कारबाही गरियो भने प्राधिकरणले त्यस्ता ग्राहकबाट आर्जन गर्ने नियमित आम्दानीमा नकारात्मक असर परी क्षति हुन जाने साथै विद्युत् लाइन बिच्छेदको कारणले उद्योगहरू बन्द भएमा रोजगारी तथा उत्पादनसमेत प्रभावित भई देश र समाजलाई क्षति हुन जाने व्यावहारिक पक्षउपर समुचित विचार पुऱ्याउने रणनीतिको अवलम्बन गर्दै मासिक विद्युत् महसुल नियमित रूपमा भुक्तानी गरिरहेका उपभोक्ताको हकमा विद्युत् लाइन काट्नेबाहेक अन्य उपयुक्त र कानुनसम्मत वैकल्पिक कारबाही गर्न सकिने नै छ,' आयोगले प्राधिकरणलाई पठाएको पत्रमा भनिएको छ।

बिजुली काटेर बक्यौता उठाउनुपर्ने ऐनमै छ व्यवस्था



बक्यौता नतिर्ने उद्योगको लाइन काट्न प्राधिकरणलाई स्पष्ट रूपमा कानुनी अधिकार छ। विद्युत् प्राधिकरण ऐन, २०४१ र विद्युत् महसुल संकलन नियमावली, २०७८ मा समयमै महसुल नतिर्ने ग्राहकको लाइन काटेर बक्यौता असुली गर्न पाउने व्यवस्था छ। सोहीअनुसार प्राधिकरणले यसअघि पनि उद्योगमा लाइन काटेको थियो। तर, राजनीतिक दबाबमा बक्यौता असुल नहुँदै उद्योगमा लाइन जोडिएको थियो। आगामी दिनमा भने राजनीतिक दबाब आउन नदिन प्राधिकरणले लाइन काट्दा आयोगको पूर्वसहमति खोजेको हो। तर, त्यसमा आयोगले सहमति दिन इन्कार गरेको छ।

बक्यौता उठाउन निरन्तर अवरोध गरेर प्रगति विवरण मागियो

आयोगले बक्यौता असुलीका लागि १४ कात्तिकपश्चात् भएको प्रगतिको व्यहोरा उपलब्ध गराउन पनि निर्देशन दिएको छ। 'उपयुक्त अनुपातमा आवधिक रकम तोकेर सम्बन्धित ग्राहकबाट किस्ताबन्दीमा वा पूरै असुलउपर भएको भए सोको विवरण आयोगलाई जानकारी गराउने,' पत्रमा भनिएको छ, 'कुन अनुपातमा आवधिक रकम वा किस्ता तोकियो र कुन-कुन ग्राहकबाट के-कति बक्यौता रकम असुल भयो ? सो खुलाउने।'



नियमन आयोगको पत्रमा सरकारी छाया, मन्त्रिपरिषद् र ऊर्जामन्त्रीकै भाषामा प्राधिकरणलाई पत्राचार

नियमन आयोगले 'लाइन नकाटी बक्यौता उठाउनू' भनेर गरेको पत्राचार यसअघि मन्त्रिपरिषद् बैठकले गरेको निर्णयसँग मिल्दो छ। प्राधिकरण ऐनले बक्यौता नतिर्ने ग्राहकको लाइन काटेर दबाब दिन गरेको स्पष्ट व्यवस्थाविपरीत नियमन आयोगले सरकारकै भाषामा प्राधिकरणलाई पत्राचार गर्दै लाइन काट्न असहमति जनाएको छ। त्यस्तै, ऊर्जामन्त्री दीपक खड्काले २ मंसिरमा गठन गरेको जाँचबुझ समितिको प्रतिवेदनपछि उपयुक्त कदम चाल्न पनि आयोगले प्राधिकरणलाई सुझाएको छ। तर, यो समितिलाई प्राधिकरणले कुनै विवरण उपलब्ध नगराउने, बरु नियमन आयोगले नै जाँचबुझ गर्नुपर्ने राय दिएको छ। ऊर्जामन्त्री खड्काको जाँचबुझ आयोगमार्फत अनुसन्धान गर्ने चाहनालाई आयोगले बल पुऱ्याएको छ।

संक्षेप

नीति अनुसन्धान प्रतिष्ठानसँग सिएनआईको सहकार्य



काठमाडौं/ नेपाल उद्योग परिसंघ (सिएनआई) र नीति अनुसन्धान प्रतिष्ठान (पिआरआई)बिच नीतिगत विषयमा सहकार्य गर्ने समझदारी भएको छ। दुई संस्थाबिच उद्योग, सेवा र सम्बद्ध सबै क्षेत्रका सार्वजनिक नीतिहरू सान्दर्भिक अनुसन्धानमा सहकार्य गर्ने गरी समझदारी भएको हो।

परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले सरकारलाई अनुसन्धानमा आधारित रहेर नीतिगत सुझाव दिँदै आएको बताउँदै आउँदा दिनमा प्रतिष्ठानसँगको साझेदारीले सो कार्यलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे। प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थासँगको सहकार्यले विषयगत अनुसन्धानमा सहकार्यको संस्कृतिलाई बलियो बनाएको बताए। उनले प्रतिष्ठानले अनुसन्धानमा आधारित रहेर सरकारलाई सुझाव दिँदै आएकाले परिसंघसँगको सहकार्यले यस कार्यलाई थप बलियो एवं प्रभावकारी बनाउने विश्वास व्यक्त गरे।

नयाँदिल्लीमा नेपालको पर्यटन प्रवर्द्धन



काठमाडौं/ भारतको नयाँदिल्लीस्थित यशोभूमिमा दक्षिण एसियाकै ठुलो पर्यटन मेला 'साउथ एसिया ट्राभल एन्ड टुरिजम एक्सचेन्ज (एसएटिटिई), २०२५ सम्पन्न भएको छ। ७ फागुनदेखि आयोजित तीनदिने पर्यटन मेलामा ३५ हजारभन्दा बढी अवलोकनकर्तामाझ नेपालका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गरिएको थियो।

पर्यटन मेलामा सहभागी ३४ ट्राभल तथा टुरिजम कम्पनीले नेपालका पर्यटन सम्पदाहरू प्रस्तुत गरेको पर्यटन बोर्डले जनाएको छ। सो अवसरमा पर्यटन बोर्डले नेपालका गन्तव्यहरू प्रवर्द्धन गर्ने उद्देश्यसहित साइड इभेन्ट आयोजना गरेको थियो। साइड इभेन्टलाई सम्बोधन गर्दै पर्यटन बोर्डका सिइओ दीपकराज जोशीले भारतको विशाल जनसंख्यालाई लक्षित गर्दै नेपालमा धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन गर्न नयाँ रणनीति अवलम्बन गरेको जानकारी गराएका थिए। पर्यटन बोर्डको सहभागितामा सुदूरपश्चिम ट्राभल मार्ट, बौद्ध सर्किट, हिमालयन ट्राभल मार्टलगायत कार्यक्रम आयोजना हुँदै आएका छन्।

भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्माले नेपालमा भारतीय पर्यटकको आकर्षण बढ्दै गइरहेको सन्दर्भमा सडकमार्गबाट नेपाल भित्रिने पर्यटकको तथ्यांक व्यवस्थापन गर्न प्रभावकारी प्रणाली आवश्यक रहेको औंल्याए। उनले नेपालको पर्यटन प्रवर्द्धनका लागि नेपाली दूतावासले पर्यटन बोर्डसँग सहकार्य गरेर थप प्रभावकारी कार्यक्रम अघि बढाउने प्रतिबद्धता जनाए। साइड इभेन्टमा सहभागी भारतको उत्तर प्रदेश सरकारको पर्यटन विभागकी उपनिर्देशक प्रीति श्रीवास्तवले नेपाल-भारत पर्यटन प्रवर्द्धनलाई अझ सशक्त बनाउन संयुक्त कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता जनाइन्।

अनलाइनबाटै घर निर्माणको अनुमति



काठमाडौं/ सहरी विकास मन्त्रालयले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को सहयोगमा 'सुरक्षित भवन निर्माणका लागि नेपाल राष्ट्रिय भवन संहिता पालना प्रवर्द्धन परियोजना' सुरु गरेको छ।

यस परियोजनाले घरधनी, निर्माण व्यवसायी तथा प्राविधिकको ज्ञान र चेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने मन्त्रालयले जनाएको छ। नेपाल राष्ट्रिय भवन संहिताअनुरूप भवन निर्माण गर्दा हुनुपर्ने डिजाइन, निर्माण चरणमा हुने चेकजाँच, प्राविधिकको सुपरिवेक्षण क्षमता, निर्माण व्यवसायीको गुणस्तर कायम गर्ने क्षमतामा अभिवृद्धि गरी अब बन्ने घर तथा भवनहरूमा अझ प्रभावकारी ढंगले भवन संहिता लागू गराउन यस परियोजनाले सहयोग गर्ने जनाइएको छ।

काठमाडौं उपत्यकाका सातवटा स्थानीय तह (ललितपुर महानगरपालिका, टोखा नगरपालिका, महालक्ष्मी नगरपालिका, तारकेश्वर नगरपालिका, दक्षिणकाली नगरपालिका, सूर्यविनायक नगरपालिका र बागमती गाउँपालिका)लाई पाइलट नगरपालिकाका रूपमा छनोट गरी सन् २०२१ देखि यो परियोजना सुरु भएको थियो। परियोजनाले नगरपालिकामा भवन निर्माण अनुमतिका लागि आवेदन दिने, डिजाइन चेकजाँच गर्ने र निर्माणका क्रममा निरीक्षण गर्ने प्रक्रियामा सुधार गरी भवन संहिता र भवन निर्माण मापदण्ड पालनाको दर वृद्धि गरी भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने लक्ष्य राखेको छ।

व्यवसायी श्रेष्ठको 'व्यक्तित्व योगदान' पुस्तक सार्वजनिक



काठमाडौं/ चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठको जीवनीमा आधारित पुस्तक 'व्यक्तित्व योगदान' सार्वजनिक भएको छ। शुक्रबार प्रधानमन्त्री केपी ओलीले एक कार्यक्रमबिच ईश्वरलाल प्रतिष्ठानद्वारा प्रकाशित सो पुस्तक लोकार्पण गरेका हुन्।

पुस्तक लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले व्यावसायिक क्षेत्र र चेम्बर अफ कमर्सको संस्थागत विकासमा योगदान दिएका श्रेष्ठको व्यक्तित्व र कृतित्व नयाँ पुस्ताका लागि प्रेरणादायी हुने बताए। प्रधानमन्त्री ओलीले आफूहरू बोल्न नपाउने अवस्थाविरुद्ध लडेर आएकाले अभिव्यक्ति स्वतन्त्रताको अधिकार मिच्ने कुनै काम सरकारबाट नहुने स्पष्ट पारे। हिजो सँगै रहेर मस्यौदा गरेका केही मान्छेहरूले अहिले अभिव्यक्ति स्वतन्त्रता हनन हुन लाग्यो भनेर सामाजिक सञ्जालमा विधेयकविरुद्ध चर्का कुरा गरेर हल्ला गरेको उनको टिप्पणी थियो।

भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवालाई थप सुविधा

पहिलेदेखि आधा दर्जन छुट सुविधा लिइरहेका विमान कम्पनीलाई यात्रुसेवा र पर्यटन शुल्कबापत प्रतिटिकट चार हजार रुपैयाँको लागतमा पनि पूर्ण छुट दिने निर्णय

नवीन अर्याल/नयाँ पत्रिका

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा र पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवालाई थप आकर्षित गर्न सरकारले छुट सुविधा वृद्धि गर्ने निर्णय गरेको छ।

अन्तर्राष्ट्रिय हवाई टिकटमा लाग्दै आएको यात्रु सेवा शुल्कबापतको तीन हजार र पर्यटन शुल्कबापतको एक हजार रुपैयाँ छुट दिने निर्णय १९ चैतदेखि कार्यान्वयनमा आउने भएको नागरिक उड्डयन प्राधिकरण (क्यान)का सह्प्रवक्ता ज्ञानेन्द्र भुलले जानकारी दिए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेवा लिने यात्रुहरूको हकमा भने दुवै शुल्क यथावत् रहनेछ। सरकारले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि भदौ ०८३ सम्म छुट सुविधा दिने निर्णय गरेको हो।

भैरहवा र पोखराबाट हुने अन्तर्राष्ट्रिय टिकटमा यात्रुसेवा र पर्यटन शुल्क छुट दिने निर्णय कार्यान्वयनका लागि राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगममार्फत इन्टरनेसनल एयर ट्रान्सपोर्ट एसोसिएसन (आयटा)मा पत्राचार गरिसकेको भुलले बताए। निगम आयटाको सदस्य भएकाले उसैमार्फत शुल्क छुट दिइएको निर्णयबारे जानकारी गराइएको हो। अब आयटाले ग्लोबल डिस्ट्रिब्युसन सिस्टम (जिडिएस)मा अपडेट गरेपछि छुट कार्यान्वयनमा आउँछ। यो कार्यान्वयनमा आउन ४५ दिन लाग्ने उनको भनाइ छ।

भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवालाई दिइएको सुविधा

- ल्यान्डिङ, पार्किङ र नेभिगेसन शुल्कमा पूर्ण छुट
- हवाई इन्धनमा प्रतिकिलोलिटर एक सय अमेरिकी डलर सहुलियत
- ग्राउन्ड ह्यान्डलिङ सेवामा ७५ प्रतिशत छुट
- हवाई टिकटमा लाग्दै आएको यात्रुसेवा र पर्यटन शुल्कमा पूर्ण छुट
- भैरहवा र पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि दुवै विमानस्थलमा आन्तरिक विमानमार्फत उडान गर्ने यात्रुलाई लगेज सुविधा

मन्त्रिपरिषद्बाट २८ साउनमा स्वीकृत गरिएको गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन कार्यविधिमा हवाई टिकटमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) पनि पुनरावलोकन गर्ने निर्णय गरिएको छ। तर, कार्यविधि बनेको ६ महिना बितिसक्दासमेत भ्याट छुटको विषयमा अर्थ मन्त्रालयले निर्णय गरेको छैन। भ्याट छुटका लागि आर्थिक ऐन संशोधन गर्नुपर्ने हुन्छ।

'पर्यटन बोर्डले तत्कालै पर्यटन शुल्क हटाउने निर्णय गरेर पठाएको थियो, यात्रुसेवा शुल्क पूर्ण रूपमा छुट दिने निर्णय पनि बल्ल १० माघमा मात्रै राजपत्रमा प्रकाशित भएको थियो,' क्यानका सहप्रवक्ता भुलले भने, 'हामीले भ्याट, यात्रुसेवा र पर्यटन शुल्क छुटको निर्णय भएपछि एकैपटक आयटामा पत्राचार गर्ने योजना बनाएका थियौं, तर अर्थले भ्याट छुटबारे अझै निर्णय गरेको छैन, यसैले यात्रुसेवा र पर्यटन शुल्क छुट दिने निर्णय मात्रै कार्यान्वयनका लागि आयटामा पत्राचार गरेका छौं।' छुट कार्यान्वयनमा आएपछि काठमाडौंको तुलनामा भैरहवा र पोखराबाट हुने अन्तर्राष्ट्रिय उडानको यात्रा थप सस्तो हुनेछ। भैरहवा विमानस्थलबाट फ्लाई दुबई, जजिरा, थाई एयर एसिया र नेपाल एयरलाइन्सले नियमित उडान गरिरहेका छन्।

३५ दिने सूचना

ललितपुर महानगरपालिका वडा नं. १५ बस्ने मञ्जु लामाको पिता राम बहादुर लामाको मिति २०८१/०५/१७ गते मृत्यु भएको हुँदा निज मृतक राम बहादुरको हक खाने हकदारहरु मञ्जु लामा बाहेक कोहि भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पर्कमा आउनु होला भनि यो सुचना प्रकाशित गरेको छ।

मञ्जु लामा, सातदोबाटो वडा नं. १५

हजार युवाका लागि सीपमूलक तालिम सुरु

धनगढी उपमहानगरपालिकाको अगुवाइमा अटोमोबाइल, इलेक्ट्रोनिक, मोबाइल मर्मत, पेन्टिङ, मेकानिकल, आतिथ्य सत्कार, सौन्दर्य, लेखा व्यवस्थापन, सूचना प्रविधि, आर्ट एन्ड क्राफ्ट डिजाइनिङलगायतका विधामा निःशुल्क तालिम

धनगढीमा **तेजराज भट्ट**

कैलालीको धनगढीमा सीप तथा रोजगार मेला सुरु भएको छ। धनगढी उपमहानगरपालिकाको आयोजनामा सुरु भएको मेलामा सुदूरपश्चिम प्रदेशभरिका एक हजार ४० युवालाई विभिन्न विधाका सीपमूलक तालिम दिइने उपमहानगरले जनाएको छ।

मेलामा युवाहरूलाई ४० दिनसम्म सीपमूलक तालिम दिइनुका साथै तालिमपछि रोजगारीको सुनिश्चितताका लागि रोजगार प्रदायकसँग छलफलसमेत गरिने उपमहानगरले जनाएको छ। दक्ष जनशक्ति तयार गर्ने गरी सीपमूलक तालिमको आयोजना गरिएको नगर प्रमुख गोपाल हमालले बताए। रोजगारदाताले माग गरेको जनशक्ति तयार गर्ने गरी तालिम दिन लागिएको उनले बताए।





● **गोपाल हमाल**, प्रमुख, धनगढी उपमहानगरपालिका

मेलामा युवाहरूलाई ४० दिनसम्म सीपमूलक तालिम दिइनुका साथै तालिमपछि रोजगारीको सुनिश्चितताका लागि रोजगार प्रदायकसँग छलफलसमेत गरिनेछ। दक्ष जनशक्ति तयार गर्ने गरी सीपमूलक तालिमको आयोजना गरिएको हो।

उपमहानगरका अनुसार ४० दिनसम्म सञ्चालन हुने तालिममा सहभागिताका लागि प्रदेशभरिबाट चार हजार आठ सय ३० ले आवेदन दिएका थिए। त्यसमध्ये अन्तर्वार्ताबाट एक हजार ४० जनालाई छनोट गरिएको हो। अटोमोबाइल, इलेक्ट्रोनिक, मोबाइल मर्मत, पेन्टिङ, मेकानिकल, निर्माण, आतिथ्य सत्कार, सौन्दर्य, लेखा व्यवस्थापन, सूचना प्रविधि, आर्ट एन्ड क्राफ्ट डिजाइनिङलगायतका विधामा निःशुल्क तालिम दिन लागिएको छ।

मेलाको संयोजकसमेत रहेका तालिम तथा रोजगार व्यवसायी महासंघ, सुदूरपश्चिम प्रदेशका अध्यक्ष प्रमोद पाठकले तालिमले बजारमा आवश्यक दक्ष जनशक्ति आपूर्तिमा सहयोग पुग्ने बताए।

लेखा परीक्षक एकराज सिग्देल, E.R. Sigdel & Associates, Chartered Accountant लाई लेखा परीक्षकबाट हटाउने बारेको सार्वजनिक सूचना

नेपाल राष्ट्र बैंकबाट व्यवस्थापन नियन्त्रणमा लिई सञ्चालन भइरहेको यस लघुवित्त संस्थाको आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षण गर्न वाह्य लेखापरीक्षकको रुपमा तपाई श्री एकराज सिग्देल E.R. Sigdel & Associates, Chartered Accountant लाई लेखा परीक्षक नियुक्त गरिएकोमा आजको मितिसम्म पनि कम्पनी ऐन, २०६३ को दफा ११५(१) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६२ को उपदफा (३) र दफा ६६ को उपदफा (१) को खण्ड (ख) बमोजिम लेखापरीक्षण प्रतिवेदन उपलब्ध नगराएको सम्बन्धमा तपाईलाई पटक पटक फोन सम्पर्क, ईमेल तथा लिखित रुपमा पत्राचार गर्दा समेत लेखा परीक्षण प्रतिवेदन नबुझाएकोले मिति २०८१/१०/०८ को पत्रबाट आर्थिक वर्ष २०७७/७८ को वाह्य लेखा परीक्षकबाट किन नहटाउने भनि तपाईको इमेल ठेगाना ersigdel@gmail.com पत्राचार गरिएकोमा कुनै प्रतिउत्तर प्राप्त नभएको तथा संस्थालाई उपलब्ध गराएको ठेगानामा हुलाक मार्फत् पत्राचार गर्दा पत्र बुझ्न नमानेको जानकारी प्राप्त हुन आएको हुँदा तपाईले लामो समयसम्म लेखा परीक्षण प्रतिवेदन नबुझाई संस्थालाई असहयोग गरेको, आफ्नो काम र कर्तव्य पालना नगरेको तथा लेखा परीक्षकको नियुक्ती लिएपश्चात् गर्नुपर्ने व्यवसायिक आचरण समेत पुरा नगरेको हुँदा **कम्पनी ऐन, २०६३ को दफा ११९(२) बमोजिम यस संस्थाको आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षकबाट हटाई कानुनी कारवाहीको लागि सिफारिस किन नगर्ने ?** लेखा परीक्षकबाट हटाउनु नपर्ने र कारवाहीको लागि सिफारिस गर्नु नपर्ने कुनै कारण भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र लिखित स्पष्टिकरण दिनुहोला। तपाईको जवाफ प्राप्त नभएमा वा चित्त बुझ्दो नभएमा लेखा परीक्षकबाट हटाई सम्बन्धित निकायमा कानुनी कारवाहीको लागि समेत सिफारिस गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

सुपर लघुवित्त वित्तीय संस्था लि.
SUPER LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजतपत्र प्राप्त संस्था, प्रदेश नं. ५ कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय तुलसीपुर-६ दाङ, सम्पर्क फोन: ०८२-५२३३२७

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १० फागुन ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

पौडीले दिलाएको त्यो 'सरप्राइज स्वर्ण'

सन् १९९९ मा काठमाडौंमा भएको आठौं दक्षिण एसियाली खेलकुद (साफ)मा ३१ स्वर्णका साथ नेपालले प्रतियोगितामा दोस्रो स्थान बनायो। २६ वर्षअघिको सो प्रतियोगितामा घरेलु महिला पौडीबाजले रिले इभेन्टमा आश्चर्यचकित बनाउँदै स्वर्ण दिलाएका थिए। तीमध्ये एक थिइन्, नयना शाक्य। प्रतियोगिता सुरु हुनुअघि पौडीले कांस्य पदकसम्म जित्ने अनुमान थियो। रिलेमा भारत र श्रीलंकाली खेलाडी 'अयोग्य' ठहरिएपछि नेपालले स्वर्ण जितेको हो। साफमा पहिलोपटक स्वर्ण जितेको स्मरण अहिले पौडीकी प्रशिक्षक रहेकी शाक्यले नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**लाई यसरी सुनाइन् :



आठौं साफमा स्वर्ण पदक जितेपछि नयना शाक्य (बिचमा)

अन्तिम टाइमिङ सार्वजनिक हुँदा शीर्ष दुई स्थानमा रहेका भारत र श्रीलंकाली 'अयोग्य' ठहरिएपछि तेस्रो स्थानमा रहेको नेपालले स्वर्ण पदक जितेको हो

सन् १९९९ मा काठमाडौंमा आठौं दक्षिण एसियाली खेलकुद (साफ) आयोजना भएको थियो। नेपालले दोस्रोपटक साफ आयोजना गर्ने अवसर पाउँदा घरेलु खेलाडी धेरै आत्मविश्वासी थिए। साफमा स्विमिङको विधा पनि समावेश थियो। प्रतिस्पर्धाका लागि छनोट हुँदा म १५ वर्षकी थिएँ। नेपालले १२ विभिन्न खेल समावेश गरेको थियो। राज्यले राम्रो प्रशिक्षणको व्यवस्था मिलाएको थियो। स्विमिङको प्रारम्भिक चरणमा १५ पुरुष र १० महिला खेलाडी थिए। हामीले साफकै लागि बनेको सातदोबाटोमा नयाँ स्विमिङ पुलमा प्रशिक्षण गर्थ्यौं। हामीलाई चिनियाँ प्रशिक्षकले दुई महिना जति प्रशिक्षण गराएको जस्तो लाग्छ। उहाँबाट धेरै सिक्ने अवसर पाएँ।

साफ सुरु हुनु दुई महिनाअघि नयाँदिल्लीमा अन्तर्राष्ट्रिय पौडी भयो। यो साफको अन्तिम तयारीजस्तो थियो। सहभागी खेलाडीमध्ये म एक किसिमले अलराउन्डरजस्तै थिएँ। स्विमिङको मुख्य विधा मानिने ब्रेक स्टोक, रिले र बटरफ्लाईमा मेरो प्रदर्शन राम्रो भयो। साफमा छनोट हुँदा म स्विमिङकै कान्छी खेलाडीजस्तै थिएँ। नयाँदिल्लीमा तेस्रो स्थान हात पार्दै फर्किएँ।

यसबिच फेरि आठौं साफको तयारीमा रहेका खेलाडीलाई नेपाली र चाइनिज प्रशिक्षकबाट प्रशिक्षण भएको थियो। राष्ट्रिय खेलकुद परिषद्ले क्लोज क्याम्पमा रहेका विभिन्न खेलका खेलाडीलाई होटेलमा राखेको थियो। हामी स्विमिङ टोली ठमेलमा बसेका थियौं। हाम्रो समयमा अहिलेजस्तो सुविधा कहाँ थियो र ? त्यतिवेला ६ महिना स्विमिङ गर्ने अनि बाँकी ६ महिना सुत्ने हो। त्यो समयमा अहिले हिटिङ स्विमिङको व्यवस्था थिएन। अहिले १२ महिना नै खेलाडीले प्रशिक्षण गर्ने मौका पाएका छन्। अहिले आफ्नो फिटनेस बनाउन खेलाडी बाहिर गएर प्रशिक्षण गर्छन्। हामीले गौरिका सिंह र डुवाना लामाजस्ता खेलाडी पाएका छौं। उनीहरू बाहिर नै अभ्यास गरिरहेका छन्। यद्यपि, प्राप्त सुविधामै हामीले नवौं साफको तयारी गर्‍यौं।

स्विमिङबाट कांस्यको आशा

नवौं साफको स्विमिङमा नेपाल, भारत, श्रीलंका, बंगलादेश र पाकिस्तानले प्रतिस्पर्धा गरेका थिए। रिलेमा हामी दक्षिण एसियाकै बलियो टोली थियौं। सम्भवतः यसकारण नै पदक आउँछ भन्ने सबैलाई रहेछ। रिलेबाहेक अन्य विधामा भारत र श्रीलंका बलिया प्रतिस्पर्धी थिए। राम्रो एक्सपोजर पाएका भारत र श्रीलंकाली खेलाडीविरुद्ध स्वर्ण जित्नु भनेको दिउँसै सपना हेर्नुजस्तो थियो। हाम्रो भने स्वर्णपदक जित्ने किसिमले तयारी थिएन।

दशरथ रंगशालामा साफको आधिकारिक रूपमा उद्घाटन हुँदा अलि दबाबको महसुस गरेँ। सम्भवतः करिअरकै सबैभन्दा ठुलो मेघा इभेन्टमा राष्ट्रको प्रतिनिधित्व गरेकी थिएँ। फेरि त्यसमा पदक आउने वा नआउने केही टुंगो थिएन। तर, कम्तीमा साफको कांस्य पदक झुन्ड्याउने रहर भने थियो। बिस्तारै खेल नजिकिँदै थियो, व्यक्तिगत रूपमा कस्तो प्रदर्शन हुन्छ भन्ने डर थियो।

हेर्दा-हेर्दै स्विमिङको पनि इभेन्ट सुरु भयो। पौडी खेल दरशथ रंगशालाको पौडी पोखरीमा भएको थियो। इतिहास बोकेको त्यो पौडी पोखरीको अहिले अस्तित्व हराएको छ। अहिले पनि राखेपको पौडी पोखरीनजिक पुग्दा मेरो मन भावुक हुन्छ। किनभने, मैले यही पोखरीमै ऐतिहासिक स्वर्ण पदक जितेकी थिएँ।

अन्तिम टाइमिङको प्रतीक्षा

स्विमिङको मुख्य स्पर्धाको दिन होटेलदेखि पौडी पोखरीसम्मको यात्राक्रममा अनेकौं कुरा खेलिरहेका थिए। भर्खरकी १५ वर्षीया पौडी खेलाडीले साफमा कस्तो नतिजा हात पार्छे ? आशा गरेको जस्तो पदक आउँछ वा आउँदैन ? कहींकतै पौडी पोखरीमा नर्भस हुने होइन ? यस्तै किसिमले मनमा कुरा खेलाउँदै गएकी थिएँ। कति खेर राखेपको पौडी पोखरीमा पुगेँ मेसो नै पाइनँ। हाम्रो खेल हेर्न मन्त्री, राखेपका पदाधिकारी, संघका पदाधिकारीहरू उपस्थित भएका थिए।

हामीले रिले इभेन्ट्समा प्रतिस्पर्धा गर्‍यौं। नेपालको टोलीमा मसँगै स्तुति सिंह, रुबिना प्रधान र रुना प्रधान थिए। रुबिना र रुना दिदी-बहिनी हुनुहुन्थ्यो। रिलेमा भारत र श्रीलंकाका खेलाडी राम्रा थिए। उनीहरूलाई चुनौती दिन गाह्रो थियो। आशा गरेको जस्तै हामीले घरेलु समर्थकमाझ कांस्य पदक जित्यौं। हाम्रो टाइमिङ कांस्य पदकको थियो। तर, खेलको अन्तिम नतिजा आउन बाँकी थियो। पौडी पोखरीमै अन्तिम टाइमिङ प्रतीक्षा गर्‍यौं।

अरूभन्दा पनि खेलाडीको व्यक्तिगत टाइमिङ कस्तो होला भन्ने थियो। यस रिले इभेन्टमा नेपालको कांस्य पक्का-पक्की नै भइसकेको थियो। केही बेरको पर्खाइपछि पौडी पोखरीमा एउटा हल्ला चल्यो। भारत र श्रीलंकाली खेलाडीको 'टिम डिसक्वालिफाइड' भयो रे ! यस्तो भनाइ सुनेँ, 'भारत र श्रीलंकाली खेलाडीले छिट्टै डाइभ लगाए, सेलेब्रेसन चाँडै गरे र अन्तिम टर्चलाइन नै छोएनन् रे।' केही समयसम्म यस्तै हल्ला सुनिएको थियो। थोरै अन्तरले नेपाल तेस्रो भएको छ भन्ने रह्यो। हामी यसैमा खुसी थियौं।

नतिजा देख्दा सबै 'सरप्राइज'

अन्ततः प्रतीक्षाको घडी समाप्त भयो। आधिकारिक रूपमा अन्तिम नतिजा आयो। एक क्षण सपना वा विपनाजस्तै लाग्यो। पौडी पोखरीमा रहेका खेलाडी, समर्थक, अफिसियल आदि 'सरप्राइज'जस्तै भए। तेस्रो स्थानमा रहेको नेपाल एकैपटक शीर्ष स्थानमा पुगेको थियो। यो भनेको नेपालले अब कांस्य नभएर स्वर्ण पदक जितेको थियो। अरे ! यो कसरी सम्भव भयो त ? अघि जस्तो हल्ला सुनेकी थिएँ, आखिरमा त्यस्तै भएको रहेछ। भारत र श्रीलंकाली खेलाडी रिलेमा 'अयोग्य' भएका रहेछन्। अफिसियलले दुवै राष्ट्रका खेलाडीलाई अनुशासनको कारबाही गरेका थिए।

स्विमिङको नियम र अनुशासन कडा नै छ। यसमा खेलेर मात्र हुँदैन, खेलाडीले अनुशासित रूपमा प्रतिस्पर्धा गर्नुपर्छ। खेलाडीले कतिको अनुशासन पालना गरेको छ, सबै हेरिन्छ। खेलमा अन्तिम लाइन टर्च गरेको विषय आउँछ। एक खेलाडीले आफ्नो प्रतिस्पर्धीलाई बिचमै रोक्ने काम गर्नुहुँदैन। त्यस्ता पक्ष खेलाडीले ध्यान दिनुपर्छ। स्वर्ण जितेको भारत र रजत हात पारेका श्रीलंकाली खेलाडी अयोग्य घोषित हुँदा हामीले स्वर्ण पदक चुम्यौं।

राष्ट्रिय गानको धुन बजेको समयमा स्वर्ण पदक झुन्ड्याइरहँदा खुसीले गद्गद भएकी थिएँ। किनभने, यो स्वर्ण हाम्रो भाग्यमा थिएन। हामीले केवल कांस्य पदकसम्म लक्ष्य राखेका थियौं। त्यो स्वर्ण 'सरप्राइज गिफ्ट'जस्तै थियो। यद्यपि, साफमा स्वर्ण जितेपछि खुसीको सीमा नै भएन। त्यो ऐतिहासिक क्षण सम्झँदा अहिले पनि रोमाञ्चित हुने गर्छु। भारत र श्रीलंकाली टोली 'अयोग्य' हुँदा विवाद नहुने कुरै भएन। जर्ज प्यानलले सबै प्रस्ट पार्नुभएको थियो। उनीहरूले नेपाललाई स्वर्ण दिलाउन यस्तो गरेको भन्ने आरोप लगाएका थिए। तर, अन्तिम निर्णय जर्ज प्यानलकै हुन्छ।

कानको समस्याले बास्केटबलतिर लागेँ

मैले कानको समस्या सेयर नै गरिनँ। १८-१९ वर्षको उमेरमै पानीभित्र छिर्दा कान पाक्ने, पिप जम्ने र छालामा समस्या आउन थाल्यो। डाक्टरहरूले स्विमिङ खेल्न नमिल्ने भनेपछि मानसिक दबाब भयो। मलाई यो खेल छाड्न मन थिएन। धेरैले केही समय स्विमिङबाट 'ब्रेक' लिन सुझाव दिए। पब्लिक युथ कलेजमा पढ्दा बास्केटबल पनि खेल्ने गरेकी थिएँ। सन् २००४ देखि बास्केटबल खेल्न थालेकी हुँ। बास्केटबलमा छोटो समयमै सफल भएँ। स्विमिङ नखेल्दा बास्केटबलमा धेरै सुधार भयो। श्रीलंकामा बिच बास्केटबल हुने भयो। बास्केटबलका प्रशिक्षक हुनुहुन्थ्यो विकास। उहाँले बिच बास्केटबल खेल्न तयार हुनुपर्छ भन्नुभयो। श्रीलंका जाने चारजना खेलाडीको टोलीमा म पनि छनोट भएँ। नेपाल बास्केटबल संघका तत्कालीन अध्यक्ष लामा टेन्डी शेर्पा सरले मलाई कप्तानी जिम्मेवारी दिनुभयो।

■ भद्रपुर झापा गोल्डकप

पुलिसलाई हराउँदै भद्रपुर ब्लेजर्स सेमिफाइनलमा

दुई मिनेट सम्हालिन नसक्दा पुलिस आयोजक भद्रपुरसँग २-१ ले पराजित हुँदै बाहिरियो

झापामा **चिरञ्जीवी घिमिरे**

आयोजक भद्रपुर ब्लेजर्सले नेपाल पुलिस क्लबलाई २-१ ले पराजित गर्दै भद्रपुर झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। मेची रंगशालामा शुक्रबार आयोजक भद्रपुरलाई अन्तिम चारमा पुऱ्याउने क्रममा स्ट्राइकर मिलन राईले दुई गोल गरेका थिए। पुलिसका प्रशान्त कुँवरले एक गोल फर्काए। भद्रपुरले दुई मिनेटको अन्तरमा दुई गोल गर्दा पुलिस पहिलो खेलबाटै प्रतियोगिताबाट बाहिरिएको हो।



गत साता २४औं आहारारा गोल्डकपको उपविजेता बनेको पुलिसविरुद्ध मिलनले खेलको ७२औं र ७४औं मिनेटमा गोल गरेका थिए। भद्रपुरका कप्तान आशिष चापागाईंले दिएको पासमा डिबक्सभित्र अनमार्क रहेका मिलनले उत्कृष्ट फिनिसिङ गरे। खेलको ७४औं मिनेटमा भद्रपुरले पेनाल्टी पायो। पुलिसका डिफेन्डर मानबहादुर परियारले भद्रपुरका कप्तान आशिषलाई पेनाल्टी क्षेत्रमा लडाएका थिए। प्राप्त पेनाल्टीमा मिलनले गोल गर्दै टोलीलाई २-० को अग्रता दिलाए। खेलको अन्तिम इन्जुरी समयमा पुलिसका प्रशान्तले खेललाई २-१ को अवस्थामा फर्काए।

इन्जुरी समयअगाडि मैदानमा प्रवेश गरेका प्रशान्तले भद्रपुरका गोलरक्षक जियारथ शेखको गल्तीमा गोल गरेका थिए। डिफेन्डर कुलदीप कार्कीले दिएको ब्याक पासलाई गोलरक्षक जियारथले क्लियर गर्न नसक्दा प्रशान्तले उत्कृष्ट फिनिसिङ गरे। घरेलु फुटबलमा गर्विलो इतिहास बोकेको पुलिसले नाम चलेका स्वदेशी र विदेशी खेलाडीको साथ पाएको भद्रपुरविरुद्ध पहिलो हाफमा राम्रो गर्न सकेन।

पछिल्लो समय मोफसलमा निरन्तर गोल्डकप आयोजना हुँदा खेलाडीले आराम गर्न पाइरहेका थिएनन्। यसको प्रभाव शुक्रबारको खेलमा प्रस्ट देखियो। काठमाडौंमा हुन लागेको केपी ओली कपका लागि पुलिसले टोली तयार गरिरहेको छ। भद्रपुर गोल्डकपमा पुलिसको पहिलो सेट थियो।

घरेलु दर्शकको साथ पाएको भद्रपुरले केही आक्रमण बुन्यो। खेलको ४१औं मिनेटमा भद्रपुरका प्रताप राईले डिबक्सभित्र उत्कृष्ट प्रहार गरेको बल बारमा लाग्यो। खेलको ४५औं मिनेटमा पुलिसका गोलरक्षक अमित टमाटलाई बिट गर्दै भद्रपुरका मिलन राईले गरेको प्रहारलाई हेमन्त श्रेष्ठले गोल लाइनबाटै बचाए। खेलको ६०औं मिनेटमा अनमार्क रहेका भद्रपुरका कप्तान आशिषले फ्रेममा बल प्रहार गर्न सकेनन्। प्रतियोगिताको शनिबार 'बी' डिभिजन लिगको तयारी गरिरहेको झापा ११ र 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेडबिच खेल हुने आयोजकले जनाएको छ।

सेमिफाइनलमा खेल सुधार हुनेछ

अर्जुन राई, सहायक प्रशिक्षक, भद्रपुर ब्लेजर्स

सुरुमा केही कमजोरी भयो। हामीले फिनिसिङमा राम्रो गर्न सकेनौं। त्यसपछि रणनीतिअनुसार खेल्दा स्कोर निस्कियो। पुलिसविरुद्ध खेलाडीले राम्रो खेले। हामीलाई घरेलु मैदानको साथ रह्यो। टोलीमा आबद्ध विदेशी खेलाडीको पनि भूमिका राम्रो रह्यो। एक दिनको आरामपछि प्रतिस्पर्धा गर्दा केही सजिलो भएको छ। अब सेमिफाइनलमा खेल सुधार हुन्छ। राम्रो तयारी र रणनीतिका साथ खेल्छौं।

खेलाडीले मौकाको सदुपयोग गरेनन्

सुमन सुवेदी, प्रशिक्षक, पुलिस

झापामा हामी जित्ने लक्ष्य लिएर आएका थियौं। प्रतिस्पर्धा ५०-५० प्रतिशत थियो। हामीले सुरुमै पाएको अवसर सदुपयोग गर्न सकेनौं। यसैकारण खेल गुमायौं। लिगका लागि आईजिपी कपबाट छनोट भएका खेलाडीलाई मौका दिइरहेका छौं। हाम्रो डिफेन्समा केही कमजोरी भयो। प्रतिस्पर्धामा सुरुको गोल सामान्य गल्तीमा भएको थियो। खेलाडीले राम्रो खेल प्रदर्शन गरेका हुन्।

दक्षिण अफ्रिकाको फराकिलो जित

एजेन्सी

दक्षिण अफ्रिकाले आइसिसी च्याम्पियन्स ट्रफीमा अफगानिस्तानलाई १०७ रनको फराकिलो अन्तरले पराजित गरेको छ। समूह 'बी'मा जितका साथ दक्षिण अफ्रिकाले दुई अंक जोडेको छ। पाकिस्तानको कराँचीमा शुक्रबार दक्षिण अफ्रिकाले पहिलो ब्याटिङ गरी ५० ओभरमा ६ विकेट गुमाएर ३१५ रन बनाएको थियो। प्रत्युत्तरमा अफगानिस्तान ४३.३ ओभरमा २०८ रनमा अलआउट हुँदा दक्षिण अफ्रिका १०७ रनले विजयी भएको हो।



दक्षिण अफ्रिकाका ओपनर रियान रिकेल्टनले शतकीय योगदान दिएका थिए। उनले १०६ बलमा १०३ रन जोडे। यसक्रममा उनले सात चौका र एक छक्का प्रहार गरेका थिए। दक्षिण अफ्रिकाको ब्याटिङ इनिङ्समा तीन खेलाडीले अर्धशतक बनाए। कप्तान टेम्बा बभुमाले ७६ बलमा ५८ रन बनाए। यसैगरी, भान डे डुसानले आक्रामक ब्याटिङ गरी ४६ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ५२ रनको योगदान दिए। एडेन मार्क्रामले ३६ बलमा ६ चौका र एक छक्काको सहयोगमा ५२ रन बनाए।

दक्षिण अफ्रिकाका लागि रिकेल्टन र टेम्बाबिच दोस्रो विकेटका लागि १४२ बलमा १२९ रनको साझेदारी भएको थियो। यसैगरी, भान डे र रिकेल्टनले तेस्रो विकेटका लागि ४३ बलमा ४७ रन जोडेका थिए। डेभिड मिलर आक्रामले ३२ बलमा ५० रनको साझेदारी गरेपछि दक्षिण अफ्रिकाले बलियो तीन सय रनको योगफल कटाएको हो।

दक्षिण अफ्रिकाविरुद्ध रहमतको अर्धशतक

अफगानिस्तानको ब्याटिङमा मध्यक्रमका रहमत साहले मात्र अर्धशतकीय इनिङ्स खेलेका थिए। अफगानिस्तानको ब्याटिङमा आउने उनी अन्तिम खेलाडी बने। उनले ९२ बलमा नौ चौका र एक छक्का प्रहार गरी ९० रन बनाए। दक्षिण अफ्रिकाले कुनै पनि विकेटका लागि गतिलो साझेदारी बनाउन सकेन। बलिङमा कार्डिसो राडवाले ८.३ ओभरमा ३६ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। लुन्गीले ५६ रनमा दुई र वाआनले ३६ रनमै समान दुई विकेट हात पारे।

विश्वकप विजेता इटालियन गोलरक्षक बुफानो नेपाल आउने

नयाँ पत्रिका

सन् २००६ को फिफा विश्वकप फुटबल प्रतियोगिताको उपाधि इटालीलाई दिलाएका गोलरक्षक जियानलुजी बुफानो नेपाल आउने भएका छन्। विश्व फुटबलकै उत्कृष्ट गोलरक्षक मानिने इटालीका पूर्वकप्तानसमेत रहेका बुफानो केपी ओली कप फुटबल प्रतियोगिता हेर्न आउन लागेको राष्ट्रिय युवा संघ नेपालका सचिव निरोज पौडेलले नयाँ पत्रिकालाई जानकारी दिएका छन्।



'केपी ओली कपमा विश्व च्याम्पियन गोलरक्षक तथा कप्तान बुफानो आउने पक्का भएको छ, हामीले यसका लागि सम्झौतासमेत गरेका छौं,' पौडेलले भने, 'उहाँको आगमनले प्रतियोगिताको एउटा हाइट लिनेछ।' तेस्रो केपी ओली कप ११ देखि १९ फागुनसम्म हुनेछ। पौडेलका अनुसार बुफानोले दशरथ रंगशालामा हुने फाइनल खेल हेर्नेछन्।

यसअघि युवा संघले ब्राजिलका रोनाल्डिन्हो र रोबर्टो कार्लोसलगायतलाई नेपाल ल्याउने प्रस्ताव राखेको थियो। दुई ब्राजिलियन खेलाडी नआउने भएपछि बुफानोलाई प्रस्ताव गरेको पौडेलले बताए। 'हाम्रो प्रस्ताव सहजै उहाँले स्विकार्नुभयो।' नेपालको छोटो बसाइका क्रममा बुफानोले प्रधानमन्त्रीदेखि शीर्ष नेताहरूसँग भेटघाट गर्नेछन्। साथै, उनले सगरमाथा र लुम्बिनीको भ्रमण गर्ने पौडेलले बताए।

बुफानोले कीर्तिमानी १७६ अन्तर्राष्ट्रिय क्याप जितेका छन्। उनी सर्वाधिक अन्तर्राष्ट्रिय खेल खेल्ने गोलरक्षक हुन्। उनले इटालीका लागि ८० खेलमा कप्तानीसमेत गरे। बुफानोले सन् १९९८ देखि २०१४ सम्म लगातार पाँच विश्वकप खेलेका थिए। तेस्रो केपी ओली कपमा दुई विदेशीसहित नौ टोलीले प्रतिस्पर्धा गर्नेछन्। क्वार्टरफाइनलसम्मका खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुनेछ। सेमिफाइनल र फाइनल खेल दशरथ रंगशालामा हुनेछ।

नेपाल भारत मैत्री संघ
Nepal India Friendship Association
केन्द्रीय, कार्यालय : लाखेचौर मार्ग, मध्यबानेश्वर, काठमाडौं, फोन नं. : ०१-४४६१८६३

अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८१/११/१०

नेपाल भारत मैत्रीसंघ केन्द्रिय समितिको मिति २०८१/८/१५ को निर्णयअनुसार केन्द्रिय मैत्रीसभा मिति २०८१/१२/१० र ११ गते काठमाडौमा आयोजना गरिने भनी सूचना प्रकाशन तथा निर्देशन सहितको पत्राचार गरिएकोमा मिति २०८१/११/०७ गते कार्यसमितिको अध्यक्षज्युको अध्यक्षतामा बसेको आकास्मीक जुम बैठकको निर्णयअनुसार केन्द्रिय मैत्रीसभा निम्न मिति र स्थानमा आयोजना गरिने हुंदा संघसंग आवद्ध जिल्ला शाखा र उप शाखा, केन्द्रिय समितिका पदाधिकारी तथा सदस्यहरू एवम केन्द्रिय मैत्रीसभा सम्बन्धि विवरण, नेपाल भारत मैत्री संघको विधान २०३८ (पाँचौ संसोधन २०७८ परिच्छेद ४ दफा १४ (ड) बमोजिम यो सूचना आवश्यक जानकारी एवम कार्यार्थ अनुरोध छ।

तपसिल

१) केन्द्रिय मैत्रीसभा हुने मिति र स्थान : २०८१/१२/२९ र ३० गते काठमाडौमा
२) कार्यसमिति/मैत्रीसभा मिति २०८१/११/२९ गते भित्र सपन्न गरी सक्नु पर्ने।
३) शाखा तथा उपशाखाहरूले मिति २०८१/१२/०२ भित्र केन्द्रमा आईपुग्ने गरी पठाउन पर्ने विवरणहरू :
क) कार्यसमिति/मैत्री सभा सम्पन्न गरी आजिवन सदस्यहरू मध्ये ४ प्रतिसत प्रतिनिधीको नाम थर सम्पर्क नं.।
ख) कार्य समितिको बैठकवाट एक महिला समेत ३ जना प्रतिनिधी छनौट गरी प्रतिनिधीको नाम थर सम्पर्क नं.।
ग) जिल्ला कार्य समितिका अध्यक्ष र उपशाखाका अध्यक्ष पदेन प्रतिनिधी हुने हुंदा निजहरूको नाम थर सम्पर्क नं.।
घ) विध्यमान विधानमा संसोधन आवश्यक भएमा कार्य समितिमा छलफल गरी सुझाव पठाउने।
४) प्रत्येक प्रतिनिधीको रु ५०० का दरले शाखा उपशाखाले यस संघको कृषि विकास बैकमा रहेको खाता नं ०२१०१०००१७८३८०११ मा रकम जम्मा गरी भौचर सहित उपस्थिति भए पछी मात्र प्रतिनिधीको रुपमा नाम दर्ता गरिने छ।
५) समय भित्र उपरोक्त विवरण प्राप्त नभएमा केन्द्रिय मैत्री सभामा सहभागी गराउन संघ असमर्थ हुने छ। शाखा उपशाखानै यसको जिम्मेवारी हुने छ।
६) यस सम्बन्धि थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. वा निम्न व्यक्तिहरू संग सम्पर्क गर्न हुन।
१) श्री बोधकृष्ण सुवेदि: ९८५१०४५८२८
२) रमेश प्रसाद अधिकारी : ९८४१३३०२१०
३) जय कुमार ढकाल: ९८५४०२३५२९
४) विश्वराम श्रेष्ठ: ९८४१९९४८३३
५) चम्पा चौधरी: ९८४९७३०८३४

महासचिव

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।





बसन्त राज कुँवर
रिहुयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईंको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com